# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (प्रदेश नं.- १)

## वार्षिक प्रतिवेदन
## (आ.व.२०७८/७९)




## नेपाल राष्ट्र बैंक
### विराटनगर कार्यालय
(२०७९ मंसिर)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३) को अधिनमा रही नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जाको विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, प्रशोधन तथा विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्दै आएको छ ।

यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)"** मा आधारित भई तयार पारिएको छ । प्रदेश नं. १ को आर्थिक गतिविधि अध्ययनको लागि प्रदेश नं. १ अन्तर्गतका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) मा भएका कृषि बाली तथा पशुपंक्षीको उत्पादन, मत्स्यपालन, सिँचाइ, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंक तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था, ती क्षेत्रहरुमा रहेका चुनौती तथा सम्भावनालाई समेटी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा प्रदेश नं. १ अन्तर्गतका १४ वटै जिल्लाहरुमध्ये १२ जिल्लाबाट स्थलगत तथा बाँकी २ जिल्लाबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क संकलन गरिएको छ भने आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रहरुका चरहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । विशेष गरी विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय सस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना संकलन गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी क्षेत्रको विश्लेषण गरिएको छ । त्यसैगरी, यस प्रतिवेदनमा विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न विभिन्न फर्म तथा उद्योग प्रतिष्ठानबाट प्राथमिक तथ्याङ्क संकलन गरी Case study समेत समावेश गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा चालु वर्षको परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनु हुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उप-निर्देशक श्री मनोज गुरुङ्ग, सहायक निर्देशक श्री निर्जल घिमिरे, प्रधान सहायकहरु श्री सम्झना अधिकारी, श्री मोहन कुमार योङहाङ, श्री सरोज कटुवाल, श्री प्रदिप घिमिरे र श्री सुजन विश्वकर्मालाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**मीना पाण्डे**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, विराटनगर**

# विषय-सूची

| शीर्षक | पेज नं. |
|---|---|
| **भूमिका** | **क** |
| **विषय सूची** | **ख** |
| **तालिका सूची** | **घ** |
| **चार्टसूची** | **ङ** |
| **कार्यकारीसारांश** | **च** |
| **परिच्छेद १ : अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ अध्ययनको उद्देश्य | १ |
| १.३ अध्ययन विधि | १ |
| १.४ अध्ययनको सीमा | २ |
| १.५ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | **३** |
| २.१ राष्ट्रिय स्थिति | ३ |
| २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.३ अन्तरप्रदेश तुलना | ४ |
| २.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ७ |
| **परिच्छेद ३ : कृषि क्षेत्र** | **९** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| ३.२ कृषि उत्पादन | ११ |
| *प्रदेश नं. १ को ठुलो व्यवसायिक तरकारी उत्पादनकर्ता : मामा भान्जा कृषि फर्म* | १५ |
| ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १७ |
| ३.४ सिँचाइ तथा मौसम | १८ |
| ३.५ क्षेत्रगत कृषि कर्जा | २० |
| ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | २१ |
| *बुद्ध एयरद्वारा प्रवर्द्धित आरजु राईस मिल: एक अध्ययन* | २५ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **२७** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी | २७ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | ३० |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | ३१ |

**परिच्छेद ५: सेवा क्षेत्र** ३३

५.१ पर्यटन ३३

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट ३४

५.३ वित्तीय सेवा ३६

५.४ यातायात तथा सञ्चार ४२

५.५ शिक्षा तथा स्वास्थ्य ४३

५.६ सेवा क्षेत्र कर्जा ४४

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ४५

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** ४८

६.१ पूर्वाधार क्षेत्र ४८

६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ५२

६.३ रोजगारी ५३

६.४ प्रधानमन्त्री रोजगार कार्यक्रमका चुनौतीहरुः ५५

**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** ५७

७.१ प्रदेश नं. १ को सरकारी वित्त स्थिति ५७

७.२ प्रदेश नं. १ का स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ५८

७.३ प्रदेश नं. १ का स्थानीय तहको आ.व. २०७९/८० को बजेट ५९

**परिच्छेद ८ : आर्थिक परिदृष्य** ६१

८.१ कृषि उत्पादन ६१

८.२ औद्योगिक उत्पादन ६१

८.३ सेवा क्षेत्र ६१

८.४ पूर्वाधार क्षेत्र ६२

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य) (प्रतिशत) | ३ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रचलित मूल्य)(प्रतिशत) | ३ |
| तालिका २.३ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति | ३ |
| तालिका २.४ | राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा (प्रतिशत) | ४ |
| तालिका २.५ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व २०७८/७९) | ५ |
| तालिका २.६ | प्रदेशगत आर्थिक वृद्धि | ५ |
| तालिका ३.१ | प्रदेश नं. १ मा खाद्य बालीहरुले ढाकेको क्षेत्रफलको अवस्था | १० |
| तालिका ३.२ | कृषि बालीले ढाकेको जिल्लागत भू-क्षेत्र (आ.व. २०७८/०७९) | १० |
| तालकि ३.३ | प्रदेश नं. १ मा खाद्य बालीको उत्पादन अवस्था, कुल उत्पादनमा योगदान र उत्पादकत्व | १२ |
| तालिका ३.४ | कृषि बालीको जिल्लागत उत्पादन अवस्था (आ.व. २०७८/०७९) | १४ |
| तालिका ३.५ | प्रदेश नं. १ मा माछा र पशुजन्य उत्पादनको अवस्था | १७ |
| तालिका ३.६ | काठ उत्पादनको जिल्लागत अवस्था | १७ |
| तालिका ३.७ | प्रदेश नं. १ मा सिँचाइको जिल्लागत अवस्था | १८ |
| तालिका ३.८ | कृषि कर्जाको क्षेत्रगत अवस्था | २० |
| तालिका ४.१ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | ३१ |
| तालिका ५.१ | प्रदेश नं. १ मा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | ३४ |
| तालिका ५.२ | घरजग्गा रजिष्ट्रेशन, राजश्व र स्थायी नक्सा पासको जिल्लागत अवस्था (२०७८/७९) | ३५ |
| तालिका ५.३ | प्रदेश नं. १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३६ |
| तालिका ५.४ | प्रदेश नं. १ का जिल्लाहरुमा निक्षेप परिचालनको स्थिति | ३६ |
| तालिका ५.५ | क्षेत्रगत कर्जाको अंश (प्रतिशत) | ३७ |
| तालिका ५.६ | प्रदेश नं. १ का जिल्लाहरुमा कर्जा प्रवाहको स्थिति | ३७ |
| तालिका ५.७ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | ३८ |
| तालिका ५.८ | कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | ३९ |
| तालिका ५.९ | प्रदेश नं. १ मा प्रवाहित सहुलियतपूर्णकर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | ३९ |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले प्रदेश नं. १ मा गरेको फण्ड ट्रान्सफरको अवस्था | ४१ |
| तालिका ५.११ | परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (रु.करोडमा) | ४१ |
| तालिका ५.१२ | सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था | ४४ |
| तालिका ५.१३ | प्रदेश नं. १ मा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या | ४४ |
| तालिका ५.१४ | सेवा क्षेत्र कर्जाको क्षेत्रगत अवस्था | ४५ |
| तालिका ६.१ | आ.व. २०७८/७९ मा प्रदेश नं. १ मा सम्पन्न जलविद्युत आयोजना | ४८ |
| तालिका ६.२ | रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत अवस्था | ५४ |
| तालिका ७.१ | प्रदेश नं. १ सरकारको वित्त स्थिती | ५७ |
| तालिका ७.२ | प्रदेश नं. १ का स्थानीय तहको वित्त स्थिति | ५८ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट २.१ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (प्रतिशत) | ४ |
| चार्ट २.२ | प्रदेश नं. १ को जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था | ६ |
| चार्ट ३.१ | पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको पछिल्लो पाँच वर्षको उत्पादन वृद्धिदर | ११ |
| चार्ट ३.३ | प्रदेश नं. १ मा तरकारी बालीले ढाकेको भू-क्षेत्र र उत्पादन वृद्धिदर तथा उत्पादकत्व | १३ |
| चार्ट ३.४ | प्रदेश नं. १ मा सिँचाइका स्रोतको अवस्था | १९ |
| चार्ट ३.५ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | २१ |
| चार्ट ४.१ | उद्योगको क्षमता उपयोगको अवस्था | २७ |
| चार्ट ४.२ | निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगको पछिल्लो ५ वर्षको क्षमता उपयोगको अवस्था | २८ |
| चार्ट ४.३ | उद्योगको उत्पादन वृद्धिदर अवस्था | २८ |
| चार्ट ४.४ | औद्योगिक समूह अनुसार रोजगारीमा आएको परिवर्तन | २९ |
| चार्ट ४.५ | स्वदेशी र विदेशी कामदारको अवस्था | ३० |
| चार्ट ५.१ | घरजग्गा कारोवारको अवस्था | ३५ |
| चार्ट ५.२ | निक्षेप तथा कर्जा स्थिति | ३८ |
| चार्ट ५.३ | सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर | ४० |
| चार्ट ५.४ | यातायातका साधनको संख्या | ४२ |
| चार्ट ५.५ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था (प्रतिशत) | ४३ |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता) | ४८ |
| चार्ट ६.२ | रोजगार कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको संख्या | ५३ |
| चार्ट ६.३ | औसत रोजगारी दिन | ५५ |
| चार्ट ७.१ | आ.व. २०७८/७९ मा प्रदेश नं. १ का स्थानीय तहको कुल प्राप्तीको संरचना | ५९ |
| चार्ट ७.२ | प्रदेश नं. १ का स्थानीय तहको बजेट आकार (रु.अर्बमा) | ६० |

# कार्यकारी सारांश

प्रदेश नं. १ अन्तर्गतका १४ जिल्लाहरुको स्थलगत तथा गैरस्थलगत भ्रमण गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०७८/७९ को आर्थिक गतिविधि सम्बन्धी वार्षिक अध्ययन प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

## कृषि

- आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ मा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले घटेर १० लाख ४१ हजार १ सय ८६ हेक्टर कायम भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मकै, गहुँ र कोदोले ढाकेको क्षेत्रफल घटेकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल घटेको देखिन्छ ।
- यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.६ प्रतिशत, तरकारी बालीको ५.४ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल ७.० प्रतिशत रहेको छ । कृषि उपजले ढोकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७१.६ प्रतिशत रहेको छ ।
- समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले बढेको छ भने मकै बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ७.५ प्रतिशत र कोदो बालीले ढाकेको क्षेत्रफले ३.५ प्रतिशतले घटेको छ ।
- समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन १.४ प्रतिशतले घटेको छ। विशेष गरी खाद्य बाली अन्तर्गतका धान, गँहु र आलुको उत्पादन घटेकाले प्रदेश नं. १ को समग्र कृषि बालीको उत्पादन घटेको देखिन्छ।
- समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा ३.९ प्रतिशतले घटेको छ। खाद्य बाली अन्तर्गत धान उत्पादन ३.३ प्रतिशत र गहुँ उत्पादन ९.६ प्रतिशतले घटेको छ भने मकैको उत्पादन १.६ प्रतिशते बढको छ ।
- अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा तरकारी बाली उत्पादन ९.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो उत्पादन १.२ प्रतिशतले घटेको थियो ।
- समीक्षा वर्षमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३६.६ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३५.९ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा प्रदेश नं. १ मा कुल सिञ्चित क्षेत्रफल २.० प्रतिशतले बढेको छ ।
- समीक्षा वर्षमा दूध उत्पादन ०.२ प्रतिशत, अण्डा उत्पादन ०.९ प्रतिशत, मासु उत्पादन १.३ प्रतिशत र माछा उत्पादन २२.१ प्रतिशतले बढेको छ ।
- समीक्षा वर्षमा काठको उत्पादन १०.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा काठको उत्पादन ३९.२ प्रतिशतले बढेको थियो ।
- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रदेश नं. १ को कृषि क्षेत्रमा प्रवाहित कर्जा १७.८ प्रतिशतले वृद्धि भई रु.५४ अर्ब ५२ करोड पुगेको छ। २०७९ असार मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश १०.० प्रतिशत रहेको छ।

## उद्योग

- आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशका नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.६ प्रतिशत रहेको छ। २०७७/७८ मा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५३.४ प्रतिशत रहेको थियो ।

- विशेष गरी तयारी लत्ता कपडा उत्पादन गर्ने गार्मेण्ट उद्योग, सिन्थेटिक कपडा, फलामे छड तथा पत्ती, चप्पल जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा कमी आएकाले उद्योगको औसत क्षमता उपयोगमा केही कमी आएको देखिन्छ । प्रदेश नं. १ का नमूना छनोटमा परेका उद्योगहरुको पछिल्लो पाँच वर्षको औसत क्षमता उपयोग ५७.८ प्रतिशत रहेको छ ।
- उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा तोरीको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९२.० प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ५.४ प्रतिशत रहेको छ ।
- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा यस अध्ययनमा समेटिएका ठुला ४२ उद्योगहरुमा कार्यरत ५.९ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् ।
- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा कुल औद्योगिक कर्जा १६.५ प्रतिशतले घटेर रु.१ खर्ब २१ कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा ११.५ प्रतिशतले बढेको थियो । विशेष गरी निर्माण, खानी र विद्युत ग्यास तथा पानी उत्पादन गर्ने उद्योगमा प्रवाह भएको कर्जा घटेकाले समग्र औद्योगिक कर्जा घटेको देखिन्छ ।
- २०७९ असार मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २२.३ प्रतिशत रहेको छ ।

## सेवा

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ मा होटलहरुको औसत अकुपेन्सी दर ४०.४ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको तुलनामा २५.७ प्रतिशतले बढेको देखिएको छ। अघिल्लो आर्थिक वर्षमा उक्त होटलहरुको औसत अकुपेन्सी दर १४.८ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा यस प्रदेशका होटलहरुमा आन्तरिक पर्यटकको संख्या ५८.४ प्रतिशत र बाह्य पर्यटकको संख्या ३०८.३ प्रतिशतले बढेको छ ।
- समीक्षा वर्षमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाका थप १४४ वटा शाखा विस्तार भएका छन् ।
- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा प्रदेश नं. १ मा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ५.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६६ अर्ब पुगेको छ भने कर्जा १३.२ प्रतिशतले वृद्धि भई कुल रु.५ खर्ब ४४ अर्ब पुगेको छ ।
- २०७९ असार मसान्तमा प्रदेश नं. १ को कर्जा निक्षेप-अनुपात १४८.४ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा प्रदेश नं. १ मा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) १३८.७ प्रतिशत रहेको थियो ।
- २०७९ असार मसान्तसम्म प्रदेश नं. १ मा पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको बक्यौता रकम क्रमशः रु.१३ अर्ब ३ करोड र रु.३६ अर्ब २ करोड पुगेको छ ।
- २०७९ असार मसान्तसम्म यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ६७.७ प्रतिशत रहेको छ ।

## पूर्वाधार

- समीक्षा वर्षमा ९० कि.मि. सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना र कोसी करिडोर अन्तर्गतको १०६ कि.मि. ईनरुवा–बसन्तपूर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएको छ ।
- समीक्षा वर्षमा कोशी-तमोर कोरिडोर सडक आयोजनाको निर्माण कार्य सम्पन्न भएको छ ।

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैङ्कले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमय जस्ता विषयमा तथ्याङ्कको संकलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन प्रकाशित गर्दै आएको छ । यस क्रममा मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले प्रदेशस्थित कार्यालयहरु मार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ । विगतमा यस कार्यालयले ९ वटा जिल्लाहरु समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएकोमा मुलुक संघीय संरचनामा रुपान्तरण भए पश्चात् प्रदेश नं. १ का सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ। आर्थिक वर्ष २०७८/७९ को प्रस्तुत वार्षिक अध्ययन प्रतिवेदन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)” मा आधारित भएर तयार गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. तथ्यमा आधारित आर्थिक नीति तर्जुमा गर्न आवश्यक सूचना एवम् तथ्याङ्कको आधार तयार गर्न प्रदेश नं. १ को कृषि, उद्योग, सेवा, पूर्वाधार तथा रोजगारी सम्बन्धी तथ्याङ्क संकलन गर्ने ।

२. आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ को कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा सरकारी वित्त लगायतका क्षेत्रहरुको यथार्थ अवस्था र अघिल्लो वर्षको तुलनामा भएको परिवर्तनको अध्ययन तथा विश्लेषण गर्ने ।

३. प्रदेश अर्थतन्त्रका सवल पक्षहरुको पहिचान र अन्तरनिहित समस्या तथा चुनौतीहरुको पहिचान गर्ने ।

## १.३ अध्ययन विधि

प्रदेश अन्तर्गतका १४ जिल्लामध्ये १२ जिल्लाको स्थलगत भ्रमण तथा २ वटा जिल्लाको विद्युतीय माध्यमबाट तोकिएको ढाँचामा तथ्याङ्क प्राप्त गरी सम्बन्धित निकायका सूचना अधिकारी/कार्यालय प्रमुखसँग असंरचित प्रश्नावलीको माध्यमबाट वर्षभरि सम्बन्धित क्षेत्रमा भएको परिवर्तन, पहिचान भएका नयाँ सम्भावना तथा चुनौतीहरु जस्ता विषयको सूचना संकलन गरी यो आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। कृषि सम्बन्धी तथ्याङ्क प्रदेश नं. १ सरकारको कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डिभिजन सिँचाइ कार्यालयबाट संकलन गरिएको छ भने औद्योगिक उत्पादनसँग सम्बन्धित तथ्याङ्क नमूना छनोटमा परेका उद्योगमा स्थलगत भ्रमण गरी संकलन गरिएको छ । त्यसैगरी, बैंकिङ्ग सम्बन्धी तथ्याङ्क यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त गरिएको छ । पर्यटनसँग सम्बन्धित तथ्याङ्क नमूना छनोटमा परेका होटलहरुबाट, घरजग्गा नक्सापास सम्बन्धी तथ्याङ्क नगरपालिकाबाट तथा घरजग्गाको कारोवार सम्बन्धी तथ्याङ्क मालपोत कार्यालयहरुबाट संकलन गरिएको छ । पूर्वाधारसँग सम्बन्धित तथ्याङ्क पूर्वाधार विकास आयोजना कार्यालयहरुबाट संकलन गरिएको छ । उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ भने संक्षिप्त अध्ययनका

लागि सम्बन्धित फर्म/कम्पनीबाट असंरचित प्रश्नावलीको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ। विशेष गरी वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ।

## १.४ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरु देहाय बमोजिम रहेका छन्।

- वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने प्रयोजनाको लागि प्रदेश नं. १ अर्न्तगतका १२ जिल्लाको मात्र स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गरिएको।
- केही सरकारी निकायमा कृषि, उद्योग, पर्यटन, पूर्वाधार, स्वास्थ्य एवम् शिक्षा लगायतका क्षेत्रसँग सम्बन्धित प्रारम्भिक तथ्याङ्क समय सापेक्ष अद्यावधिक नभएता पनि गत वर्षको तथ्याङ्क प्रयोग गरी प्रवृत्ति विश्लेषण गरिएको।
- आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले जिल्लागत रुपमा मात्र तथ्याङ्क संकलन गरेको। प्रदेश नं. १ का ४९ स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट घरनक्सा पास तथा ५ ठुला स्थानीय तहको वित्तस्थिति बाहेक अन्य स्थानीय तहको तथ्याङ्क संकलन गर्न नसकिएको।
- नमूना छनोटमा समावेश गरिएका उद्योग तथा प्रतिष्ठानहरुको सूची अद्यावधिक नभएको तथा यस प्रदेशमा थप भएका महत्वपूर्ण उद्योगको उत्पादनको परिमाण तथा क्षमता उपयोगको तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्न नसकिएको।

## १.५ अध्ययनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६" मा आधारित भएर तयार पारिएको छ। यो प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोके बमोजिम रहेको छ जस अनुसार यस प्रतिवेदनमा देहाय बमोजिमका ८ परिच्छेदहरु रहेका छन्।

**परिच्छेद १ : अध्ययनको परिचय**
**परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति**
**परिच्छेद ३ : कृषि क्षेत्र**
**परिच्छेद ४ : उद्योग क्षेत्र**
**परिच्छेद ५ : सेवा क्षेत्र**
**परिच्छेद ६ : पूर्वाधार र रोजगारी**
**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना**
**परिच्छेद ८ : आर्थिक परिदृश्य**

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

## २.१ राष्ट्रिय स्थिति

केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७८/७९ को मध्यसम्म कोभिड १९ का कारण अर्थतन्त्र केहि हदसम्म प्रभावित भएतापनि वर्षको अन्त्यमा अर्थतन्त्रमा यसको प्रभाव नरहने, आर्थिक विकासका गतिविधिहरु निरन्तर रुपमा सुचारु भई अर्थतन्त्र चलायमान हुने र अर्थतन्त्रमा अन्य कुनैपनि संकट देखा नपर्ने अनुमानका आधारमा आर्थिक वर्ष २०७८/७९ मा अर्थतन्त्रको आर्थिक वृद्धिदर आधार मूल्यमा ५.४९ प्रतिशत र उत्पादकको मूल्यमा ५.८४ प्रतिशत हुने अनुमान रहेको छ। अघिल्ला वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः ३.८३ र ४.२५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा आधार मूल्यमा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.८५ प्रतिशत, ४.५१ प्रतिशत र ४.१९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर आधार मूल्यमा क्रमशः २.३० प्रतिशत, १०.१९ प्रतिशत र ५.९३ प्रतिशत रहने अनुमान गरेको छ।

| तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (स्थिर मूल्य) (प्रतिशत) | | |
|---|---|---|
| क्षेत्र | २०७८^स | २०७९^प्रा |
| कृषि | २.८५ | २.३० |
| उद्योग | ४.५१ | १०.१९ |
| सेवा | ४.१९ | ५.९३ |
| **आर्थिक वृद्धि** | **४.२५** | **५.८४** |
| **तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान(प्रचलित मूल्य)(प्रतिशत)** | | |
| कृषि | २४.९ | २३.९ |
| उद्योग | १३.७ | १४.३ |
| सेवा | ६१.४ | ६१.८ |
| स: संशोधित अनुमान; प्रा : प्रारम्भिक अनुमान, | | |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदानको हिस्सा क्रमशः २४.९ प्रतिशत, १३.७ प्रतिशत र ६१.४ प्रतिशत रहेकोमा र आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २३.९ प्रतिशत, उद्योग क्षेत्रको १४.३ प्रतिशत र सेवा क्षेत्रको ६१.८ प्रतिशत योगदान रहने विभागको अनुमान रहेको छ।

मुख्य औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ७६.१ प्रतिशत रहने अनुमान छ। औद्योगिक वर्गीकरण अनुसार आर्थिक विकासका गतिविधिहरुको मापन गर्दा राष्ट्रिय तहमा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार, घरजग्गा कारोवार सेवा र शिक्षा क्रमशः दोस्रो, तेस्रो तथा चौथो स्थानमा रहेका छन्।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

### प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको स्थिति


केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ को आर्थिक वृद्धिदर ३.८८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा उक्त वृद्धिदर ५.०९ प्रतिशत रहने अनुमान छ। विभागका अनुसार आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.७ खर्ब ६३ अर्ब हुने अनुमान गरेको छ, जुन राष्ट्रिय अर्थतन्त्रको १५.७ प्रतिशत हो। समीक्षा वर्षमा प्रदेश नं. १ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३३.१ प्रतिशत, १७.८ प्रतिशत र ४९.१ प्रतिशत रहने अनुमान छ। अघिल्ला वर्षको सोही अवधिमा कृषि, उद्योग र सेवा क्षेत्रहरुको योगदान क्रमशः ३४.३ प्रतिशत, १७.० प्रतिशत र ४८.७ प्रतिशत रहेको थियो।

| तालिका २.३ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन स्थिति | | | |
|---|---|---|---|
| **विवरण** | **२०७७** | **२०७८^स.** | **२०७९^प्रा.** |
| **आर्थिक वृद्धि(आधार मूल्य)** | **-१.५३** | **३.८८** | **५.०९** |
| **कुल गार्हस्थ्य उत्पादन** *(प्रचलित मूल्य रु.अर्बमा)* | **६१४.७** | **६७५.६** | **७६३.७** |
| *कृषि (प्रतिशत)* | *३४.६* | *३४.३* | *३३.१* |
| *उद्योग (प्रतिशत)* | *१६.८* | *१७.०* | *१७.८* |
| *सेवा (प्रतिशत)* | *४८.६* | *४८.७* | *४९.१* |
| स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, प्रा: प्रारम्भिक अनुमान, सं. संशोधित अनुमान | | | |

विभागका अनुसार औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान सबैभन्दा बढी ३३.१ प्रतिशत रहेको छ। त्यसैगरी, थोक तथा खुद्रा व्यापार क्षेत्रको हिस्सा १०.८ प्रतिशत, शिक्षा क्षेत्रको हिस्सा ८.०

प्रतिशत, उद्योग क्षेत्र (Manufacturing) को हिस्सा ७.८ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको हिस्सा ७.४ प्रतिशत रहने अनुमान छ।

**चार्ट २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरणको हिस्सा (प्रतिशत)**




स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

### राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कृषि क्षेत्रको कुल उत्पादनमा प्रदेश नं. १ को हिस्सा २१.८ प्रतिशत रहने अनुमान छ भने उद्योग क्षेत्रको उत्पादनमा १९.६ प्रतिशत र सेवा क्षेत्रमा १२.५ प्रतिशत योगदान रहने अनुमान गरेको छ। अघिल्ला वर्ष कृषि, उद्योग र सेवा क्षेत्रमा प्रदेश नं. १ को हिस्सा क्रमश: २१.७ प्रतिशत, १९.६ प्रतिशत र १२.५ प्रतिशत रहेको थियो ।

| तालिका २.४ : राष्ट्रिय तहको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|
| **विवरण** | **२०७७** | **२०७८R** | **२०७९P** |
| **कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा** | **१५.८** | **१५.८** | **१५.७** |
| कृषि क्षेत्र | २१.८ | २१.७ | २१.८ |
| उद्योग क्षेत्र | १९.४ | १९.६ | १९.६ |
| सेवा क्षेत्र | १२.६ | १२.५ | १२.५ |
| R: प्रारम्भिक अनुमान, P: संशोधित अनुमान | | | |

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग

## २.३ अन्तरप्रदेश तुलना

### कृषि, उद्योग तथा सेवाको स्थिति

विभागको आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्क अनुसार मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३९.६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१ प्रतिशत हुने अनुमान गरेको छ। विभागले आर्थिक वर्ष २०७८/७९ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं. १ को हिस्सा १५.७ प्रतिशत रहने अनुमान गरेको छ। मुलुकको कृषि क्षेत्रको समग्र उत्पादनमा प्रदेश नं. १ को योगदान सबैभन्दा बढी २१.८ प्रतिशत र कर्णाली प्रदेशको

योगदान सबैभन्दा कम ५.४ प्रतिशत रहने विभागको अनुमान रहेको छ । त्यसैगरी, मुलुकको समग्र औद्योगिक उत्पादन तथा सेवा क्षेत्रमा प्रदेश नं. १ दोस्रो स्थानमा रहेको छ। औद्योगिक क्षेत्रको उत्पादनमा यस क्षेत्रको योगदान १९.६ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको योगदान सबैभन्दा बढी ३१.६ प्रतिशत र कर्णाली प्रदेशको योगदान सबैभन्दा कम ३.२ प्रतिशत रहने अनुमान छ।

यसैगरी, मुलुकको कुल सेवा क्षेत्रमा प्रदेश नं. १ को योगदान १२.५ प्रतिशत रहने अनुमान छ भने बागमती प्रदेशको सबैभन्दा बढी ४५.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.८ प्रतिशत योगदान रहने अनुमान छ।

**तालिका २.५ : राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व. २०७८/७९)**

| क्षेत्र | प्रदेश १ | मधेश | वाग्मती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
|---|---|---|---|---|---|---|---|
| कृषि क्षेत्रमा योगदान (प्रतिशत) | २१.८ | १९.० | १७.१ | ९.६ | १७.३ | ५.४ | ९.८ |
| उद्योग क्षेत्रमा योगदान (प्रतिशत) | १९.६ | ११.२ | ३१.६ | ११.५ | १५.८ | ३.२ | ७.१ |
| सेवा क्षेत्रमा योगदान (प्रतिशत) | १२.५ | ११.५ | ४५.९ | ८.० | १२.५ | ३.८ | ५.९ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | **१५.७** | **१३.३** | **३६.९** | **८.९** | **१४.१** | **४.१** | **७.०** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

औद्योगिक वर्गीकरण अनुसार मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को कृषि क्षेत्रको योगदान अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको छ भने खानी तथा उत्खनन्, वस्तु उत्पादन (Manufacturing), सार्वजनिक प्रशासन, वित्तीय मध्यस्थता, आवास तथा भोजन सेवा, थोक तथा खुद्रा सेवा, यातायात तथा भन्डारणको कुल मूल्य अभिवृद्धि (GVA) मा बागमती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ। मुलुककै कुल गार्हस्थ्य उत्पादनमा कृषि बाहेकका अन्य सबै क्षेत्रहरुमा बागमती प्रदेशको योगदान सबैभन्दा बढी रहेको छ । तीव्र शहरीकरण, बढ्दो जनसंख्या, ठुला र अधिक व्यापारिक कारोबार हुने भएकोले विशेषगरी थोक तथा खुद्रा व्यापार क्षेत्र र घरजग्गा कारोवारको क्षेत्रमा बागमती प्रदेशको हिस्सा उल्लेखनीय रहेको छ । गण्डकी प्रदेशमा जलविद्युत उत्पादन बढी हुने भएकाले मुलुकको कुल विद्युत उत्पादनमा अन्यप्रदेशको तुलनामा विद्युत, ग्याँस, वाष्प तथा वातानुकुलित आपूर्ति सेवाको हिस्सा सबैभन्दा बढी २६.१ प्रतिशत रहेको छ । त्यसैगरी, भैरहवामा निर्माण भई सञ्चालनमा आएको गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलका कारण मुलुकको कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेश अन्तर्गतका विविध क्षेत्रहरुमध्ये निर्माण क्षेत्रको हिस्सा सबैभन्दा बढी २०.३ प्रतिशत रहेको छ भने कर्णाली र सुदूर पश्चिम प्रदेशका सबै क्षेत्रहरुको योगदान करिब समान नै रहेको छ।

## प्रदेशगत आर्थिक वृद्धि

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं.१ को आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ५.४१ प्रतिशत रहने अनुमान छ । अघिल्लो वर्षको सोही अवधिमा यस प्रदेशको आर्थिक वृद्धिदर ४.३४ प्रतिशत रहेको थियो । प्रदेशगत रुपमा उपभोक्ता मूल्यमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.७४ प्रतिशत रहने अनुमान छ भने मधेश प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ४.८२ प्रतिशत रहने अनुमान छ। अघिल्लो वर्षको सोही अवधिमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ४.५८ प्रतिशत रहेको थियो भने गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ३.७३ प्रतिशत रहेको थियो।

**तालिका २.६ : प्रदेशगत आर्थिक वृद्धि (%)**

| प्रदेश | २०७७/७८ | २०७८/७९ |
|---|---|---|
| प्रदेश नं.१ | ४.३४ | ५.४१ |
| मधेश | ३.७७ | ४.८२ |
| बागमती | ४.५८ | ६.७४ |
| गण्डकी | ३.७३ | ६.१७ |
| लुम्बिनी | ४.०६ | ५.३६ |
| कर्णाली | ४.३४ | ५.४७ |
| सुदूरपश्चिम | ४.२४ | ४.९३ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग


## प्रादेशिक जनसंख्याको स्थिति

हिमाल, पहाड र तराईसम्म फैलिएको प्रदेश नं. १ मा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी जम्मा १४ वटा जिल्ला पर्दछन् । यस प्रदेशको पूर्वतर्फ भारतको सिक्किम, पश्चिम बङ्गाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन् । यसैगरी, उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ प्रदेश नं. २ र प्रदेश नं. ३ पर्दछन् । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि. रहेको छ भने २०७८ को बाह्रौं जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार कुल जनसंख्या ४९,७२,०२१ रहेको छ ।

२०७८ सालको जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको १७.०३ प्रतिशत हिस्सा रहेको यस प्रदेशको वार्षिक जनसंख्या वृद्धिदर ०.८८ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार प्रदेश नं. १ को जनघनत्व १९२ जना प्रतिवर्ग कि.मि.रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ मा १७६ जना प्रति वर्ग कि.मि. रहेको थियो । त्यस्तै प्रति परिवार औसत सदस्य संख्या ४.१३ जना रहेको छ भने २०६८ को जनगणनामा प्रति परिवार सदस्य औसत संख्या ४.५७ जना रहेको थियो । प्रदेश नं. १ को जनसंख्यामा पुरुषको संख्या २४,२५,२६६ जना र महिलाको संख्या २५,४६,७५५ जना रहेको छ भने लैगिंक अनुपात ९५.२३ प्रतिशत रहेको छ ।

नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई शहरी क्षेत्र तथा गाउँपालिकालाई ग्रामीण क्षेत्र मान्दा प्रदेश नं. १ मा शहरी क्षेत्र तथा ग्रामीण क्षेत्रमा बसोबास गर्नेको जनसंख्या क्रमश: ६२.३२ प्रतिशत र ३७.६८ प्रतिशत रहेको छ । प्रदेश नं. १ का १४ जिल्लाहरुमध्ये मोरङमा सबैभन्दा बढी ११,४७,१८६ जना र तेह्रथुममा सबैभन्दा कम ८९,१२५ जना जनसंख्या रहेको छ । त्यसैगरी, प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरुमध्ये सुनसरी जिल्लाको जनसंख्या सबैभन्दा धेरै १.९४ प्रतिशतले बढेको छ भने खोटाङ जिल्लाको जनसंख्या सबैभन्दा धेरै १.५६ प्रतिशतले घटेको छ । वसाईसराई, चेतनाको स्तर शहरीकरणका साथै वैदेशिक रोजगारजन्य सामाजिक वस्तुस्थितिले जनसंख्या वृद्धिदर ऋनात्मक भएको पूर्वानुमान गर्न सकिन्छ ।

### चार्ट २.२ : प्रदेश नं. १ को जिल्लागत जनसंख्या तथा वृद्धिदरको अवस्था




स्रोत : केन्दीय तथ्याङ्क विभाग

## जनसंख्याको अन्तरप्रदेश तुलना

प्रदेशगत रुपमा मधेश प्रदेशको जनसंख्या सबैभन्दा धेरै ६१,२६,२८८ जना र कर्णाली प्रदेशको जनसंख्या सबैभन्दा कम १६,९४,८८९ जना रहेको छ । जनसंख्याको आकारको हिसावले प्रदेश नं. १ चौथो स्थानमा रहेको छ ।

प्रदेशगत रुपमा मधेश प्रदेशको जनघनत्व सबैभन्दा बढी प्रति वर्ग कि.मि ६३६ जना .रहेको छ भने कर्णाली प्रदेशको जनघनत्व सबैभन्दा कम प्रति वर्ग कि.मि ६१ जना रहेको छ । जनघनत्वको हिसावले प्रदेश नं. १ चौथो स्थानमा रहेको छ ।

प्रदेशगत आधारमा शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या बागमती प्रदेशमा सबैभन्दा बढी ४७,०६,६२३ जना र कर्णाली प्रदेशमा सबैभन्दा कम ८,८२,९७६ जना रहेको छ । त्यसैगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसंख्या लुम्बिनी प्रदेशमा सबैभन्दा बढी २३,०३,७२८ जना र कर्णाली प्रदेशमा सबैभन्दा कम ८,११,९१३ जना रहेको छ ।

परिवारमा अनुपस्थित (विदेशमा नियमित रुपमा बसोबास गर्ने) जनसंख्या लुम्बिनी प्रदेशमा सबैभन्दा बढी ४,१५,५८८ जना र कर्णाली प्रदेशमा सबैभन्दा कम ९५,०३५ जना रहेको छ । यस्तो संख्या प्रदेश नं. १ मा ३,३७,९०५ जना रहेको छ जुन संख्या कुल परिवारमा अनुपस्थित जनसंख्याको १५.५८ प्रतिशत रहेको छ ।

## २.४ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### प्रादेशिक क्षमता तथा सम्भावना

- मुलुकको कुल कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं. १ को योगदान सबैभन्दा धेरै रहेको अवस्थामा यस क्षेत्रमा खाद्यान्न, फलफूल, तरकारी र केही नगदे बाली जस्तै चिया, अलैंचीको उत्पादन गर्न पूर्वाधार क्षेत्रको विकास, लगानी विस्तार, आधुनिक प्रविधिको प्रयोग, सामुहिक खेती प्रणालीको अवलम्बन गरी कृषि क्षेत्रको व्यवसायिकरण गर्न र बजारको सुनिश्चितता गर्न सकेमा कृषिजन्य उत्पादनको आयात प्रतिस्थापन तथा कृषि उपज निर्यात समेत गर्न सकिने क्षमता एवम् सम्भावना रहेको ।
- प्रदेश नं. १ मा वर्षैभरि जल प्रवाह हुने नदिहरु जस्तै अरुण, तमोर, मेची, कन्काई, दूधकोसी, सुनकोसी लगायतका नदीहरु रहेकाले एकातर्फ देशकै उर्वरायुक्तभूमि भएका झापा, मोरङ, सुनसरी जस्ता जिल्लाहरुमा सिंचाई सुविधाको पर्याप्त पहुँच पुर्‍याएर कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्ने सम्भावना रहेको छ भने अर्को तर्फ जलविद्युत, जलयातयातको सञ्चालन तथा गुणस्तरीय खानेपानीको उत्पादन गरी निर्यात गर्न सकिने देखिन्छ ।
- प्रदेश नं. १ मा विश्वको सर्वोच्च शिखर सगरमाथा, हिमाली वन्यजन्तुको जीवन पद्धती झल्काउने सगरमाथा र मकालु वरुण राष्ट्रिय निकुञ्जको अवस्थिति, छोटो दुरी मै विविधता झल्कने जलवायु र पर्याप्त जैविक विविधताले मनोरञ्जन, पर्वतारोहण तथा साहसिक क्षेत्रमा रमाउने विश्वका पर्यटकलाई आकर्षित गरी मुलकको विदेशी मुद्रा आर्जनको स्रोत विप्रेषण पछिको दिगो वैकल्पिक स्रोतको रुपमा विकास गर्न सकिने ।
- यस प्रदेशमा धार्मिक महत्वका हलेसी महादेव, धर्तीको पहिलो तीर्थ मानिने बराह क्षेत्र, पाथिभरा देवी लगायतका अनगिन्ती मठ मन्दिर, धार्मिक तथा ऐतिहासिक क्षेत्र रहेकाले पर्यटन पूर्वाधारमा लगानी गरी ठुलो संख्यामा हिन्दु तथा बौद्ध मार्गीहरुको बसोवास रहेका भारतका आसाम, मेघालय, पश्चिम बंगाल लगायतका अन्य क्षेत्रबाट धार्मिक पर्यटकलाई भित्र्याउन सकिने ।
- यो प्रदेश भारत र चीन दुवै देशसँग सीमाना जोडिनुको साथै यहाँ रहेका कोशी तथा मेची राजमार्गले दुवै छिमेकी मुलुकसम्मको पहुँच सहज बनाएकोले उद्योग तथा कलकारखानाहरु स्थापना गर्न विदेशी लगानी आकर्षित गर्न सके उत्पादित वस्तु तथा सेवा निकासी गर्न तुलनात्मक रुपमा सहज रहेको छ ।
- त्यसैगरी, मध्यपहाडी लोकमार्ग तथा लोकमार्गसम्म जोड्ने सहायक मार्गहरुको तीव्र निर्माण तथा विस्तारको कारण ग्रामीण क्षेत्रका उत्पादनको लागि आन्तरिक तथा बाह्य बजार सुनिश्चित हुँदै गएकोले कृषिजन्य तथा औद्योगिक उत्पादनको आन्तरिक तथा निर्यात व्यापार विस्तारको प्रचुर सम्भावना रहेको छ ।

- मुलुककै औद्योगिक क्षेत्रको उत्पादनमा प्रदेश नं.१ को उद्योग क्षेत्रको योगदान दोस्रो स्थानमा रहेको सन्दर्भमा सुनसरी-मोरङ करिडोरमा भएका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकेमा औद्योगिक उत्पादनले निर्यात व्यापार प्रवर्द्धन तथा आयात प्रतिस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

## चुनौती

प्रदेशले समृद्धि हासिल गर्न सक्ने उल्लिखित क्षमता तथा सम्भावनाको यथार्थपरक रुपान्तरणमा देहाय बमोजिमका चुनौतीहरु रहेका छन ।


- हिमाल, पहाड र तराई क्षेत्र सहितको प्रदेश भएकाले जटिल भौगलिक बनोटको अवस्थितिका कारण पर्याप्त लगानी भित्र्याई यस क्षेत्रमा रहेका आर्थिक सम्भावनाहरुबाट लाभ हाँसिल गर्दै प्रदेशको सन्तुलित रुपमा विकास गर्नु । प्रदेशका १४ जिल्लाहरुमध्ये झापा, मोरङ र सुनसरीमा पर्याप्त भौतिक पूर्वाधार, सडक यातायातको सहज पहुँच र अन्य सुविधाको उपलब्धताले गर्दा बैंकिङ्ग तथा वित्तीय क्षेत्रको करिब ८० प्रतिशत भन्दा बढी स्रोत साधनको केन्द्रीकरणलाई विकेन्द्रीकृत गरी वित्तीय पहुँचलाई विस्तार गर्नु ।
- कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरुमा सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख नहुँदा तथ्याङ्क, प्राप्तीमा कठिनाइ हुनुका साथै प्राप्त भएका तथ्याङ्क, सूचना तथा विवरण पूर्णरुपमा विश्वसनीय बनाई तथ्यमा आधारित यथार्थपरक, व्यवहारिक र कार्यान्वयनयोग्य नीति निर्माण गर्नु ।
- आन्तरिक लगानीका स्रोत तथा क्षमता सीमित रहेको सन्दर्भमा प्रदेशको समृद्धि र विकासको लागि स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु ।
- संघ, प्रदेश र स्थानीय सरकारका लक्ष्य र प्राथमिकताका बीचमा तादात्म्यता मिलाई स्रोत र साधनको प्रभावकारी वितरण तथा परिचालन गर्नु ।
- आवधिक योजनाले निर्दिष्ट गरेका आर्थिक विकासको रणनीतिक लक्ष्य अनुरुप हुने गरी वार्षिक वजेटमा पर्याप्त रकम विनियोजन गर्दै क्षेत्रगत प्राथमिकतालाई निरन्तरता प्रदान गरी आवधिक योजनाको लक्ष्य हासिल गर्नु ।
- यस प्रदेशका तुलनात्मक लाभ हुन सक्ने कृषि, पर्यटन, जलविद्युत आदि क्षेत्रको पहिचान, विकास तथा प्रवर्द्धन गरी दुई ठूला छिमेकी देशको बजारबाट लाभ लिन सक्ने वातावरण बनाउनु ।
- विकट भौगालिक अवस्थाको बावजुद वित्तीय पहुँचको विस्तार गर्ने तथा वित्तीय सचेतनाको माध्यमबाट वित्तीय समावेशीता बढाई उपलब्ध वित्तीय उपकरणको उपयोग बढाउनु ।

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ मा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले घटेर १० लाख ४१ हजार १ सय ८६ हेक्टर कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मकै, गहुँ र कोदोले ढाकेको क्षेत्रफल घटेकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल घटेको देखिन्छ । यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८७.६ प्रतिशत, तरकारी बालीको ५.४ प्रतिशत, फलफूलको २.९ प्रतिशत, मसला बालीको २.७ प्रतिशत र चिया तथा कफीको १.४ प्रतिशत रहेको छ । कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७१.६ प्रतिशत रहेको छ ।

**चार्ट ३.१ : पछिल्लो तीन वर्षमा प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्र**




स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.१.१ खाद्य तथा अन्य बाली

आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.४ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.३ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल ०.९ प्रतिशतले बढेको छ भने मकै बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ७.५ प्रतिशत र कोदो बालीले ढाकेको क्षेत्रफले ३.५ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धान बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशत र मकै बालीले ढाकेको क्षेत्रफल १.६ प्रतिशतले बढेको थियो भने गहुँ बाली र कोदो बालीले ढाकेको क्षेत्रफल क्रमशः १.१ प्रतिशत र २.४ प्रतिशतले घटेको थियो ।

प्रदेश नं. १ मा गहुँ र कोदो बालीको उत्पादकत्व कम हुने गरेको, उत्पादनका लागि लागत बढी पर्ने र तरकारी तथा नगदेबालीबाट प्राप्त हुने आम्दानी तुलनात्मक रुपमा बढी हुने भएकाले किसानहरुले उक्त बाली विस्थापित गरी तरकारी तथा नगदे बालीतर्फ आकर्षित भएकाले गहुँ र कोदोले ढाकेको क्षेत्रफल निरन्तर घट्दै गइरहेको देखिन्छ । त्यसैगरी, कोदो रोप्नकालागि आवश्यक जनशक्ति पनि पहाडी ग्रामीण क्षेत्रमा उपलब्ध हुन छाडेकाले कोदोले ढाकेको क्षेत्रफल घटिरहेको देखिएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान बालीको अंश सबैभन्दा बढी ३६.५ प्रतिशत, मकै बालीको अंश ३१.६ प्रतिशत, गहुँ बालीको अंश ६.३ प्रतिशत र कोदो बालीको अंश ७.४ प्रतिशत रहेको छ । समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी झापा जिल्लामा १९.३ प्रतिशत र सबैभन्दा कम ताप्लेजुङ जिल्लामा ३.१ प्रतिशत रहेको छ ।

**तालिका ३.१ : प्रदेश नं. १ मा खाद्य बालीहरुले ढाकेको क्षेत्रफलको अवस्था**

| खाद्य, नगदे तथा अन्य बाली | क्षेत्रफल (हे.) | | वृद्धिदर (प्रतिशत) | | ढाकेको क्षेत्रफलमा हिस्सा(२०७८/७९) |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | |
| धान | ३३०,२९७ | ३३३,१८५ | २.२ | ०.९ | ३६.५ |
| मकै | २९४,५७२ | २८८,०१२ | १.६ | -२.२ | ३१.६ |
| गहुँ | ६१,८५९ | ५७,२०१ | -१.१ | -७.५ | ६.३ |
| कोदो | ६९,९३५ | ६७,४८३ | -२.४ | -३.५ | ७.४ |
| आलु | ६६,४७९ | ६७,१४६ | १.३ | १.० | ७.४ |
| तेलहन | ४२,२१६ | ४१,२९२ | ३.८ | -२.२ | ४.५ |
| दलहन | ३५,४४२ | ३६,०७९ | -४.० | १.८ | ४.० |
| अन्य | २४,४२६ | २१,७७६ | ९.३ | -१०.८ | २.४ |
| **कुल** | **९,२५,२२६** | **९,१२,१७३** | **१.३** | **-१.४** | **१००.०** |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.१.२ तरकारी

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल १०.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा तरकारी बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी मोरङ जिल्लामा २१.० प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा १.१ प्रतिशत रहेको छ ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ७.६ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल १७.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी झापा जिल्लामा २२.७ प्रतिशत र सबैभन्दा कम इलाम जिल्लामा १.८ प्रतिशत रहेको छ ।

### ३.१.४ मसला बाली

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा मसला बालीले ढाकेको क्षेत्रफल २.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.६ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा यस प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी इलाम जिल्लामा १८.५ प्रतिशत र सबैभन्दा कम ओखलढुङ्गा जिल्लामा ०.८ प्रतिशत रहेको छ ।

**तालिका ३.२ : कृषि बालीले ढाकेको जिल्लागत भू-क्षेत्र (आ.व. २०७८/०७९)**

| बाली / जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा |
| झापा | १७५७४६ | १९.३ | ९१४५ | १६.३ | ६७८५ | २२.७ | ८०३ | २.८ |
| मोरङ | १५१९२४ | १६.७ | ११७७२ | २१.० | ४८३७ | १६.२ | ३३२० | ११.७ |

| बाली / जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा | क्षेत्रफल (हेक्टर) | जिल्लागत हिस्सा |
| सुनसरी | १०१८५९ | ११.२ | ९९८१ | १७.८ | २११४ | ७.१ | १२९७ | ४.६ |
| खोटाङ | ८१४०३ | ८.९ | १२२१ | २.२ | ३२३४ | १०.८ | १४०० | ४.९ |
| इलाम | ६१६१० | ६.८ | ३५७० | ६.४ | ५२४ | १.८ | ५२५० | १८.५ |
| भोजपुर | ६१३६१ | ६.७ | २०५२ | ३.७ | १२४४ | ४.२ | १०४५ | ३.७ |
| उदयपुर | ४७३९९ | ५.२ | १४३२ | २.६ | ९९३ | ३.३ | १३१८ | ४.७ |
| पाँचथर | ३९७९८ | ४.४ | २९४९ | ५.३ | २४०८ | ८.० | ४३५२ | १५.४ |
| संखुवासभा | ३६९७६ | ४.१ | २००८ | ३.६ | ९५५ | ३.२ | २७०७ | ९.६ |
| धनकुटा | ३२६१५ | ३.६ | ५९८२ | १०.७ | १५७२ | ५.३ | ६०४ | २.१ |
| ओखलढुङ्गा | ३१३९८ | ३.४ | १७०३ | ३.० | ७३५ | २.५ | २४० | ०.८ |
| सोलुखुम्बु | ३११२१ | ३.४ | ६४० | १.१ | ८६२ | २.९ | ३४४ | १.२ |
| तेह्रथुम | ३०८२२ | ३.४ | १७०६ | ३.० | १४४७ | ४.८ | ९३१ | ३.३ |
| ताप्लेजुङ | २८१४२ | ३.१ | १९७४ | ३.५ | २२३३ | ७.५ | ४७२९ | १६.७ |
| **जम्मा** | **९१२१७३** | **१००** | **५६१३६** | **१००** | **२९९४२** | **१००** | **२८३३९** | **१००** |


स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन १.४ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ०.१ प्रतिशतले बढेको थियो। विशेष गरी खाद्य बाली अन्तर्गतका धान, गँहु र आलुको उत्पादन घटेकाले प्रदेश नं. १ को समग्र कृषि बालीको उत्पादन घटेको देखिन्छ।

पछिल्लो पाँच वर्षमा प्रदेश नं. १ मा औसतमा धानको उत्पादन २.७ प्रतिशत, गहुँको उत्पादन ०.५ प्रतिशत र आलुको उत्पादन ३.२ प्रतिशतले बढेको छ भने मकैको उत्पादन १.४ प्रतिशत र कोदोको उत्पादन ०.९ प्रतिशतले घटेको छ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको पछिल्लो पाँच वर्षको उत्पादन वृद्धिदर**




*प्रदेश नं. १ का इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, ताप्लेजुङ्ग, पाँचथर र संखुवासभा गरी ८ जिल्लाको पछिल्लो ५ वर्षको उत्पादन बृद्धिदरको प्रवृत्ति*

स्रोतः अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा ३.९ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ०.१ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा धान उत्पादन ३.३ प्रतिशत, गहुँ उत्पादन ९.६ प्रतिशत, र कोदोको उत्पादन ४.९ प्रतिशतले घटेको छ भने मकैको उत्पादन १.६ प्रतिशते बढको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा धान उत्पादन १.७ प्रतिशत, मकै उत्पादन ३.५ प्रतिशत र कोदो उत्पादन १.८ प्रतिशतले बढेको थियो भने गहुँ उत्पादन यथावत रहेको थियो ।

समीक्षा वर्षमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३३.९ प्रतिशत, मकै उत्पादनको अंश २४.७ प्रतिशत, गहुँ उत्पादनको अंश ४.० प्रतिशत, कोदो उत्पादनको अंश २.५ प्रतिशत र आलु उत्पादनको अंश २३.२ प्रतिशत रहेको छ। समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा सबैभन्दा बढी झापा जिल्लाको २३.३ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लाको १.८ प्रतिशत योगदान रहेको छ ।

**तालिका ३.३ : प्रदेश नं. १ मा खाद्य बालीको उत्पादन अवस्था, कुल उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | उत्पादन (मे.टन) | | वृद्धिदर (%) | | उत्पादनमा हिस्सा (२०७८/७९) (प्रतिशत) | उत्पादकत्व |
|---|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ | | |
| धान | १,३०७,२०५ | १,२६३,७१४ | १.७ | -३.३ | ३३.९ | ३.८ |
| मकै | ९०६,१०८ | ९२०,४४६ | ३.५ | १.६ | २४.७ | ३.२ |
| गहुँ | १६२,९२७ | १४७,३३० | ०.० | -९.६ | ४.० | २.६ |
| कोदो | ९९,२६५ | ९४,४०१ | १.८ | -४.९ | २.५ | १.४ |
| आलु | ९६९,३६६ | ८६४,३०३ | -०.३ | -१०.८ | २३.२ | १२.९ |
| तेलहन | ४८,८१२ | ५०,४८७ | ३.८ | -२.२ | १.४ | १.२ |
| दलहन | ४०,६२३ | ४१,७०५ | -४.० | १.८ | १.१ | १.२ |
| अन्य | ३४८,५६८ | ३४७,२९८ | ९.३ | -०.४ | ९.३ | - |
| **कुल** | **३,८८२,८७४** | **३,७२९,६८५** | **०.१** | **-३.९** | **१००.०** | **-** |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र


समीक्षा वर्षको कात्तिक महिनामा बेमौसमी वर्षासँगै आएको हावाहुरीको कारण उक्त समयमा खेत बारीमा भएको धान र कोदो बालीमा क्षती पुगेकाले यस प्रदेशमा उक्त बालीको उत्पादन घटेको तथा गहुँ खेती गरिएको क्षेत्रफल नै घटेकाले यसको उत्पादन पनि घटेको देखिन्छ ।

### ३.२.२ तरकारी

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा प्रदेश नं. १ मा तरकारी बालीको उत्पादन ९.२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन १.२ प्रतिशत घटेको थियो। समीक्षा वर्षमा तरकारी तथा बागवानीसँग सम्बन्धित जिल्लागत उत्पादनमध्ये सबैभन्दा बढी मोरङ जिल्लामा २१.८ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा १.१ प्रतिशत योगदान रहेको छ। पछिल्लो पाँच वर्षमा प्रदेश नं. १ मा तरकारी उत्पादन हुने मुख्य ८ जिल्लाहरुमा तरकारीको उत्पादन औसतमा ४.२ प्रतिशतले बढेको छ ।

विगत केहि वर्षदेखि तरकारी बालीको क्षेत्रफल र उत्पादन वृद्धि भइरहेको भएता पनि उन्नत बिउबिजन, व्यवसायिक खेती प्रणाली, आधुनिक खेती प्रविधि, पर्याप्त मल तथा सिँचाइ सुविधाको अभावका कारण तरकारीको उत्पादकत्व आशातित रुपमा वृद्धि हुन सकेको देखिदैन ।

**चार्ट ३.३ : प्रदेश नं. १ मा तरकारी बालीले ढाकेको भू-क्षेत्र र उत्पादन वृद्धिदर तथा उत्पादकत्व**




स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.३ फलफूल

आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्षमा यस प्रदेशमा फलफूलको समग्र उत्पादन १.२ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन १.५ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा सुन्तलाको उत्पादन ३.७ प्रतिशतले घटेको छ भने आँपको उत्पादन ७.२ प्रतिशत र केराको उत्पादन ६.९ प्रतिशतले बढेको छ।

अघिल्लो वर्षको कात्तिक महिनाको पहिलो हप्ता सुन्तलाको फल लाग्ने समयमा बेमौसमी पानीसंगै आएको हावाहुरी तथा सुन्तलामा लाग्ने औंसा किरा पूर्ण रुपमा नियन्त्रणमा नआएकाले सुन्तलाको उत्पादन घटेको देखिन्छ। समीक्षा वर्षमा फलफूल उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको सबैभन्दा बढी २७.९ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको सबैभन्दा कम ०.९ प्रतिशत योगदान रहेको छ।

### ३.२.४ मसला बाली

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा मसला बालीको उत्पादन ५.३ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मसला बालीको उत्पादन १.५ प्रतिशतले बढेको थियो। यसमध्ये समीक्षा वर्षमा लसुनको उत्पादन ६.८ प्रतिशत, प्याजको उत्पादन ४.२ प्रतिशत र अदुवाको उत्पादन ३.९ प्रतिशतले बढेको छ। मसला बालीमध्ये यस प्रदेशको पहाडी तथा हिमाली जिल्लामा उत्पादन हुने अलैची प्रदेश नं. १ बाट निर्यात हुने मुख्य नगदे बाली हो। समीक्षा वर्षमा खोल्साको सुन भनेर चिनिने अलैचीको उत्पादन ६.१ प्रतिशतले वृद्धि भई कुल ७,९०५ मेट्रिक टन उत्पादन भएको छ। समीक्षा वर्षमा मसला बाली उत्पादनमा जिल्लागत योगदानका आधारमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी ३३.३ प्रतिशत र ओखलढुङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ।

तालिका ३.४ : कृषि बालीको जिल्लागत उत्पादन अवस्था (आ.व. २०७८/०७९)

| बाली / जिल्ला | खाद्य, नगदे तथा अन्य बाली | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा | उत्पादन (मे.टन) | जिल्लागत हिस्सा |
| झापा | ८६९२४३ | २३.३ | १७१८७२ | २१.२ | ६६५६८ | २७.९ | ७९८५ | ४.६ |
| मोरङ | ६९२१९४ | १८.६ | १७६५८० | २१.८ | ५७९५९ | २४.३ | २६८९० | १५.६ |
| सुनसरी | ५६५३४७ | १५.२ | ९५२२१ | ११.७ | १६३९७ | ६.९ | १३१८९ | ७.७ |
| इलाम | ३०८३५४ | ८.३ | ५४९३२ | ६.८ | ४७५७ | २.० | ५७३३० | ३३.३ |
| खोटाङ | १९४०६४ | ५.२ | १३१९७ | १.६ | ९३६७ | ३.९ | ३४०१ | २.० |
| भोजपुर | १९२७७५ | ५.२ | २७२९८ | ३.४ | ६९०९ | २.९ | ४०८९ | २.४ |
| उदयपुर | १४७०५६ | ३.९ | १९०२७ | २.३ | ९६२३ | ४.० | १६२१८ | ९.४ |
| ताप्लेजुङ | १२७४९२ | ३.४ | १३३२७ | १.६ | १३८१४ | ५.८ | ९०१७ | ५.२ |
| धनकुटा | १२५४५१ | ३.४ | १३३६२७ | १६.५ | १०२९१ | ४.३ | ६५७७ | ३.८ |
| पाँचथर | ११६४९८ | ३.१ | २६६९० | ३.३ | २२०७६ | ९.३ | १३४२८ | ७.८ |
| संखुवासभा | ११०८३३ | ३.० | २११६७ | २.६ | ५६१८ | २.४ | ४७२० | २.७ |
| तेह्रथुम | १०६२३७ | २.८ | २८६७५ | ३.५ | ९९९४ | ४.२ | ४७२७ | २.७ |
| ओखलढुङ्गा | १०६११२ | २.८ | २०२४८ | २.५ | २०५० | ०.९ | २०९२ | १.२ |
| सोलुखुम्बु | ६८०२९ | १.८ | ८५३९ | १.१ | २८१७ | १.२ | २२५३ | १.३ |
| जम्मा | ३७,२९,६८५ | १०० | ८,१०,३९९ | १०० | २,३८,२३९ | १०० | १,७१,९१६ | १०० |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र

### ३.२.५ चिया तथा कफी

आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्षमा चियाको उत्पादन ०.५ प्रतिशतले वृद्धि भई २१ हजार १ सय ९७ मेट्रिक टन उत्पादन भएको छ। अघिल्लो वर्षको सोहि अवधिमा चियाको उत्पादन १५.२ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशको कुल चिया उत्पादनमध्ये ९६.७ प्रतिशत झापा र इलाम जिल्लामा मात्र उत्पादन भएको छ। अघिल्लो आर्थिक वर्ष २०.८ प्रतिशतले वृद्धि भएको कफी उत्पादन समीक्षा वर्षमा ९.५ प्रतिशतले बढेको छ। प्रदेश नं. १ मा कफी उत्पादनको हिस्सा इलाम जिल्लाको सबैभन्दा बढी ६५.२ प्रतिशत रहेको छ।

### ३.२.६ मह

समीक्षा वर्षमा प्रदेश नं. १ मा कुल २०१ मेट्रिक टन मह उत्पादन भएको छ जुन अघिल्लो वर्षको तुलनामा १८.१ प्रतिशत बढी हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादन १७० मेट्रक टन रहेको थियो। समीक्षा वर्षमा मह उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी ८०.६ प्रतिशत रहेको छ। मोरङ जिल्लामा मौरी पालनको २ वटा ब्लक सञ्चालनमा रहेको, मेलीफेरा र सेरेना प्रजाती मौरीको करिब ११००० घार पुगेकाले उक्त जिल्लामा मह उत्पादन बढेको छ भने प्रदेश सरकारले विभिन्न जिल्लामा युवा लक्षित कार्यक्रम अन्तर्गत मौरी तथा घार वितरण गरेकाले प्रदेशमा मह उत्पादन बढेको छ।

# प्रदेश नं. १ को ठुलो व्यवसायिक तरकारी उत्पादनकर्ता : मामा भान्जा कृषि फर्म

## परिचय

प्रदेश नं. १ मा व्यक्तिगत पहलमा स्थापना भएका कृषि फर्महरु मध्ये सबैभन्दा ठुलो व्यवसायिक कृषि फर्म "मामा भान्जा कृषि फर्म तथा अनुसन्धान केन्द्र" झापा जिल्लाको भद्रपुर नगरपालिका वार्ड नं. १० कलवलगुडीमा सञ्चालनमा रहेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद, प्रदेश प्रशिक्षण केन्द्रको स्वामित्वमा रहेको करिब १७.५ बिगाह जग्गा भाडामा लिएर झापा जिल्लाका निर्मल अधिकारीले वि.स. २०७८ सालदेखि व्यवसायिक तरकारी उत्पादन गर्दै आएका छन् । शुरुका वर्षमा तीन जना मिलेर व्यवसायिक खेती शुरु गरे पनि हाल एकल स्वामित्वमा नै फर्म सञ्चालन गर्दै आएका छन् । उक्त फर्मले खुर्सानी, काँक्रा, लौका, फर्सी, करेला, चिचिण्डा, बोडी, सिमी, भण्टा, मुला आदि मुख्य मौसमका प्रमुख हरियो तरकारीहरु, बेमौसमी तरकारीहरुका साथै खर्बुजा समेत गरी करिब मासिक औसतमा ५० टन तरकारी उत्पादन गर्दै आएका छन् । वैदेशिक रोजगारीमा जानु अघि नै व्यवावसायिक खेती गर्ने ईच्छा रहेको साथै वैदेशिक रोजगारीमा रहँदा धेरै संख्याका कामदारहरुलाई एकै जनाले नेतृत्व गरी व्यवस्थापन गरेको देखेर आफ्नै देशको माटोमा स्वरोजगार भई अरुलाई पनि रोजगारी दिन सकिन्छ भन्ने विश्वासले उनी व्यवसायिक कृषि पेशामा लागेको बताउँछन् ।

कृषि पेशाबाट नै व्यवसायिक मुनाफा हाँसिल गर्नु, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नु र व्यवसायिक ज्ञान आदानप्रदान गर्नु फर्मको मुख्य उद्देश्य रहेको छ भने "**पारिको होइन, आफ्नै बारीको तरकारी**" र "**रोजगारीको विकल्प खाडीको बालुवा होइन, आफ्नै देशको माटो रोजौं**" भन्ने नारा समेत फर्मले लिएको छ ।

## वित्तीय अवस्था

कृषि फर्म सञ्चालनका लागि आवश्यक मेसिन तथा उपकरण खरिद गर्न, जग्गा भाडामा लिन तथा अन्य प्रयोजनका लागि हालसम्म फर्मले कुल रु.१ करोड लगानी गरिसकेको छ । यसमध्ये, फर्म सञ्चालक स्वयम्ले रु.५० लाख र बैंकबाट रु.५० लाख ऋण लिई लगानी गरेको छ । फर्मको मासिक आम्दानी रु ५ लाख देखि १५ लाख (बार्षिक रु. १ करोड) रहेको छ । फर्मले बिचौलीयालाई ८ देखि १० प्रतिशत कमिशन छुट्याएर पनि तरकारी खेतीबाट लगानीको ३० प्रतिशतको हाराहारीमा औसत बार्षिक रु. ३० लाख नाफा आर्जन गर्ने गरेको देखिन्छ ।

## रोजगारीको अवस्था

फर्मले नियमित कार्यका लागि ज्यालादारीमा १६ जना कामदारलाई रोजगारी प्रदान गरेको छ भने तरकारी टिप्ने समयमा ८० जनासम्म मौसमी रोजगारी दिने गरेको छ, जसमा अधिकांश महिला हुने गरेका छन् । ताप्लेजुङ, इलाम, झापा, मोरङ, दोलखा, कैलाली जिल्लाका कृषि शिक्षालयहरुबाट १०-१२ जना प्रशिक्षार्थी समेत नियमित रुपमा इन्टर्नसीपका लागि आउने गरेका छन् ।

## तरकारी बजारीकरणको अवस्था

कोभिड-१९ महामारीको समयमा बाहेक अन्य समयमा तरकारी नियमित रुपमा नै बिक्री भइरहेको कृषकको अनुभव छ । तरकारी ढुवानी गर्ने गाडी आफ्नो नभएको तथा तरकारी स्टल नभएको कारण उत्पादित तरकारी कृषक आफैंले बजारसम्म पुऱ्याएर खुद्रा बिक्रेतालाई बिक्री गर्न नसक्दा बिचौलीया मार्फत सस्तोमा तरकारी बिक्री गर्नुपर्ने बाध्यता रहेको छ ।

## कृषकका समस्याहरु

- प्रदर्शन तथा थोक बिक्रीका लागि तरकारी स्टल र भण्डारण गृहको अभाव रहेको कारण प्रतिस्पर्धात्मक रुपमा खुद्रा बिक्रेतालाई तरकारी बेच्न नसकेको ।

- बिचौलीया मार्फत तरकारी बेच्नु पर्दा कमिसन खर्चका कारण लागत बढेको र प्रतिस्पर्धात्मक रुपमा बिक्री गर्न सकिने अवस्था नरहेको ।
- सरकारी निकायबाट तरकारीको न्यूनतम मूल्य निर्धारण नहुँदा व्यवसायबाट उत्पादन लागत बराबरको प्रतिफल समेत अनिश्चित रहेको ।
- तरकारीजन्य बालीको बीमा गर्ने व्यवस्था नभएको कारण प्राकृतिक विपत्तिको समयमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने सम्भावना रहेको ।
- समय समयमा भारतबाट आउने हात्ती लगायत अन्य जंगली जनावरले बालीको विनास गर्नाले ठुलो व्यवसायिक नोक्सानी व्यहोर्नु परेको ।
- भाडामा लिएको सरकारी जग्गाको बार्षिक रुपमा नवीकरण गर्नुपर्ने व्यवस्था रहेका कारण दीर्घकालीन सोचका साथ कृषि पेशामा लगानी गरी आधुनिकीकरण र व्यवसायिकरण गर्न द्विविधा रहेको ।
- आवश्यक मात्रामा रासायनिक मल उपलब्ध नहुँदा क्षमता अनुरुप तरकारी उत्पादन गर्न नसकेको ।
- अनुदान पाउनका लागि झन्झटिलो र लामो पक्रिया पूरा गर्नु पर्ने वाध्यता रहेको ।
- भारतीय बजारबाट तरकारीको साथ अबैधरुपमा अन्य सामानहरु समेत आउने र त्यसरी आउने तरकारी खरिद मूल्यभन्दा कम मूल्यमा उपलब्ध हुने भएको कारण प्रतिस्पर्धा गर्न सकिने अवस्था नरहेको ।

## तरकारी खेती प्रबर्द्धनका लागि कृषकको अपेक्षा

- तरकारीको उत्पादन परिमाण तथा गुणस्तरमा सुधार गरी भारतीय तरकारीलाई प्रतिस्थापन गर्न पिकअप, ग्रेडिङ मेशिन, बिषादी छर्नका लागि ड्रोन लगायत अन्य कृषि सामग्रि आदिमा सरकार भन्सार छुट गरी कम मूल्यमा उपलव्ध गराउनुपर्ने ।
- व्यवसायिक घाटा न्यूनीकरण गर्न तथा कृषि पेशामा विश्वासको वातावरण सिर्जना गरी व्यवसायलाई निरन्तरता दिन सरकारी निकायबाट तरकारीको न्यूनतम समर्थन मूल्य निर्धारण हुनुपर्ने ।
- तरकारी खेतीबाट आम्दानी प्राप्त गर्न औसतमा ३ महिना लाग्ने तथा कृषि उत्पादन मौसमी हुने भएकोले बैंकबाट प्राप्त गर्ने कर्जाको किस्ता बुझाउने समय र बाली भित्र्याउने समय बीच तादम्यता हुनुपर्ने ।
- योगदानमा आधारित अनुदानको व्यवस्था गरी ठुलोस्तरमा कृषि उत्पादन गर्न प्रोत्साहान गर्नुपर्ने ।
- कृषि आधुनिकीकरण तथा प्राविधिक परामर्श समेत नियमित रुपमा निशुल्क प्रदान गरिनु पर्ने व्यवस्थाको अपेक्षा समेत गरिएको पाइयो ।

## निश्कर्ष

भारतीय बजारबाट वार्षिक अबौं रुपैयाँको तरकारी आयात भइरहेको अवस्था तथा लाखौं युवाहरु रोजगारीको सिलसिलामा विदेशिएको परिप्रेक्ष्यमा स्वदेशमा नै उद्यमशील बन्नुपर्दछ भन्ने कृषकको प्रयास सराहनीय रहेको छ । सरोकारवाला निकायबाट यस्ता कृषकहरुलाई प्रोत्साहन, प्राविधिक तथा योगदानमा आधारित अनुदान सहयोग, मार्गनिर्देशन प्रदान तथा नाकाबाट हुने अबैध तरकारी पैठारीको नियन्त्रण भएमा स्थानीयस्तरमा ठुलो संख्यामा रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने, भारतीय तरकारीलाई प्रतिस्थापन गरी विदेशी मुद्राको बचतका साथै तरकारीमा आत्मनिर्भर हुन सकिने प्रशस्त सम्भावना रहेको छ ।

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुजन्य उत्पादन

आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्षमा दूधको उत्पादन ०.२ प्रतिशत, मासुको उत्पादन १.३ प्रतिशत र अण्डाको उत्पादन ०.९ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा दूध, मासु र अण्डाको उत्पादजन क्रमशः १.७ प्रतिशत, १.५ र ८.८ प्रतिशतले बढेको थियो ।

**तालिका ३.५ : प्रदेश नं. १ मा माछा र पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन | २०७७/७८ | २०७८/७९ | वृद्धिदर |
|---|---|---|---|
| दूध (हजार लि.) | ६२७६६३.४ | ६२९१६०.६ | ०.२ |
| मासु (मे.ट) | ८६७७७.० | ८७९००.९ | १.३ |
| अण्डा (लाख) | २११०७१.२ | २१३०६२.३ | ०.९ |
| माछा उत्पादन (मे.ट.) | ८३३६.६ | १०१८२.४ | २२.१ |

स्रोत : अध्ययन क्षेत्रका भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

समीक्षा अवधिमा प्रदेश नं. १ मा दूध उत्पादनमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी २९.५ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम १.१ प्रतिशत रहेको छ। समीक्षा वर्षमा मासु उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी १८.५ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम २.३ प्रतिशत रहेको छ।

### ३.३.२ माछा उत्पादन

समीक्षा वर्षमा माछा उत्पादन २२.१ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ६९.१ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा माछा उत्पादनमा जिल्लागत योगदानको आधारमा मोरङ जिल्लाको सबैभन्दा बढी ५०.४ प्रतिशत योगदान रहेको छ। यस प्रदेशमा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट अनुदानमा पोखरी निर्माण भई माछाका भुरा उत्पादन तथा वितरणका साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मोरङ जिल्लामा माछा जोन कार्यक्रम सञ्चालनमा रहेको र अन्य जिल्लामा पनि यस कार्यक्रम अन्तर्गत पकेट तथा ब्लक सञ्चालनमा रहेकाले यस प्रदेशमा माछाको उत्पादन बढेको देखिएको छ।

### ३.३.३ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्षमा काठ उत्पादन १०.४ प्रतिशत, दाउरा उत्पादन १७४.९ प्रतिशत र औषधिजन्य उत्पादन ३८.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा काठ र दाउराको उत्पादन क्रमशः ३९.२ प्रतिशत र उत्पादन १२.१ प्रतिशत तथा औषधिजन्य उत्पादन ३७.० प्रतिशतले बढेको थियो। काठ उत्पादनको जिल्लागत हिस्साको आधारमा प्रदेश नं. १ मा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी २०.१ प्रतिशत र खोटाङ जिल्लाको हिस्सा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ। समीक्षा अवधिमा प्रदेश नं.१ मा कुल १ करोड ५१ लाख १२ हजार १ सय ६ क्युविक फिट काठ उत्पादन भएको छ।

हिमाली तथा पहाडी जिल्लामा बसाइसराइको कारण वन पैदावर उपभोगकर्ता घटेको, ग्रामीण क्षेत्रहरुमा समेत सडक पूर्वाधारको सञ्जाल विस्तार भएको र निजी वनबाट काठ कटानका लागि अघिल्ला वर्षको भन्दा बढी स्वीकृति प्रदान गरेकाले काठको उत्पादनमा वृद्धि भएको देखिन्छ। साथै, आर्थिक वर्ष २०७८/७९ को कात्तिक महिनामा आएको बेमौषमी बर्षाका कारण बाढिले बगाएर ल्याएको विभिन्न प्रकारका रुखजन्य उत्पादनहरु संकलन गरी दाउराको रुपमा प्रयोग गरिएकाले दाउराको उत्पादन उल्लेख्य रुपमा वृद्धि भएको देखिन्छ। तेजपात, अमला, मजिठो, अम्रिसो, गुर्जो, रिठ्ठा, चिराइतो लगायतका औषधिजन्य उत्पादनहरुको आन्तरिक खपत तथा निकासीमा वृद्धि भएकाले औषधिजन्य उत्पादन वृद्धि भएको देखिन्छ।

**तालिका ३.६ : काठ उत्पादनको जिल्लागत अवस्था**

| जिल्ला | २०७७/७८ (क्यू. फि) | २०७८/७९ (क्यू. फि) | जिल्लागत हिस्सा (२०७८/७९) | वृद्धिदर (%) |
|---|---|---|---|---|
| इलाम | २९४८२४८ | ३०४४११० | २०.१ | ३.३ |
| धनकुटा | २२७१३३३ | २८८३९१९ | १९.१ | २७.० |
| पाँचथर | २०६६०७० | १९५०१५३ | १२.९ | -५.६ |

| जिल्ला | २०७७/७८ (क्यू. फि) | २०७८/७९ (क्यू. फि) | जिल्लागत हिस्सा (२०७८/७९) | वृद्धिदर (%) |
|---|---|---|---|---|
| संखुवासभा | १८३८८५० | १८७२६९५ | १२.४ | १.८ |
| तेह्रथुम | ११६२१२७ | १७०१४८६ | ११.३ | ४६.४ |
| भोजपुर | १०१६९९१ | ११६३३०८ | ७.७ | १४.४ |
| ताप्लेजुङ | ९८४८२५ | ९७९४४५ | ६.५ | -०.५ |
| मोरङ | ४७०४९७ | ४४४१४१ | २.९ | -५.६ |
| उदयपुर | २५८०१७ | २६३३४९ | १.७ | २.१ |
| झापा | २६५८८८ | २४२६९९ | १.६ | -८.७ |
| सोलुखुम्बु | २२७६०५ | २१५०६३ | १.४ | -५.५ |
| सुनसरी | १०९७१५ | १७८८१३ | १.२ | ६३.० |
| ओखलढुङ्गा | ३८५११ | ८८१८० | ०.६ | १२९.० |
| खोटाङ | २६००० | ८४७४४ | ०.६ | २२५.९ |
| **जम्मा** | **१३६८४६७७** | **१५११२१०६** | **१००.०** | **१०.४** |

स्रोत: अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय

## ३.४ सिँचाइ तथा मौसम

प्रदेश नं. १ मा कुल खेतीयोग्य क्षेत्रफल ८ लाख २६ हजार ६ सय ४७ हेक्टर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ७ लाख १४ हजार ३ सय ८४ हेक्टरमा क्षेत्रफलमा खेती गरिएको छ । समीक्षा वर्षमा प्रदेश नं. १ मा रहेको कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १४.१ प्रतिशत र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ३.३ प्रतिशत रहेको छ ।

२०७९ असार मसान्तसम्म प्रदेश नं. १ को कुल ३ लाख २ हजार ८ सय २२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ जुन कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा ३६.६ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको ३५.९ प्रतिशत भागमा यस्तो सुविधा पुगेको थियो । कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सुनसरी जिल्लामा सबैभन्दा बढी ८५.१ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.७ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा प्रदेश नं. १ मा कुल सिञ्चित क्षेत्रफल २.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.० प्रतिशतले नै बढेको थियो ।

**तालिका ३.७ : प्रदेश नं. १ मा सिँचाइको जिल्लागत अवस्था**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) |
|---|---|---|---|---|
| सुनसरी | ८१७५६ | ७४३५३ | ६९५६२ | ८५.१ |
| उदयपुर | २८१६२ | २५७९४ | १९५७६ | ६९.५ |
| मोरङ | ११६९५६ | १०७५९९ | ७१५५९ | ६१.२ |
| झापा | ९८७१६ | ९०००० | ५६२८७ | ५७.० |
| संखुवासभा | ३१५९६ | ३०६०० | १५३५५ | ४८.६ |
| ताप्लेजुङ | २७५५२ | २२५०० | ११६६६ | ४२.३ |
| खोटाङ | ६६५९४ | ५६६०५ | १८८८६ | २८.४ |
| पाँचथर | ६०२५७ | ५१८६१ | १३५४३ | २२.५ |
| तेह्रथुम | ३७२८२ | ३०४२८ | ६९५३ | १८.६ |
| धनकुटा | ४०७२३ | ३९९१० | ६५०५.५ | १६.० |


| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) |
|---|---|---|---|---|
| इलाम | ७०३३० | ६३२९७ | ९२१४ | १३.१ |
| भोजपुर | ६२२९९ | ५६९३६ | २९०० | ४.७ |
| ओखलढुङ्गा | ५९०६६ | २३८७० | ५०३ | ०.९ |
| सोलुखुम्बु | ४५३५८ | ४०६३१ | ३१२ | ०.७ |
| **जम्मा** | **८२६६४७** | **७१४३८४** | **३०२८२२** | **३६.६(औसत)** |

स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र र सिँचाई डिभिजन कार्यालय

अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोबाट सिञ्चित क्षेत्रफल ३.४ प्रतिशत, पोखरीबाट ५.७ प्रतिशत, नहरबाट ०.८ प्रतिशत र बोरिङबाट १.० प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल ३.० प्रतिशत, पोखरीबाट १३.५ प्रतिशत, नहरबाट १.२ प्रतिशत, र बोरिङबाट ०.७ प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमध्ये कुलोको योगदान ४३.४ प्रतिशत, नहरको योगदान ३९.६ प्रतिशत, पोखरीको योगदान १.० प्रतिशत र बोरिङको १६.० प्रतिशत योगदान रहेको छ।

**चार्ट ३.४ : प्रदेश नं. १ मा सिँचाइका स्रोतको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाई डिभिजन कार्यालय।

### ३.५ क्षेत्रगत कृषि कर्जा

२०७९ असार मसान्तसम्ममा प्रदेश नं. १ मा प्रवाहित कुल कर्जा प्रवाह मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १०.० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जाको अंश ९.६ प्रतिशत रहेको थियो ।

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रदेश नं. १ को कृषि क्षेत्रमा प्रवाहित कर्जा १७.८ प्रतिशतले वृद्धि भई रु.५४ अर्ब ५२ करोड पुगेको छ। २०७८ असार मसान्तसम्म यस क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.४६ अर्ब २९ करोड रहेको थियो ।

२०७९ असार मसान्तसम्म कृषि कर्जाका विभिन्न शीर्षकमध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा २५.१ प्रतिशत, पशुपालनमा २४.५ प्रतिशत, अन्नबालीमा १८.३ प्रतिशत पंक्षीपालनमा ७.७ प्रतिशत र तरकारी बाली उत्पादनमा ५.६ प्रतिशत कर्जा प्रवाह भएको छ ।


**तालिका ३.८ : कृषि कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | असार मसान्तसम्म (रु.दश लाखमा) | | | प्रतिशत परिवर्तन | | कुल कर्जामा अंश |
|---|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०७८ | २०७९ | २०७९ |
| अन्य कृषि तथा कृषिजन्य सेवा | ९६४४.८ | १४८५६.९ | १३७०८.७ | ५४.० | -७.७ | २५.१ |
| पशुपालन/पशु बधशाला | ५४३२.५ | ९८४९.१ | १३३६५.५ | ८१.३ | ३५.७ | २४.५ |
| अन्न बाली | ५४०८.१ | ७९९८.९ | ९९५६.८ | ४७.९ | २४.५ | १८.३ |
| पंक्षीपालन | ३०६९.३ | ३५२४.५ | ४१९५.५ | १४.८ | १९.० | ७.७ |
| तरकारी बाली | २२२४.४ | २८९१.६ | ३०६८.७ | ३०.० | ६.१ | ५.६ |
| चिया/कफी | १८७६.५ | २२५३.५ | २६१२.२ | २०.१ | १५.९ | ४.८ |
| अन्य नगदे बाली | १५६१.१ | १५४९.१ | १६२९.८ | -०.८ | ५.२ | ३.० |
| माछापालन सम्बन्धी | ७४९.१ | ८११.१ | ११४६.३ | ८.३ | ४१.३ | २.१ |
| सनपाट | १०११.९ | ८०७.० | १०९७.१ | -२०.२ | ३५.९ | २.० |
| फलफूल तथा पुष्पखेती | १८६.६ | ३०५.८ | ७००.७ | ६३.९ | १२९.१ | १.३ |
| वन | ८३३.४ | ३७०.१ | ६९४.५ | -५५.६ | ८७.७ | १.३ |
| अन्य क्षेत्र | ६६६.० | १०७४.२ | २३४६.७ | ६१.३ | ११८.५ | ४.३ |
| कुल | ३२६६३.७ | ४६२९२.० | ५४५२२.५ | ४१.७ | १७.८ | १००.० |

स्रोत: बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

यसैगरी, २०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा जिल्लागतरुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.१६ अर्ब ९६ करोड (३१.१ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु.३५ करोड (०.६ प्रतिशत) रहेको छ ।

चार्ट ३.५ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था




स्रोत : स्रोतः बैंक तथा वित्तीय संस्था नियमन विभाग

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

***कृषि बाली***

- समय समयमा कृषि बालीमा देखा पर्ने विभिन्न रोगहरु जस्तैः मकै बालीमा अमेरिकन फौजी किरा, आलुमा डडुवा रोग, सुन्तलामा औँसा किरा तथा अन्य विभिन्न प्रजातीका रोगहरुको समयमै पहिचान गरी यसको प्रकोप नियन्त्रण गर्दै कृषि बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।

- पहाडी क्षेत्रबाट तराईमा वसाँइसराइ हुने जनसंख्या बढ्दै गइरहेकाले पहाडमा उर्वरायुक्त भूमि बाँझिदै गएको तर तराई क्षेत्रमा उर्वरायुक्त भूमि शहरीकरणका लागि प्रयोग भई खण्डीकरण भइरहेको सन्दर्भमा पहाडी क्षेत्रमा बाँझिएको जमिनमा कृषि बाली उत्पादन गर्नु र तराईको उर्वरायुक्त खेतीयोग्य जमिनको खण्डीकरण हुने कार्यलाइ रोकि उत्पादन वृद्धि गर्नु ।

- जलवायु परिवर्तनका कारण समयमा वर्षा नहुने, बेमौसमी वर्षा, हावाहुरी, खडेरी तथा तापमान वृद्धिका कारण धान, मकै, कोदो लगायतका अन्य कृषि बालीको फुल र फल लाग्ने नियमित प्रकृयामा आएको उत्परिवर्तनको नियन्त्रण गरी उत्पादन वृद्धि गर्नु ।

- खुला सिमानाको कारण कृषिजन्य उपजहरुको अत्याधिक चोरी, अवैध पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्नु र सोको कार्यान्वयन गर्नु ।

- कृषकहरुलाई बाली लगाउने समयमा सर्वसुलभ मूल्यमा रासायनिक मल, उन्नत बीउ, आधुनिक खेती प्रणालीका लागि आवश्यक प्रविधि तथा उपकरण उपलब्ध गराउँदै निर्वाहमूखी खेती प्रणालीलाई सुधार गर्दै व्यवसायिक खेती प्रणालीमा रुपान्तरण गर्नु ।

- रासायनिक मलको अधिक र अविवेकशील प्रयोगबाट माटोको उर्वराशक्तिमा हुने दीर्घकालीन क्षयको बारेमा चेतना जागृत गर्दै वैज्ञानिक तवरले रासायनिक मलको प्रयोग गर्ने वातावरण सिर्जना गर्नु तथा प्राङगारिक मलको उत्पादन तथा प्रयोग बढाउँदै लैजानु ।

- कृषि उपजहरुको उत्पादन वृद्धि गर्न तथा उत्पादित उपजहरु नबिग्रियोस् भनी भण्डारण गृहमा आयु बढाउनका लागि मानव स्वास्थ्यलाई असर गर्ने रासायनिक विषादीहरुको अविवेकशील प्रयोग न्यूनीकरण गर्दै स्वास्थ्यवर्धक खाद्यान्न, तरकारी तथा फलफूल उपलव्ध गराउनु ।

- कतिपय कृषि उपज तथा तरकारीको उत्पादनदेखि अन्तिम उपभोक्तासम्म हाल कायम रहेको मध्यस्थकर्ताहरुको तहगत श्रृङ्खला तोडी कृषकहरुलाई उत्पादित कृषि उपजको उचित मूल्य दिलाउने ।

- हाल कार्यान्वयनमा रहेको नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजमध्ये यस प्रदेशमा उत्पादन हुने उच्च मूल्यका कृषि उपजको पहिचान, उत्पादन, विविधीकरण र बजारीकरण गर्नु ।

- शीत भण्डारण/भण्डारण गृह, कृषि उत्पादन संकलन केन्द्र निर्माण गर्नु तथा निर्माण भएका शीतभण्डारण गृह पूर्ण क्षमतामा सञ्चालन गरी कृषि उत्पादनको समयानुकूल उचित मूल्य प्रदान गर्नु तथा भण्डारण गृह र बजार अभावमा कृषि उत्पादन बारीमा नै खेर गइरहको अवस्थालाई न्यूनीकरण गर्दै कृषि उपजको बजारीकरण गर्नु ।

- माटोको गुणस्तर/उर्वराशक्ति परीक्षण गरी उपयुक्त बाली छनोटका साथै बीउबीजन तथा उत्पादनको परीक्षण गर्ने प्रयोगशाला प्रत्येक स्थानीयतहसम्म विस्तार गर्ने ।

- हाल उपलब्ध श्रमशक्तिलाई व्यवसायिक कृषि पेशा अँगाल्न आकर्षित गर्ने तथा हाल कृषि पेशा नै अपनाएको श्रमशक्तिलाई व्यवसायिक कृषकमा रुपान्तरण गरी टिकाई राख्नु ।

***<u>पशुपंक्षी तथा मत्स्यपालन</u>***

- प्रदेश नं. १ मा बंगुर पालन व्यवसाय तीव्ररुपमा विस्तार भई बंगुर तथा पाठापाठीको अधिक उत्पादन भएकाले मासु प्रयोजनका लागि बंगुर तथा व्यवसाय विस्तारका लागि पाठापाठीको उचित मूल्यमा बिक्री गर्नु ।

- पशुपंक्षीले खाने आहाराको मूल्य वृद्धिदरको तुलनामा पशुपंक्षीजन्य उत्पादनको मूल्य वृद्धि कम भएकोले पशुपंक्षी व्यवसायप्रति कृषकलाइ आकर्षित गरी पशुपंक्षीजन्य उत्पादनलाई उचित मूल्य प्राप्त हुने अवस्था सिर्जना गर्नु ।

- हिमाली तथा पहाडी क्षेत्रमा जनशक्ती अभाव तथा चरन क्षेत्रको विनास हुँदै गएको अवस्थामा गाइ, भैंसी र चौंरीगाई पालन व्यवसायलाई दीर्घकालीन रुपमा सञ्चालन गरी लागत प्रभावी बनाउनु ।

- मानव स्वास्थ्यका दृष्टिकोणले स्वस्थ्यकर तथा विभिन्न रोग र महामारीबाट जोगिन सक्ने क्षमता भएका स्थानीय रैथाने जातका बाली संरक्षण गर्ने तथा पशुजन्य उत्पादनलाई बढवा दिई उत्पादकत्व वृद्धि गर्नु ।

- संघीय, प्रदेश तथा स्थानीयतहका विभिन्न निकायमा छरिएर रहेका कृषि सम्बन्धी दक्ष प्राविधिक जनशक्तिले प्रदान गर्ने सेवा स्थानीय कृषकको पहुँचसम्म पुऱ्याउने ।

- सहुलियतपूर्ण कृषि तथा पशुपक्षी कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गराउनु ।

- कृषकमैत्री बाली तथा पशु वीमा सेवा सम्बन्धी नीति तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु ।

***<u>सिँचाइ</u>***

- प्रदेश नं. १ मा कुल खेतीयोग्य जमिनको ३६.६ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाइ सुविधा पुगेको छ । भौगोलिक विकटता, बजेट अभावका कारण थप सिँचाइ सुविधा विस्तार गर्न जटिल भएसंगै सिँचाइ अपुग भएको क्षेत्रमा सिँचाइ सुविधा पुर्याइ उत्पादन गर्नु ।

- कठिन भू-बनौट अनुकुल सिँचाइ पूर्वाधारको विकास गरी हालको मौसमी निर्भरता अन्त्य गर्नु ।

- बढ्दो शहरीकरणको कारण भईरहेको खेतीयोग्य जमिनको खण्डीकरण रोक्ने तथा बाँझो रहेको खेतीयोग्य जमिनको व्यवसायिक कृषि प्रयोजनमा उपयोग गर्ने नीतिगत व्यवस्थाको व्यवहारिक कार्यान्वयन गर्नु ।

**सम्भावना**

***कृषि बाली***

- विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड नै स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकेमा चिया खेती विस्तार भई व्यापार सन्तुलनमा समेत टेवा पुग्ने ।

- कृषि, फलफूल तथा जडिबुटीजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको विकास र विस्तार गर्न उद्योग-कृषक करार खेती सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई लागतलाभ हासिल हुने तथा कृषिको व्यवसायीकरणमा टेवा पुग्ने ।

- कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, वेसार, अलैची, गेडागुडीको दाल, घिउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुरा जस्ता अर्गानिक कृषिजन्य उपजको आन्तरिक तथा संसारका विभिन्न मुलुकमा बसोवास गर्ने नेपालीको समेत अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरुको उत्पादन हबको रुपमा विकास गर्न सकिने ।

- पहाडी क्षेत्रका बाँझो जमिनमा हर्रो, बर्रो, अमला, बेल तथा रिठ्ठा जस्ता वनजन्य उत्पादनको व्यवसायिक खेती गरी आयुर्वेदिक औषधिका लागि कच्चा पदार्थ उत्पादन गरी औषधिजन्य कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन सकिने ।

- प्रदेश नं. १ सरकारले बजेटका कार्यक्रम मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न बिउ प्रशोधन तथा भण्डारण गृह निर्माण, रासायनिक मल पूर्वाधारको विकास र प्राङगरिक मल प्रवर्द्धन गर्न आवश्यक बजेटको विनियोजन गरी प्राथमिकता प्राप्त क्षेत्रमा वर्गीकरण गरेकाले कृषि उत्पादन र उत्पादकत्व बढ्न सक्ने ।

- संघ, प्रदेश एवं स्थानीय तहबाट सञ्चालन हुने कृषि सम्बन्धी प्रविधिक तालीम तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमले कृषि व्यवसायप्रति सर्वसाधारणको आकर्षण बढ्ने देखिन्छ ।

- संघीय सरकारबाट सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना एवम् प्रदेश नं. १ सरकारबाट सञ्चालित प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सके यस प्रदेशमा कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुने देखिन्छ ।

- नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजबाहेक यस प्रदेश अन्तर्गत रहेका १४ जिल्लामा उत्पादन हुने कृषि तथा फलफूलजन्य उपजको जिल्लागत रुपमा तुलनात्मक लाभको अध्ययन गरी सोही अनुसार पकेट क्षेत्र तोकी निर्यातयोग्य कृषि तथा फलफूलजन्य उपजको उत्पादन वृद्धि गर्न सकिने । जस्तैः किवी, वेल, एभोकाडो, सुन्तला, कागती (भोजपुर), रुद्राक्ष, ड्रागनफ्रुट, सुपारी, प्राकृतिक रबर आदि ।

- पूर्व-पश्चिम लोकमार्ग र हुलाकी मार्गको स्तरोन्नति, मध्य पहाडी लोकमार्ग, तराई–पहाड जोड्ने मार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी छिमेकी मुलुकमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

***पशुपंक्षी तथा मत्स्यपालन***

- प्रदेश नं. १ सरकारले चालु आर्थिक वर्षको बजेट मार्फत बाली तथा पशुधन बीमालाई प्रवर्द्धन गर्न बीमा कम्पनी र स्थानीय तहसँग समन्वय गर्ने योजना बनाएकाले पशुपालन व्यवसायमा विद्यमान रहेको विभिन्न रोग तथा दुर्घट्नाका कारण हुने क्षतिको जोखिम न्यूनीकरण हुँदै पशुजन्य उत्पादन वृद्धि हुन सक्ने ।

- प्रदेश नं. १ का हिमाली क्षेत्रमा मुख्य व्यवसायको रुपमा रहेको चौरी पालनसँग सम्बन्धित उत्पादनहरु जस्तै : चौरी गाईको दूध, घिउ र छुर्पीको माग पश्चिमी देशहरुमा अत्याधिक रहेको सन्दर्भमा उक्त व्यवसायलाई आधुनिकीकरण गरी हिमाली भेगमा बसोबास गर्ने मानिसहरुको बसाईसराइको क्रम रोक्न सकी व्यवसायलाई निरन्तरता दिने वातावरण बनाउन सके वैकल्पिक विदेशी मुद्राआर्जनको स्रोतको रुपमा विकास गर्न सकिने ।

- नेपाल पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको घोषणा तथा प्रदेश नं. १ सरकारले बजेट मार्फत कृषकलाई प्रति लिटर दूध उत्पादनमा अनुदानको व्यवस्था गरेकोले प्रदेश नं. १ का कृषकहरुले पशुपालन व्यवसायलाई लागत प्रभावी बनाई माग बमोजिमको पशुजन्य उत्पादन गरी बजार विस्तार गर्न सक्ने ।

- यस प्रदेशको उच्च हिमाली भेगमा प्रशस्त मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, बाखापालन) तथा जडिबुटी (चिराइतो, पाँचऔले, जटामसी, पाषणभेद जस्ता) खेतीको प्रवर्द्धन तथा पहाडी भेगमा किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरुबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।

- एकीकृत रुपमा व्यवसायिक कृषिबाली तथा पशुपंक्षीपालन गर्न कृषकलाई प्रोत्साहन गर्न सके कृषकको आय स्तरमा वृद्धि हुने ।

***सिँचाइ***

- पहाडी दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत विद्युत तथा सोलार सुविधाको पहुँच पुगेको र सदाबहार बहने नदीबाट विद्युत तथा सोलार मार्फत लिफ्टिङ प्रविधिको प्रयोग गरी सुख्खा जमिनमा समेत सिँचाई सुविधा पुगेकाले प्रदेश नं. १ को समग्र कृषि बालीको उत्पादन वृद्धि गर्न सकिने ।

- सरकारको नीति तथा कार्यक्रममा सिँचाइमा खपत हुने विद्युत महसुलमा सहुलियत प्रदान गर्ने घोषणा अनुरुप सहुलियत दरको सिँचाइ सुविधाले कृषि क्षेत्रको लागत कम भई उत्पादन प्रतिस्पर्धी हुने ।

- अन्न भण्डारको रुपमा रहेका प्रदेश नं. १ का झापा, मोरङ र सुनसरी जिल्लाहरुमा प्रदेश गौरवका ठुला सिँचाई परियोजना सञ्चालन तथा पहाडी जिल्लाहरुमा साना/लघु सिँचाई कार्यक्रम सञ्चालन गर्ने प्रदेश नं. १ सरकारको नीतिको परिणाम स्वरुप कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने ।

- निरन्तर रुपमा जल प्रवाह हुनसक्ने ठुला नदीनालाहरुको आपसपासमा जलासय निर्माण गरी सिँचाइ प्रणालीलाई बहुउद्देश्य ढाँचामा सञ्चालन गर्न सकिने ।

- विस्तार हुँदै गएको सडक सञ्जालले उच्च तथा मध्य पहाडी भु-भाग र घना बस्ती भएका तराईका शहर तथा जिल्ला सदरमुकाम बीच सहज पँहुच हुँदै गएकोले तरकारी, औषधिजन्य वस्तु तथा पशुपालन व्यवसायमा संलग्न हुने जनसंख्या बढ्दै जाने ।

# बुद्ध एयरद्वारा प्रवर्द्धित आरजु राईस मिल: एक अध्ययन

## पृष्ठभुमि

केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०७८/७९ का लागि प्रक्षेपण गरेको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत तथा प्रदेश नं. १ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ३३.१ प्रतिशत रहेको सन्दर्भमा कृषि क्षेत्रमा अवलम्बन गरिने आधुनिक प्रविधिमा आधारित तथा सामुहिक खेती प्रणाली, यान्त्रीकरण तथा व्यवसायीकरणले समग्र उत्पादन र उत्पादकत्वमा वृद्धि गरी मुलुक कृषि उपजमा आत्मनिर्भर बन्ने दिशातर्फ उन्मुख हुने गर्दछ । कृषिलाई उद्योग क्षेत्रसँग अन्तरआवद्ध गर्न ठुलो स्तरमा उत्पादन गर्नुपर्ने आवश्यकतालाई पूरा गर्नका लागि नेपालका ठुला व्यवसायिक लगानीकर्ताले कृषि क्षेत्रको प्रवर्द्धन गर्नु अपरिहार्य छ । यसै सन्दर्भमा बुद्ध एयरले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत कृषि क्षेत्रमा सामुहिक खेती प्रणालीलाई प्रवर्द्धन गर्न तथा कृषि क्षेत्रमा अग्रसम्बन्ध (Forward integration) र पृष्ठ सम्बन्ध (Backward Integration) को अवधारणालाई कार्यान्वयन गर्नका लागि आधुनिक चामल उद्योग स्थापना गरेको छ। यस कार्यालयले आर्थिक वर्ष २०७८/७९ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने शिलशिलामा स्थलगत अवलोकन गरी उद्योगका व्यवस्थापकसँग संवादमा आधारित भएर आवश्यक तथ्याङ्क संकलन गरी यो संक्षिप्त अध्ययन तयार गरिएको छ ।

## उद्योगको परिचय

प्रदेश नं १ को बेलवारी नगरपालिका वडा नं ९ डांगीहाटमा स्थापित आरजु राइस मिल प्रा.लि. प्रदेशका धान प्रशोधन तथा चामल उत्पादन गर्ने उद्योगहरुमध्ये ठुलो निर्माणाधीन उद्योग हो । यो उद्योगको स्थापना बुद्ध एयर क.लि.का संस्थापक एवं प्रवन्ध निर्देशक बिरेन्द्र बहादुर बस्नेतले गरेका हुन् । वि.सं २०७७ साल पुषबाट निर्माण शुरु गरिएको यस उद्योगको ८० प्रतिशत निर्माण सम्पन्न भइसकेको छ भने २०७९ पुस मसान्तसम्ममा आफ्नो उत्पादन उपभोक्तासम्म पु¥याउने लक्ष्य राखेको छ । कृषि क्षेत्रको आधुनिकीकरण र बजारीकरणमा जोड दिँदै स्थापना गरिएको यस उद्योगको लागत रु.५० करोड रहेको छ भने वार्षिक अनुमानित आम्दानी रु.३५ करोड ७६ लाख रहेको छ । यस उद्योगले करिब ३ वर्षमा आफ्नो सम्पूर्ण लगानी फिर्ता हुने (break even point) व्यवसायिक योजना बनाएको छ । विशेषत नेपालका मध्यम तथा उच्च वर्गका उपभोक्ताले उपभोग गर्ने जिरा बास्मती तथा जिरा मसिनो जस्ता चामल छिमेकी मुलुक भारतबाट आयात हुने वर्तमान परिप्रेक्ष्यमा यस वर्गको मागलाई मध्यनजर गर्दै यस उद्योगले रामधान र तेज गोल्ड धानको उत्पादन तथा प्रसोधन गरी स्थापनाको सुरुवाती दिनमा आयात प्रतिस्थापन गर्ने तथा भविष्यमा आफ्नो उत्पादन बढाउदै छिमेकी मुलुक लगायत विश्वबजारमा समेत प्रवेश गर्ने रणनीति लिएको छ ।

## सञ्चालन तथा क्षमता

करिब पाँच वर्ष अगाडि देखि नै यस मिल सञ्चालन सम्बन्धी अध्ययन गरेको यस उद्योगले झापा, मोरङ, सुनसरी लगायतका जिल्लामा यी धानहरुको बिउ किसानहरुलाई परीक्षणको रुपमा वितरण गरेको छ र तराईका जिल्लाहरुमा प्रतिकठ्ठा १६० के.जी.(४ मन) सम्म फल्ने उद्योगको दावी रहेको छ । यस उद्योगले मोरङ र सुनसरी जिल्लाको करिब ३००० विगाहा जमिनमा सामूहिक खेति गराउने लक्ष्य लिएको छ । यस उद्योगले २०७९ को बर्षायामका लागि रु १२०० प्रति मन मिल गेट सर्मथन मूल्य निर्धारण गरेको छ भने किसानहरुबाट खरिद गरेको धानको रकम २ दिन भित्र बैंकमार्फत भुक्तानी दिने प्रतिबद्वता जनाएको छ। त्यस्तै, यस उद्योगले बाली लगाउनेदेखि बाली भित्र्याउने समयसम्म निरन्तर किसानहरुसँग सहकार्य गर्ने गर्नेछ । उन्नत जातको धानको बिउका अतिरिक्त किसानहरुलाई विउ रोप्न तथा काट्न आवश्यक आधुनिक औजार, उपकरण, बालीको विमा सुविधा, कृषि विशेषज्ञ सेवा साथै किसानहरुलाई आवश्यक पर्ने वित्तीय स्रोत मेगा बैंकमार्फत सहुलियतपूर्ण कर्जाका रुपमा उपलब्ध गराउने योजना बनाएको छ । जर्मनको बुलर प्रविधिमा आधारित यस उद्योगले विशेषगरी लङ ग्रेन (६.५-७.५ एम.एम.) चामल वार्षिक २० हजार मेट्रिक टन उत्पादन गर्ने लक्ष्य लिएको छ भने करिब ५० जनालाई प्रत्यक्ष रोजगारी दिने अनुमान गरेको छ। यस उद्योगमा प्रति च्याम्वर ३५०० मेट्रिक टन भण्डारण गर्न सकिने ३ बटा भण्डारण च्यामवर रहने छन् ।

## उद्योगका उद्देश्य:

- नेपाली कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न कृषि परमर्श सेवा, वित्तीय सेवा, प्राविधिक सेवा, अभिमुखीकरण जस्ता माध्यमबाट नेपालका युवा पुस्तालाई कृषि पेशामा आकर्षित गरी रोजगारी सिर्जना गर्नु ।

- बिचौलियातन्त्रको न्यूनीकरण गर्दै आम उपभोक्तालाई सर्वसुलभ, गुणस्तरीय र उचित मूल्यमा देशभित्र चामल आपूर्ति गरी छिमेकी मुलुक भारतबाट हुने आयातीत चामललाई आंशिक रुपमा भएपनि प्रतिस्थापन गर्नु ।
- कृषियोग्य भूमि खण्डीकरण भईरहेको परिप्रेक्ष्यमा सामूहिक खेती (community cultivation) को अवधारणाको प्रवर्द्धन गर्नु ।
- कृषि क्षेत्रमा अत्याधुनिक विश्वस्तरीय प्रविधिहरुको प्रयोग र प्रविधि हस्तान्तरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

**उद्योगका चुनौती तथा जोखिमहरु**

- भरपर्दो र दीगो रुपमा विद्युत आपूर्ति नहुदा बैकल्पिक उर्जाको व्यवस्था गर्दा एकातर्फ लागत बढ्ने तथा अर्कोतर्फ उद्योग पूर्ण क्षमता उपयोग हुन नसक्नु ।
- दक्ष जनशक्तिको आवश्यकता, बढ्दो ज्यालादर, विश्वव्यापी रुपमा बढेको कच्चा तेलको मूल्य, अर्थतन्त्रमा भएको संरचनागत अवरोध (structural botteleneck), आपूर्ती प्रणालीको तहगत श्रृंखला आदि कारणले उत्पादनको औसत लागत बढ्न गई प्रतिस्पर्धी क्षमतामा ह्रास आउन सक्ने ।
- आम उपभोक्तालाई नेपाली उत्पादनप्रति विश्वास जगाई यसको उपभोगप्रति आकर्षित गर्नु ।
- अत्याधुनिक उपकरण सञ्चालन गर्ने दक्ष जनशक्ति प्राप्त गर्नु र त्यसलाई कायम (Retain) गराई राख्नु ।
- ठूलो पूँजी, एकल लगानी, अन्य प्रतिस्पर्धीहरुको अभाव जस्ता कारणले गर्दा यस क्षेत्रमा उद्योगको एकाधिकार सिर्जना भई भविष्यमा किसान र आम उपभोक्ताको हित संरक्षण हुन नसक्नु ।

**अध्ययनको निष्कर्ष**

- कृषि क्षेत्र नै नेपाली अर्थतन्त्रको विकासको सम्वाहक हो भन्ने यर्थाथ नेपाल सरकारले विगतदेखि नै महशुस गर्दै आईरहेको तथा देशको ठुलो जनसंख्याको हिस्सा कृषि पेशामा आश्रित रहेको परिप्रेक्ष्यमा नेपाल सरकारले आफ्नो आवधिक योजना, दीर्घकालीन कृषि विकास रणनीति, वार्षिक नीति तथा कार्यक्रम मार्फत यस क्षेत्रको विकास, विस्तार र आधुनिकीकरणका लागि विभिन्न योजना तथा कार्यक्रमहरु अघि सारेको देखिन्छ । यति हुँदाहुँदै पनि कृषि क्षेत्रले नेपाली अर्थतन्त्रमा अपेक्षाकृत योगदान दिन सकिरहेको देखिदैन । भौतिक पूर्वाधारको कमी, बजारीकरणको अभाव, वित्तीय पहुँचको कमी आदि कारणले गर्दा कृषि क्षेत्रमा निजी लगानी आकर्षित हुन नसकिरहेको परिप्रेक्ष्यमा यस क्षेत्रमा स्थापनाको हुने आरजु राईस मिलले कृषि क्षेत्रको विकास, विस्तार तथा आधुनिकीकरण गरी कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्न समग्र प्रदेशलाई दिशा निर्देश गर्न सक्ने देखिन्छ ।
- यस उद्योगको स्थापना पश्चात ठुलो क्षेत्रफलमा धान खेती गर्न अरु स-साना उद्योगहरु, मल बिउ उत्पादन गर्ने, कृषि सामग्री उत्पादन गर्ने उद्योगहरुको स्थापना भई अग्र सम्बन्ध (forward linkage effect) स्थापना हुन सक्ने सम्भावना देखिन्छ भने चामलको वितरण र बजारीकरण प्रणालीमा अन्य सरोकारवाला ईकाइहरुको स्थापना हुने सम्भावनाले (backward linkage effect) पृष्ठ सम्बन्ध उत्पन्न हुन सक्छ । यसबाट समग्र अर्थतन्त्रमा रोजगारी सिर्जना भई जनताको आयस्तर बढ्ने तथा आयातित चामलको हिस्सा घट्न गई व्यापार घाटा समेत न्यूनीकरण गर्न टेवा पुग्न सक्ने समेत देखिन्छ ।
- समग्र अर्थतन्त्रमा नै महत्वपूर्ण योगदान पुऱ्याउने यस उद्योगका लागि प्रादेशिक एवम् संघीय सरकारले सहजकर्ताको भूमिका खेली कृषि पूर्वाधारहरुको विकास, उर्जाको निरन्तर प्रवाह, बन्द, हडताल, तालाबन्दी जस्ता राजनीतिक घटनाक्रमहरुको न्यूनीकरण तथा उद्योगले राज्यबाट पाउनु पर्ने सेवा/सुविधामा एकद्वार प्रणालीमार्फत वितरण गरी यस किसिमका परियोजना प्रवर्द्धन गर्न सके कृषिमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सहज हुने देखिन्छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र


## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी

### *उद्योगको क्षमता उपयोग*

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशका नमूना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५२.६ प्रतिशत रहेको छ। अर्थिक वर्ष २०७७/७८ मा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ५३.४ प्रतिशत रहेको थियो। विशेष गरी तयारी लत्ता कपडा उत्पादन गर्ने गार्मेण्ट उद्योग, सिन्थेटिक कपडा, फलामे छड तथा पत्ती, चप्पल जस्ता वस्तुहरु उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा कमी आएकाले उद्योगको औसत क्षमता उपयोगमा केही कमी आएको देखिन्छ।

उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा तोरीको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९२.० प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ५.४ प्रतिशत रहेको छ। त्यसैगरी चाउचाउ, पशुदाना र ईंटा उद्योगले ८० प्रतिशत भन्दा बढी क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पती घिउ र गार्मेण्ट उत्पादन गर्ने उद्योगको क्षमता उपयोग २०.० प्रतिशत भन्दा कमी रहेको छ।


**चार्ट ४.१ : उद्योगको क्षमता उपयोगको अवस्था**




स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु

प्रदेश नं. १ का नमूना छनोटमा परेका उद्योगहरुको पछिल्लो पाँच वर्षको औसत क्षमता उपयोग ५७.८ प्रतिशत रहेको छ। नेपालबाट बढी परिमाणमा निर्यात हुने प्रशोधित चिया, सिमेण्ट, वनस्पती घिउ, तयारी कपडा उत्पादन गर्ने उद्योगहरु मध्ये चाउचाउ उत्पादन गर्ने उद्योगको विगत पाँच वर्षको क्षमता उपयोग बढी रहेको, तयारी कपडा उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा उतारचढाव आएको देखिन्छ भने अन्यको वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग निरन्तर घटिरहेको देखिन्छ।

**चार्ट ४.२ : निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगको पछिल्लो ५ वर्षको क्षमता उपयोगको अवस्था**





स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

### *उद्योगको उत्पादन*

आर्थिक वर्ष २०७८/७९ मा यस अध्ययनमा समेटिएका उद्योगहरुको उत्पादनमध्ये इँटाको उत्पादन सबैभन्दा बढी २०१८.३ प्रतिशतले बढेको छ भने गार्मेण्टको उत्पादन सबैभन्दा बढी ८९.९ प्रतिशतले घटेको छ। कोभिड -१९ का कारण रोकिएका निर्माणजन्य गतिविधि सुचारु भएसँगै इँटाको मागमा वृद्धि भएको, कोभिड-१९ को प्रभाव न्यूनीकरण भएसँगै भारतीय कामदार काममा फर्किन थालेका कारण उद्योग पूर्ण क्षमतामा सञ्चालन भएको तथा Base Effect का कारण समेत अघिल्लो वर्षको तुलनामा उत्पादन उच्च भएको देखिएको छ। तयारी कपडा उद्योगले गतवर्ष उत्पादन गरेको मौज्दात नै बिक्री नभई बाँकी रहेकाले अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा तयारी कपडाको उत्पादन घटेको देखिन्छ।

**चार्ट ४.३ : उद्योगको उत्पादन वृद्धिदर अवस्था**




स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु


अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा कागजको उत्पादन ४७.५ प्रतिशत, चामलको उत्पादन ४३.८ प्रतिशत, भटमासको तेल ३६.७ प्रतिशत बढेको छ भने चप्पलको उत्पादन ३२.२ प्रतिशत, जि.आइ.तारको उत्पादन २८.१ प्रतिशतले घटेको छ । यस अध्ययनमा समेटिएका चामल उद्योगहरुले भारतबाट धान आयात गरी जिरा मसिनो चामल उत्पादन गरेकाले चामलको उत्पादन बढेको पाइएको छ । वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरु पामतेल तथा भटमासको तेल उत्पादनमा रुपान्तरण भएको तथा भारतीय बजारमा भटमासको तेलको माग अत्याधिक वृद्धि भएको कारण भटमासको तेल उत्पादनमा वृद्धि भएको देखिन्छ । त्यसैगरी नेपाल सरकारले जि.आइ. तारको कच्चा पदार्थको आयातमा लाग्दै आएको भन्सार महशुलमा गरेको वृद्धि तथा भारत सरकारले पनि आफ्ना उद्योगहरुलाई कच्चा पदार्थ उपलव्ध गराउन फलाम तथा स्टिल विलेटको कच्चा पदार्थ निर्यातमा १५ प्रतिशत भन्सार महशुल लगाएका कारण लागत बढ्दा जि.आई तारको उत्पादन घटेको देखिन्छ ।

***औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था***

यस अध्ययनमा समेटिएका ठुला ४२ उद्योगहरुमा आर्थिक वर्ष २०७७/७८ मा कुल १८,३४५ जना श्रमिक कार्यरत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ५.९ प्रतिशत श्रमिकले रोजगारी गुमाइ १७,२७० जना कार्यरत रहेका छन् । आर्थिक वर्ष २०७७/७८ को तुलनामा प्रदेश नं. १ का मोरङ, सुनसरी, झापा, इलाम र उदयपुर जिल्लामा रहेका उद्योगहरुमध्ये सुनसरीमा रहेका उद्योगमा १२.२ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् भने मोरङ जिल्लामा रहेका उद्योगमा २.१ प्रतिशत र अन्य जिल्लामा रहेका उद्योगमा ९.५ प्रतिशत थप रोजगारी सिर्जना भएको छ ।

आर्थिक वर्ष २०७७/७८ को तुलनामा २०७८/७९ मा साबुन उत्पादन गर्ने उद्योगहरुमा सबैभन्दा बढी ३८.० प्रतिशतले रोजगारी कटौती भएको छ भने घरेलु धातुका समान उत्पादन गर्ने उद्योगहरुमा सबैभन्दा बढी ५२.९ प्रतिशतले रोजगारीमा वृद्धि भएको छ । त्यसैगरी, वनस्पती घिउ तथा तेल उद्योगमा २२.० प्रतिशत, जुटका सामान उत्पादन गर्ने उद्योगमा ११.४ प्रतिशत र चामल तथा पशुदाना उत्पादन गर्ने उद्योगमा १०.५ प्रतिशतले रोजगारी कटौती भएको छ भने ईंटा र सिमेन्ट उद्योगमा २५.४ प्रतिशत, प्लाष्टिकका सामान र पोलिथिन पाइप उत्पादन गर्ने उद्योगमा २१.७ प्रतिशत रोजगारी थप भएको छ ।

**चार्ट ४.४ : औद्योगिक समूह अनुसार रोजगारीमा आएको परिवर्तन**





स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु

आ.व. २०७७/७८ मा प्रदेश नं.१ को कुल औद्योगिक रोजगारीमा ६३.६ प्रतिशत पुरुष र ३६.४ प्रतिशत महिला कामदारको सहभागिता रहेकोमा समीक्षा वर्षमा कुल रोजगारीमा पुरुषको सहभागिता ६९.९ प्रतिशत र महिलाको सहभागिता ३०.१ प्रतिशत रहेको छ ।

त्यसैगरी, आ.व.२०७७/७८ मा प्रदेश नं.१ को कुल औद्योगिक रोजगारीमध्ये ९३.८ प्रतिशत स्वदेशी र ६.२ प्रतिशत विदेशी कामदारहरुले रोजगारी प्राप्त गरेका थिए भने समीक्षा वर्षमा कुल औद्योगिक रोजगारीमा स्वदेशी र विदेशी कामदारको सहभागिता क्रमशः ९३.३ प्रतिशत र ६.७ प्रतिशत रहेको छ । विशेष गरी फेब्रिकेटेड धातुका सामान समूह, गैरधातु खनिज जन्य उत्पादन समूह(इँटा र सिमेण्ट) र वनस्पति घिउ तथा तेल समूहका उद्योगहरुमा तुलनात्मक रुपमा अन्य समूहका उद्योगहरुमा भन्दा बढी अनुपातमा विदेशी कामदारहरुलाई रोजगारी प्रदान गरिएको छ । उद्योगको कुल श्रमिक संख्यामा फेब्रिकेटेड धातुका सामान समूहका उद्योगमा कुल विदेशी कामदारको हिस्सा प्रतिशत ३३.१ प्रतिशत, गैरधातु खनिज जन्य समूहमा १८.९ प्रतिशत र वनस्पति घिउ तथा तेल समूहमा १२.८ प्रतिशत रहेको छ ।

**चार्ट ४.५ : स्वदेशी र विदेशी कामदारको अवस्था**




स्रोतः अध्ययन क्षेत्रमा समेटिएका उद्योगहरु

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा कुल औद्योगिक कर्जा १६.५ प्रतिशतले घटेर रु.१ खर्ब २१ कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा ११.५ प्रतिशतले बढेको थियो । विशेष गरी निर्माण, खानी र विद्युत ग्यास तथा पानी उत्पादन गर्ने उद्योगमा प्रवाह भएको कर्जा घटेकाले समग्र औद्योगिक कर्जा घटेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी १३.९ प्रतिशतले बढेको छ भने निर्माण सम्बन्धी उद्योगलाई प्रवाहित कर्जा सबैभन्दा बढी ७३.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष उक्त कर्जाहरु क्रमशः ११.० प्रतिशत र ९.० प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा निर्माणजन्य वस्तुको मूल्य उच्च भएका कारण निर्माणसँग सम्बन्धित गतिविधि प्रभावित भई यस क्षेत्रमा प्रवाहित कर्जा घटेको देखिन्छ । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २२.३ प्रतिशत रहेको छ । कुल औद्योगिक कर्जामध्ये गैरखाद्य वस्तु सम्बन्धी उद्योगर्फ सबैभन्दा बढी ५०.८ प्रतिशत र विद्युत, ग्यास तथा पानीतर्फ सबैभन्दा कम ०.८ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ४.१ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था**

| सेवा क्षेत्र | कर्जा (रु. करोडमा) | | | वृद्धिदर | | औद्योगिक कर्जामा हिस्सा |
|---|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०७८ | २०७९ | २०७९ |
| खानी सम्बन्धी | १३१.३ | १७१.६ | १५१.७ | ३०.७ | -११.६ | १.३ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ३००२.१ | ३३३३.५ | ३७९८.२ | ११.० | १३.९ | ३१.४ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ५१५७.१ | ५६६१.३ | ६१५१.० | ९.८ | ८.६ | ५०.८ |
| निर्माण | ४११२.१ | ४४८१.६ | ११७५.३ | ९.० | -७३.८ | ९.७ |
| विद्युत, ग्यास तथा पानी | ९७.५ | १३६.५ | ९१.४ | ४०.० | -३३.१ | ०.८ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ५१५.७ | ७२५.२ | ७४६.२ | ४०.६ | २.९ | ६.२ |
| **कुल औद्योगिक क्षेत्र कर्जा** | **१३,०१५.९** | **१४,५०९.८** | **१२,११३.८** | **११.५** | **-१६.५** | **१००.०** |

स्रोत : नेपाल राष्ट्र बैंक

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**सम्भावनाहरु**

- आर्थिक वर्ष २०७८/७९ मा नेपालमा उत्पादन भएको ८७.७ प्रतिशत चिया भारतमा मात्र निर्यात भईरहेको देखिन्छ। भारत भन्दा तेस्रो मुलुकमा निर्यात गर्दा दोब्बर भन्दा बढी मूल्य प्राप्त हुने हुँदा प्रशोधन, ग्रेडिङ, ब्राण्डीङ लगायत सम्बन्धित देशको मापदण्ड पूरा गरी तेस्रो मुलुकमा निर्यात गर्न सके तुलनात्मक रुपमा अधिक लाभ लिन सकिने ।
- कृषि तथा वनजन्य उत्पादनहरु अलैंची, अम्रिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना र सञ्चालन गरी विदेशी कागज आयातमा कटौती गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न सकिने ।
- यस प्रदेशका भित्री मधेश, पहाडी तथा हिमाली जिल्लाहरुमा सडक सञ्जालमा भएको विस्तार तथा विकासका अन्य पूर्वाधारमा गरिएको लगानीले तीव्र शहरीकरण भएकाले औद्योगिक उत्पादनको बजार विस्तार गर्न सकिने ।
- भारत वा तेस्रो मुलुकबाट कच्चा पदार्थ पैठारी तथा तयारी वस्तुको निकासी गर्नका लागि भारतीय सीमा नाकासम्म पहुँच सहज भएकाले यस प्रदेशमा उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर सृजना/वृद्धि गर्न सकिने ।
- सहुलियतपूर्ण कर्जा तथा औद्योगकि क्षेत्रलाई न्यून ब्याजदरमा कर्जा प्रवाह तथा ऊर्जाको नियमित आपूर्ति मार्फत उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने ।
- आशिंक रुपमा वनले ढाकेको भूक्षेत्र वृद्धि भइरहेकाले वन तथा जडिबुटिमा आधारित उद्योगको स्थापना गरी वनजन्य उत्पादनमा वृद्धि गरी निर्यात बढाउन सकिने ।

**चुनौतीहरु**

- समय समयमा फेरबदल गरेका करका दर तथा सीमाहरुका कारण सृजना भएका विवादले औद्योगिक क्षेत्रमा गरिएको बन्द, हड्ताल तथा सडक आन्दोलनको न्यूनीकरण गरी पूर्ण क्षमतामा उद्योग सञ्चालन गर्नु ।

- यस प्रदेश अन्तर्गतका मुख्य तथा सहायक करिडोर वरपर रहेका वा ग्रामीण सडकको पहुँच भएका जग्गाको अत्याधिक मूल्य वृद्धि भएकाले जग्गा प्राप्तीमा नै ठूलो शुरुवाती पुँजीको व्यवस्था गर्दै उद्योग, कलकारखाना स्थापना तथा सञ्चालन गर्नु ।

- बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता र ब्याजदरको उतारचढाबले गर्दा नयाँ उद्योगहरुको स्थापना तथा भएका उद्योगहरुको सञ्चालन/क्षमता विस्तारको लागि आवश्यक वित्तीय स्रोत जुटाई उद्योगहरुको स्थापना, पूर्ण क्षमतामा सञ्चालन तथा क्षमता विस्तार गर्न सक्ने विश्वसनीय आधार सृजना गर्नु ।

- कतिपय वस्तु नेपालमा नै उत्पादन हुँदा हुँदै पनि संकलन केन्द्र तथा शीत भण्डार जस्ता आपूर्ति श्रृङखलालाई निरन्तरता दिने पूर्वाधारको अभावमा उपभोगको केन्द्रसम्म आउन नसकेकाले यस प्रकारका पूर्वाधारमा लगानी विस्तार गरी कमजोर अवस्थामा रहेको आन्तरिक आपूर्ति तथा आन्तरिक मूल्य श्रृङखलालाई पूर्वाधारको विकास मार्फत व्यवस्थित बनाउनु ।

- नेपालमा उत्पादन हुने छुर्पि तथा चियाका semi product निकासी गर्दा प्रशासनिक जटिलताका कारण नेपाली उत्पादनलाई निरुत्साहित गर्ने कार्य न्यूनीकरण गर्दै नेपाली ब्राण्डमा नै final goods को रुपमा निर्यात गर्नु ।

- कबाडीका रुपमा संकलन गरिएका औद्योगिक कच्चा पदार्थ अवैध रुपमा भारततर्फ निकासी हुने गरेकोले खुला सिमाना व्यवस्थित गरी उक्त कच्चा पदार्थ नेपालकै उद्योगले प्राप्त गर्ने अवस्था सृजना गर्नु ।

- नेपाली श्रमशक्तिको वैदेशिक रोजगारमा आकर्षण बढेसँगै नेपालमा औद्योगिक जनशक्तिको अभाव बढ्दै गएकोले जनशक्ति पलायनको क्रमलाई रोकी उद्योगतर्फ आकर्षित गर्नु ।

- भारतीय श्रमिक माथिको अधिक निर्भरतालाई कम गरी उद्योग क्षेत्रमा आवश्यक हुने दक्ष जनशक्तिको आन्तरिक आपूर्ति सुनिश्चित गर्न उद्योग क्षेत्रमा कार्यरत श्रमिकको समुचित क्षमता अभिवृद्धि गर्नु तथा अदक्ष श्रमिकलाई उद्योग क्षेत्रमा नै दिगो रुपमा टिकाई राख्नु ।

- यस प्रदेशका अधिकाशं कृषिजन्य तथा अन्य औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थको मुख्य निर्यातकर्ता भारत नै भएकाले यसले समयसमयमा कच्चा पदार्थको निर्यातसँग सम्बन्धित नीतिमा गर्ने परिवर्तनले यहाँका उद्योगको उत्पादनमा हुने अनिश्चित अवस्था हटाउन कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि तथा आपूर्ति नियमित गरी समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु ।

- मलखादको कमीका कारण उखु, चिया लगायतका औद्योगिक कच्चा पदार्थको परिमाण र गुणस्तरमा कमी आएकाले चिनी र चिया उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु ।

- विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गर्न आवश्यक पर्ने बजेट तथा कार्यक्रमको निरन्तरता नभएकाले नीतिगत रुपमा उद्योगमैत्री वातावरण सृजना गर्दै औद्योगिक उत्पादनको लागत कम तथा गुणस्तरमा अभिवृद्धि गरी आयातित उत्पादनसँग प्रतिस्पर्धी बनाउनु ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### *होटल तथा लज*

- कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रको रुपमा रहेको पर्यटन क्षेत्र आर्थिक वर्ष २०७८/७९ मा पुनरुत्थानको अवस्थामा रहेको देखिएको छ । महामारी अवधिभर शून्य प्राय रहेको पर्यटकस्तरीय होटल व्यवसायको कारोवार समीक्षा अवधिमा धार्मिक तथा मनोरञ्जन गर्ने उद्देश्यले भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि भएसँगै विस्तार भएको छ ।

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ मा होटलहरुको औसत अकुपेन्सी दर ४०.४ प्रतिशत रहेको छ जुन अघिल्लो वर्षको तुलनामा २५.७ प्रतिशतले बढेको देखिएको छ। अघिल्लो आर्थिक वर्षमा उक्त होटलहरुको औसत अकुपेन्सी दर १४.८ प्रतिशत रहेको थियो ।

- आर्थिक वर्ष २०७७/७८ मा होटलको शैया संख्या ०.४ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा होटलहरुको शैया संख्या यथावत रहेको छ ।

- समीक्षा अवधिमा यस प्रदेशका होटलहरुमा आन्तरिक पर्यटकको संख्या ५८.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ३३.० प्रतिशतले घटेको थियो ।

- समीक्षा अवधिमा यस प्रदेशका होटलहरुमा बाह्य पर्यटक आगमन संख्या ३०८.३ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १५.० प्रतिशतले घटेको थियो । कोरोना महामारीको प्रभाव कम भएसँगै विदेशी पर्यटकको आगमनमा वृद्धि भएको देखिन्छ ।

- समीक्षा वर्षमा भित्रिएका विदेशी पर्यटकहरु मध्ये भारतबाट ८०.६ प्रतिशत, चीनबाट ७.० प्रतिशत र तेस्रो मुलुकबाट १२.४ प्रतिशत रहेका छन् ।

- आर्थिक वर्ष २०७७/७८ को तुलनामा समीक्षा वर्षमा भारतबाट आउने पर्यटकको संख्या ५४१.५ प्रतिशत, चीनबाट आउने पर्यटकको संख्या १३६.६ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ३८.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतवाट आउने पर्यटकको संख्या १८.७ प्रतिशत, चीनबाट आउने पर्यटकको संख्या २६.३ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ४.१ प्रतिशतले घटेको थियो । विराटनगर तथा काँकडभिट्टा नाकामा आवागमन सहज भएसँगै धार्मिक तथा मनोरञ्जन गर्ने उद्देश्यले यस प्रदेशको भ्रमण गर्ने भारतीय पर्यटकको संख्यामा वृद्धि भएको देखिन्छ ।

- अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा पर्यटकस्तरीय होटलमा थप ५१.२ प्रतिशतले रोजगारी प्राप्त गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा २१.१ प्रतिशतले रोजगारी गुमाएका थिए ।

***(लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमूना छनोट गरिएका यस प्रदेशका १० वटा पर्यटकस्तरीय होटेल (होटल होलिडे होम (झापा), ह्यारिसन होटल (विराटनगर), विग होटल (विराटनगर), होटल एसियाटिक (विराटनगर), होराइजन रिसोर्ट (हिले), रत्ना होटल (विराटनगर), समिट होटल (इलाम), होटल एभरेष्ट भ्यु (सोलुखुम्बु) र होटल मानस्वी (झापा) बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा गरिएको विश्लेषण)***

### *हवाई सेवा*

***(यस प्रदेशका नियमित हवाई उडान हुने र धेरै यात्रु आवतजावत गर्ने ३ वटा विमानस्थल : विराटनगर विमानस्थल, भद्रपुर विमानस्थल र लुक्ला विमानस्थललाई नमूना छनोट गरी प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा गरिएको विश्लेषण ।)***

आ.व. २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ मा समग्र जहाज उडान संख्या १२४.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षमा उक्त संख्या २५.९ प्रतिशतले घटेको थियो। त्यसैगरी, अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा प्रदेश नं. १ का विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या १२०.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त यात्रु संख्या १८.३ प्रतिशतले घटेको थियो।

आर्थिक वर्ष २०७७/७८ मा कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न नेपाल सरकारले गरेको बन्दाबन्दी तथा निषेधाज्ञाका कारण जहाज उडान गर्ने कम्पनीको संख्या, उडान संख्या तथा यात्रु संख्या घटेको र आ. व. २०७८/७९ मा कोभिड संक्रमणको प्रभाव न्यूनीकरण भएसँगै बन्दाबन्दी खुकुलो तथा निषेधाज्ञा हटेसँगै जहाज उडान संख्या तथा यात्रु संख्या पनि बढेको देखिएको छ।

**तालिका ५.१ : प्रदेश नं. १ मा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | आर्थिक वर्ष | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | ११३९५ | ८४५२ | १८९४४ | -२५.८ | १२४.१ |
| निर्गमन संख्या | ११३९७ | ८४४७ | १८९५१ | -२५.९ | १२४.४ |
| **जम्मा जहाज उडान संख्या** | **२२७९२** | **१६८९९** | **३७८९५** | **-२५.९** | **१२४.२** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | ३६०५०५ | २९४४३४ | ६३१८०६ | -१८.३ | ११४.६ |
| निर्गमन संख्या | ३५९११२ | २९३१४० | ६६५५०८ | -१८.४ | १२७.० |
| **समग्र यात्रु संख्या** | **७१९६१७** | **५८७५७४** | **१२९७३१४** | **-१८.३** | **१२०.८** |


*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा घरजग्गा रजिष्ट्रेशन संख्या १२.७ प्रतिशतले बढेको छ भने घरजग्गा रजिष्ट्रेशन बापतको राजस्वमा ३७.४ प्रतिशतले कमी आई रु.३ अर्ब ७६ करोड संकलन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ३६.४ प्रतिशतले बढेको थियो भने रजिष्ट्रेशन बापतको राजश्व ६८.८ प्रतिशतले बढेर रु.६ अर्ब संकलन भएको थियो।

समीक्षा वर्षमा सरकारले भू-उपयोग नियमावली २०७९ जारी गरी जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट गर्नुपर्ने व्यवस्था लागू गरेपश्चात् ठूला क्षेत्रफलका जग्गाहरुको वर्गीकरण र कित्ताकाटमा लगाएको रोकका साथै बैंकिङ क्षेत्रमा देखिएको तरलताको समस्याले आर्थिक गतिविधिमा प्रभाव पार्दा समग्र मागमा कमी आई घरजग्गा कारोवारमा प्रभाव पर्नाले थैली राजश्व रकम घटेको देखिन्छ तर बैंक वित्तीय संस्था र सहकारीहरुको दृष्टिबन्धक र ससीम कित्ताको कारोवार नियमित रुपमा भैरहेकाले रजिष्ट्रेशन संख्यामा वृद्धि भएको देखिएको छ।

### चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था




समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास संख्या १.५ प्रतिशतले बढेको छ । अघिल्ला वर्षको सोही अवधिमा यस्तो संख्या ३.३ प्रतिशतले बढेको थियो । जिल्लागत आधारमा झापा जिल्लामा घर नक्सापास सबैभन्दा बढी २३.६ प्रतिशतले बढेको छ भने ताप्लेजुङ जिल्लामा सबैभन्दा बढी ८२.४ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा निर्माणका लागि प्रयोग हुने सामग्रीहरुको मूल्य वृद्धि उच्च रहेको तथा बैंकहरुको कर्जाको औसत ब्याजदर समेत वृद्धि भएकाले अघिल्लो वर्षको तुलनामा घर नक्सापास संख्या घटेको देखिएको छ ।

**तालिका ५.२ : घरजग्गा रजिष्ट्रेशन, राजश्व र स्थायी नक्सा पासको जिल्लागत अवस्था (आ.व.२०७८/७९)**

| जिल्ला | घरजग्गा रजिष्ट्रेशन २०७८/७९ | | घर/भवन स्थायी नक्सा पास २०७८/७९ | | रजिष्ट्रेसन राजश्व | |
|---|---|---|---|---|---|---|
| | संख्या (हजारमा) | वृद्धिदर | संख्या | वृद्धिदर | रकम (रु.दश लाख) | वृद्धिदर |
| ताप्लेजुङ | ९५४ | -९.३ | ६ | -८२.४ | ११.३ | -७७.० |
| संखुवासभा | २०७८ | ३.७ | ७४ | १०.४ | ३४.४ | -३६.३ |
| सोलुखुम्बु | ८८२ | १.० | २३ | -६१.७ | १९.८ | -४७.८ |
| ओखलढुङ्गा | १४८० | ४.७ | ३५ | १६.७ | १७.५ | -५३.८ |
| खोटाङ | १३३६ | १९.४ | ३१ | ३.३ | १६.४ | -४७.३ |
| भोजपुर | १४३२ | ४०.९ | १८ | -४७.१ | २२.९ | -२६.७ |
| धनकुटा | २०७७ | १०.२ | ६४ | -४५.३ | २६.८ | -५८.० |
| तेह्रथुम | ६६७ | २१.९ | ८ | -२७.३ | ७.६ | -३६.१ |
| पाँचथर | १२८३ | -१५.२ | १२ | ९.१ | १६.५ | -५९.७ |
| इलाम | २८५६ | -०.१ | ७० | -७५.८ | ५६.३ | -४९.१ |
| झापा | ३३९२९ | १२.४ | २१४७ | २३.६ | ८२२.५ | -४०.७ |
| मोरङ | ४३६११ | ११.५ | १७९५ | -३.८ | १४१३.७ | -३६.० |
| सुनसरी | ३२९५५ | २१.१ | २१९० | ४.७ | ११२८.४ | -३१.० |
| उदयपुर | ६३७५ | २.४ | ३८९ | २.१ | १६१.१ | -४६.० |
| **जम्मा** | **१३१,९१५.०** | **१२.७** | **६,८६२.०** | **१.५** | **३७५५.२** | **-३७.४** |

स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

आर्थिक वर्ष २०७८/७९ मा यस प्रदेशमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाका गरी थप १४४ शाखा विस्तार भएका छन्। अघिल्लो आर्थिक वर्षमा १३४ शाखा विस्तार भएका थिए। २०७९ असार मसान्तमा यस प्रदेशमा वाणिज्य बैंकका ७६३, विकास बैंकका १९४, वित्त कम्पनीका ३२ तथा लघुवित्त वित्तीय संस्थाका ८६८ गरी जम्मा १,८५७ शाखा पुगेका छन्। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४५२ र ताप्लेजुङमा सबैभन्दा कम ३८ शाखा रहेका छन्।

**तालिका : ५.३ प्रदेश नं १ मा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| बैंक तथा वित्तीय संस्था | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त |
|---|---|---|---|
| वाणिज्य बैंक | ६८७ | ७२८ | ७६३ |
| विकास बैंक | १६५ | १७७ | १९४ |
| वित्त कम्पनी | ४५ | २५ | ३२ |
| लघुवित्त वित्तीय संस्था | ६८२ | ७८३ | ८६८ |
| **जम्मा शाखा संख्या** | **१५७९** | **१७१३** | **१८५७** |

स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा प्रदेश नं. १ मा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ५.८ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६६ अर्ब पुगेको छ। सर्वसाधारणमा बचत गर्ने बानीमा आएको सुधार, रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोवारमा भएको वृद्धि, तथा बैकिङ सेवा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ। प्रदेश नं. १ मा अवस्थित बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेप मध्ये झापा, मोरङ र सुनसरीको हिस्सा ७७.२ प्रतिशत रहेको छ भने अन्य जिल्लाको २२.८ प्रतिशत रहेको छ। जिल्लागत निक्षेप संकलनको आधारमा मोरङ जिल्लाको योगदान सबैभन्दा बढी ३१.९ प्रतिशत र तेह्रथुम जिल्लाको सबैभन्दा कम १.३ प्रतिशत योगदान रहेको छ।

**तालिका ५.४ : प्रदेश नं. १ का जिल्लाहरुमा निक्षेप परिचालनको स्थिति**

| जिल्ला | निक्षेप (रु. करोडमा) | | | वृद्धिदर(%) | | जिल्लागत योगदान(%) |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७८ | २०७९ | २०७९ |
| ताप्लेजुङ | ४१०.६ | ५५३.३ | ५६०.६ | ३४.७ | १.३ | १.५ |
| संखुवासभा | ५२६.७ | ५९४.१ | ६२०.० | १२.८ | ४.४ | १.७ |
| सोलुखुम्बु | ५६७.९ | ६४६.६ | ७०४.६ | १३.९ | ९.० | १.९ |
| ओखलढुङ्गा | ४३०.९ | ५६८.५ | ५५०.९ | ३१.९ | -३.१ | १.५ |
| खोटाङ | ४३९.० | ५८६.८ | ६२०.१ | ३३.७ | ५.७ | १.७ |
| भोजपुर | ३८९.० | ४५८.३ | ४८१.८ | १७.८ | ५.१ | १.३ |
| धनकुटा | ६४८.५ | ८७३.४ | ८९९.९ | ३४.७ | ३.० | २.५ |
| तेह्रथुम | ३६२.३ | ४७२.४ | ४७९.६ | ३०.४ | १.५ | १.३ |
| पाँचथर | ५३५.६ | ६८१.० | ६९०.३ | २७.१ | १.४ | १.९ |
| इलाम | ११५३.१ | १३८८.३ | १४४३.० | २०.४ | ३.९ | ३.९ |
| झापा | ६०१८.४ | ७५४३.१ | ७८०६.४ | २५.३ | ३.५ | २१.३ |

| जिल्ला | निक्षेप (रु. करोडमा) | | | वृद्धिदर(%) | | जिल्लागत योगदान(%) |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७८ | २०७९ | २०७९ |
| मोरङ | ८७४८.३ | १०९६५.१ | ११६८२.२ | २५.३ | ६.५ | ३१.९ |
| सुनसरी | ६६८७.९ | ८१०४.३ | ८८३१.८ | २१.२ | ९.० | २४.१ |
| उदयपुर | ९४४.७ | १२१५.० | १२९७.३ | २८.६ | ६.८ | ३.५ |
| **जम्मा** | **२७८६२.९** | **३४६५०.१** | **३६६६८.५** | **२४.४** | **५.८** | **१००.०** |

स्रोत : नेपाल राष्ट्र बैंक

**तालिका ५.५ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार |
|---|---|---|---|
| कुल कृषि कर्जा | ८.८ | ९.८ | १०.० |
| कुल औद्योगिक कर्जा | ३५.० | ३०.६ | २२.३ |
| कुल सेवा कर्जा | ५६.२ | ५९.७ | ६७.७ |

स्रोतः नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा १३.२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ४४ अर्ब पुगेको छ । २०७९ असार मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा १०.० प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २२.३ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६७.७ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा कृषि कर्जाको हिस्सा ९.८ प्रतिशत, औद्योगिक क्षेत्रको हिस्सा ३०.६ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ५९.७ प्रतिशत रहेको थियो । प्रदेश नं. १ मा अवस्थित बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये झापा, मोरङ र सुनसरीमा प्रवाहित कर्जाको हिस्सा ८८.० प्रतिशत रहेको छ भने अन्य जिल्लाको १२.० प्रतिशत रहेको छ । जिल्लागत कर्जा प्रवाहको आधारमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.० प्रतिशत र ताप्लेजुङ जिल्लाको हिस्सा सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ ।


**तालिका ५.६ : प्रदेश नं. १ का जिल्लाहरुमा कर्जा प्रवाहको स्थिति**

| जिल्ला | कर्जा (रु. करोडमा) | | | वृद्धिदर (%) | | जिल्लागत हिस्सा (%) |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७८ | २०७९ | २०७९ |
| ताप्लेजुङ | १७६.८ | २२५.५ | २६०.५ | २७.५ | १५.५ | ०.५ |
| संखुवासभा | ४९२.२ | ५७४.३ | ६२३.३ | १६.७ | ८.५ | १.१ |
| सोलुखुम्बु | १९१.४ | २८१.२ | ३२८.५ | ४६.९ | १६.८ | ०.६ |
| ओखलढुङ्गा | ३१४.७ | ४३९.७ | ५०८.१ | ३९.७ | १५.६ | ०.९ |
| खोटाङ | १८१.८ | २५१.८ | ३०१.५ | ३८.५ | १९.७ | ०.६ |
| भोजपुर | २५९.८ | ३१८.९ | ३६२.५ | २२.७ | १३.७ | ०.७ |
| धनकुटा | ४७०.० | ५८४.५ | ६८३.५ | २४.४ | १६.९ | १.३ |
| तेह्रथुम | २१७.६ | २६०.८ | २८७.३ | १९.८ | १०.२ | ०.५ |
| पाँचथर | ३५०.८ | ४२३.९ | ४८७.६ | २०.८ | १५.० | ०.९ |
| इलाम | ७८४.० | १००२.६ | १०५५.० | २७.९ | ५.२ | १.९ |
| झापा | ८९५०.७ | ११२९२.१ | १२९३४.४ | २६.२ | १४.५ | २३.८ |
| मोरङ | १६५१९.८ | २०६४१.१ | २२८५८.७ | २४.९ | १०.७ | ४२.० |
| सुनसरी | ८१६८.१ | १०४०५.५ | १२०९१.७ | २७.४ | १६.२ | २२.२ |
| उदयपुर | ९५७.१ | १३६२.७ | १६१६.९ | ४२.४ | १८.७ | ३.० |
| **जम्मा** | **३८०३४.८** | **४८०६४.७** | **५४३९९.६** | **२६.४** | **१३.२** | **१००** |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तमा प्रदेश नं. १ मा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) १३८.७ प्रतिशत रहेकोमा २०७९ असार मसान्तमा यस्तो अनुपात १४८.४ प्रतिशत रहेको छ। अघिल्लो वर्ष कोभिड १९ का कारण प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्न सरकारले घोषणा गरेको विभिन्न छुट तथा सुविधा, मौद्रिक नीतिले प्रदान गरेको सुविधा, सहुलियतपूर्ण कर्जा, पुनरकर्जा सुविधा आदि कारणले कर्जाको माग तथा प्रवाह बढेकोमा समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य रकमको अभाव देखिएकाले अघिल्ला वर्षको तुलनामा कर्जा विस्तार केही सुस्त देखिएको छ।

**चार्ट ५.२ : निक्षेप तथा कर्जा स्थिति**




स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.३ अन्य वित्तीय विवरण

२०७९ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ९.५ प्रतिशत, बचत निक्षेपको अंश ४१.५ प्रतिशत, मुद्दती निक्षेपको अंश ४२.२ प्रतिशत र अन्य निक्षेपको अंश ६.७ प्रतिशत रहेको छ। २०७८ असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश १०.८ प्रतिशत, बचत निक्षेपको अंश ४९.६ प्रतिशत, मुद्दती निक्षेपको अंश ३१.९ प्रतिशत र अन्य निक्षेपको अंश ७.७ प्रतिशत रहेको थियो। समीक्षा वर्षमा चल्ती निक्षेप र बचत निक्षेपको रकम क्रमशः ६.४ प्रतिशत र ११.६ प्रतिशतले घटेको छ भने मुद्दती निक्षेपको रकम ४०.५ प्रतिशत बढेको छ।

**तालिका ५.७ : कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना**

| निक्षेप | कर्जा (रु.करोडमा) | | | वृद्धिदर (प्रतिशत) | | कुल निक्षेपमा योगदान (%) |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्तसम्म | २०७८ असार मसान्तसम्म | २०७९ असार मसान्तसम्म | २०७८ | २०७९ | २०७९ |
| **कुल निक्षेप** | **२७,८६२.८** | **३४,६५०.१** | **३६,६६८.५** | २४.४ | ५.८ | १००.० |
| चल्ती | ३,४३५.७ | ३,७२७.१ | ३,४८७.३ | ८.५ | -६.४ | ९.५ |
| बचत | १३,२८८.६ | १७,१९२.२ | १५,२००.३ | २९.४ | -११.६ | ४१.५ |
| मुद्दती | ८,६१९.५ | ११,०४७.१ | १५,५२०.१ | २८.२ | ४०.५ | ४२.३ |
| अन्य | २,५१९.० | २,६८३.७ | २,४६०.८ | ६.५ | -८.३ | ६.७ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा प्रदेश नं. १ को निक्षेपकर्ताको संख्या २५.४ प्रतिशत वृद्धि भई ६० लाख ४२ हजार ९ सय ५१ पुगेको छ भने ऋणीहरुको संख्या २६.८ प्रतिशत वृद्धि भई ३ लाख ८ हजार ८९७ पुगेको छ । २०७८ असार मसान्तमा निक्षेपकर्ताको संख्या ४८ लाख १८ हजार ४०४ र ऋणीहरुको संख्या २ लाख ४३ हजार ६५८ रहेको थियो ।

**तालिका ५.८ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत)**

| विवरण | २०७७ असार | २०७८ असार | २०७९ असार |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ६.७ | ८.५ | ८.७ |
| पुनरकर्जा | ०.२ | २.२ | २.४ |
| सहुलियतपूर्ण कर्जा | २.६ | ५.६ | ६.६ |

स्रोत : नेपाल राष्ट्र बैंक

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा विपन्न वर्ग कर्जा १५.४ प्रतिशतले वृद्धि भई रु.४७ अर्ब ११ करोड पुगेको छ । २०७८ असार मसान्तमा उक्त कर्जा रु.४० अर्ब ८३ करोड रहेको थियो । २०७९ असार मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ८.७ प्रतिशत रहेको छ ।

२०७९ असार मसान्तमा प्रदेश नं. १ मा कुल एटिएम संख्या ५७६ पुगेको छ । यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी १५७ वटा एटिएम रहेका छन् भने खोटाङ जिल्लामा सबैभन्दा कम ७ वटा एटिएम रहेका छन् ।

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा पुनरकर्जाको बक्यौता २५.६ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ३ करोड पुगेको छ । २०७८ असार मसान्तमा उक्त कर्जाको बक्यौता रु.१० अर्ब ३८ करोड रहेको थियो । २०७९ असार मसान्तसम्म कुल कर्जाको तुलनामा पुनरकर्जाको हिस्सा २.४ प्रतिशत रहेको छ ।

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा सहुलियतपूर्ण कर्जा ३४.९ प्रतिशतले वृद्धि भई रु.३६ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त कर्जा १७४.३ प्रतिशतले बढेको थियो । २०७९ असार मसान्तसम्म कुल कर्जाको तुलनामा सहुलियतर्पूण कर्जाको हिस्सा ६.६ प्रतिशत रहेको छ । २०७९ असार मसान्तसम्म यस प्रदेशमा प्रवाहित सहुलियत पूर्णकर्जामध्ये व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा शीर्षकमा सबैभन्दा बढी ६४.७४ प्रतिशत तथा महिला उद्यमशील कर्जा शीर्षकमा ३४.४१ प्रतिशत कर्जा बक्यौता रहेको छ भने अन्य शिर्षकमा नगन्य मात्रामा कर्जाको बक्यौता रहेको छ ।

**तालिका ५.९ : प्रदेश नं. १ मा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण**

| क्र.सं. | सहुलियतपुर्ण कर्जाको प्रकार | कर्जा रकम (रु. दश लाखमा) | हिस्सा |
|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | १०९.९ | ०.३१ |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.२ | ०.०० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | ६३.७ | ०.१८ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | ५.० | ०.०१ |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | ४.० | ०.०१ |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | १२०.७ | ०.३४ |
| ७ | उच्च र प्राविधिक/व्यवसायीक शैक्षिक कर्जा | १.६ | ०.०० |
| ८ | व्यवसायीक कृषि तथा पशुपंक्षी कर्जा | २३,३२०.३ | ६४.७४ |
| ९ | महिला उद्यमशील कर्जा | १२,३९४.४ | ३४.४१ |
| १० | युवावर्ग स्वरोजगार कर्जा | - | - |
| | **जम्मा** | **३६,०१९.९** | **१००.०** |


स्रोत : नेपाल राष्ट्र बैंक

### ५.३.४ सहकारी क्षेत्र

*यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमूना छनोट गरिएका प्रदेश नं. १ का १० ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण ।*

- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा सहकारी संस्थाको कुल पुँजी १३.९ प्रतिशतले बढेको छ । २०७८ असार मसान्तमा सहकारी संस्थाको पुँजी २५.९ प्रतिशतले वृद्धि भएको थियो ।
- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा सहकारीको कुल बचत १७.८ प्रतिशत र कुल कर्जा २५.५ प्रतिशतले बढेको छ । २०७८ असार मसान्तमा सहकारीको बचत ३४.० प्रतिशत र कर्जा ४३.० प्रतिशतले बढेको थियो ।
- २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा सहकारी संस्थाको सदस्य संख्या १६.३ प्रतिशत र कर्मचारी संख्या २६.५ प्रतिशतले बढेको छ। २०७८ असार मसान्तमा सहकारी संस्थाको सदस्य संख्या १५.८ प्रतिशत र कर्मचारी संख्या १८.५ प्रतिशतले बढेको थियो ।
- सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी ब्याज पाइने र कर्जा लिने प्रक्रिया छोटो भएकाले बचत गर्न तथा ऋण लिन सर्वसाधारणको आकर्षण बढेको देखिन्छ ।

**चार्ट ५.३ : सहकारीको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




स्रोत : अध्ययन क्षेत्रका सहकारी संस्थाहरु

### ५.३.५ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ का १ का १४ जिल्लामा रहेका १६ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा क्रमशः जनकपुर कार्यालयबाट रु.४ अर्ब ४० करोड, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.१ अर्ब ६० करोड तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.२० अर्ब ५४ करोड गरी कुल रु.२६ अर्ब ५४ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्ला वर्षको सोही अवधिमा रु.३५ अर्ब ५५ करोडको फण्ड ट्रान्सफर भएको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी झापा जिल्लामा ६ अर्ब ६५ करोड र सबैभन्दा कम ओखलढुङ्गा जिल्लामा ७० करोड फण्ड ट्रान्सफर भएको छ ।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले प्रदेश नं. १ मा गरेको फण्ड ट्रान्सफरको अवस्था**

| जिल्ला | फण्ड ट्रान्सफरको रकम (रु. करोडमा) | | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| | आ.व. २०७६/७७ (साउन-असार) | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) | |
| ताप्लेजुङ | १०९.० | १३०.० | १०३.० | -२०.८ |
| संखुवासभा | १९०.० | २१०.० | १९०.० | -९.५ |
| सोलुखुम्बु | १६०.१ | २५०.० | ९०.० | -६४.० |
| ओखलढुङ्गा | १५७.० | १२०.० | ७०.० | -४१.७ |
| खोटाङ | १५०.० | १५०.० | ९०.० | -४०.० |
| भोजपुर | १३६.० | ९०.० | १२०.० | ३३.३ |
| धनकुटा | २५०.० | २३५.० | १८०.० | -२३.४ |
| तेह्रथुम | १२६.० | १००.० | ८०.० | -२०.० |
| पाँचथर | १२४.० | १६५.० | १११.० | -३२.७ |
| इलाम | २५५.० | ३१०.० | २२०.० | -२९.० |
| झापा | ७६२.० | ८५५.० | ६६५.० | -२२.२ |
| मोरङ | - | - | - | |
| सुनसरी | ७७०.० | ५००.० | ३८५.० | -२३.० |
| उदयपुर | ३४०.० | ४४०.० | ३५०.० | -२०.५ |
| **जम्मा** | **३५२९.१** | **३५५५.०** | **२६५४.०** | **-२५.३** |

श्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय तथा मुद्रा व्यवस्थापन विभाग, काठमाडौं ।

## ५.३.६ विदेशी विनिमय

२०७९ असार मसान्तसम्म प्रदेश नं. १ मा नेपाल राष्ट्र बैंकबाट ६३ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ एजेन्सी र २ अन्य गरी ७० एजेन्सीहरुले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा यस कार्यालयले रु.३१ करोड ५८ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ । खरिद गरिएका परिवर्त्य विदेशी मुद्राहरुमध्ये रु.१६ करोड ९६ लाख बराबरको अमेरिकी डलर, रु.३ करोड ७ लाख बराबरको युरो र रु.११ करोड ५४ लाख बराबरका अन्य विदेशी मुद्रा रहेका छन् ।

यस अवधिमा अमेरिकी डलरको खरिद १०.४ प्रतिशतले घटेको छ भने युरो तथा अन्य मुद्राको खरिदमा क्रमशः १३.८ प्रतिशत र ६.१ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस बैंकले रु.३२ करोड ५० लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो ।

समीक्षा अवधिमा विदेशी पर्यटकको आवागमनमा कमी आएको देखिएको तथा अन्य रोजगार गन्तव्य मुलुकहरुबाट रोजगार गुमाई फर्कने कामदारको संख्यामा भएको वृद्धिका कारण विदेशी मुद्राको खरिद घटेको देखिन्छ ।

**तालिका ५.११ : परिवर्त्य विदेशी मुद्रा खरिद विवरण (रु.करोडमा)**

| मुद्रा | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | आ.व. २०७६/७७ (साउन-असार) | आ.व. २०७७/७८ (साउन-असार) | आ.व. २०७८/७९ (साउन-असार) |
| **अमेरिकी डलर** | १५.५२ | १८.९२ | १६.९६ |
| **यूरो** | ४.४१ | २.७० | ३.०७ |
| **अन्य** | १५.५७ | १०.८८ | ११.५४ |
| **जम्मा** | **३५.५०** | **३२.५०** | **३१.५८** |


स्रोत : नेपाल राष्ट्र बैंक

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या १०.६ प्रतिशतले वृद्धि भई ७ लाख ७१ हजार ९ सय ८८ पुगेको छ। यसमध्ये मोटरसाईकलको संख्या ११.६ प्रतिशतले वृद्धि भई ६ लाख ५१ हजार ३ सय ८९ र अन्य सवारी साधनको संख्या १०.५ प्रतिशतले वृद्धि भई १ लाख २६ हजार ४ सय ८६ पुगेको छ । २०७९ असार मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ भने दर्ता भएका सवारी साधनमध्ये सबैभन्दा बढी ७४.५ प्रतिशत सवारी साधन सुनसरी जिल्लामा दर्ता भएको देखिन्छ।

**चार्ट ५.४ : यातायातका साधनको संख्या**





स्रोत : यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय

### ५.४.२ सञ्चार

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्म प्रदेश नं. १ मा कुल वितरित टेलिफोन संख्या ६.० प्रतिशतले वृद्धि भई ४८ लाख २७ हजार[1] ५ सय ३९ पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल टेलिफोनको संख्या १.५ प्रतिशतले बढेको थियो । त्यसैगरी, इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ११.३ प्रतिशतले वृद्धि भई ३६ हजार ९ सय ६१[2] पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या २४.४ प्रतिशतले बढको थियो।

**चार्ट ५.५ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था**




स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.

## ५.५ शिक्षा तथा स्वास्थ्य

### ५.५.१ शिक्षा

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तमा प्रदेश नं. १ मा सरकारी/सामुदायिक विद्यालय, संस्थागत/निजी र प्राविधिक शिक्षालयको समग्रमा कुल संख्या ५५ वटा घटेर ७,०७० विद्यालय सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०७८/७९ मा सरकारी/सामुदायिक विद्यालयको संख्या १२ वटा, प्राविधिक शिक्षालयको संख्या ७ वटा बढेको छ भने संस्थागत/निजी विद्यालयको संख्या ७४ वटा घटेको छ। २०७९ असार मसान्तसम्म ५,३३८ वटा सरकारी, १,६३४ वटा निजी र ९८ वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन्।

समीक्षा वर्षमा प्रदेश नं. १ मा रहेका विद्यालयहरुमा अध्ययनरत कुल विद्यार्थी संख्या ०.१ प्रतिशतले वृद्धि भई १३ लाख २४ हजार पुगेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो संख्या २.६ प्रतिशतले बढेको थियो। सरकारी तथा सामुदायिक क्षेत्रका विद्यालयमा १.५ प्रतिशतले विद्यार्थी संख्या बढेको देखिन्छ भने निजी क्षेत्रका विद्यालयमा २.७ प्रतिशतले घटेको देखिन्छ।

समीक्षा वर्षमा यस प्रदेशका सरकारी, निजी र प्राविधिक विद्यालयमा कार्यरत कुल शिक्षकको संख्या २,२५८ ले घटेर कुल शिक्षक संख्या ४४,५३९ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४६,७९७ रहेको थियो।

[1] नेपाल टेलिकम र एनसेल प्रा.लिको मात्र तथ्याङ्क समावेश भएको

[2] नेपाल टेलिकमको मात्र तथ्याङ्क समावेश भएको

कोभिड-१९ कारण निजी विद्यालयहरुको वित्तीय दायित्व, कर्मचारी दायित्व र अन्य प्रशासनिक दायित्वमा वृद्धि भएकाले निजी विद्यालयहरु बन्द भएको देखिएको छ भने सरकारी विद्यालयमा पनि अंग्रेजी माध्यममा अध्यापन शुरु भएकाले निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरु सरकारी/सामुदायिक विद्यालयमा स्थानान्तरण भएको देखिएको छ।

**तालिका ५.१२ : सरकारी तथा निजी विद्यालयमा विद्यार्थी संख्याको अवस्था**

| विवरण | असार मसान्त | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०७८ | २०७९ |
| विद्यालय संख्या | ७,०६० | ७,१२५ | ७,०७० | ०.९ | -०.८ |
| विद्यार्थी संख्या | १,२८८,९७० | १,३२२,२६७ | १,३२३,९०९ | २.६ | ०.१ |
| शिक्षक संख्या | ४५,८४२ | ४६,७९७ | ४४,५३९ | २.१ | -४.८ |

स्रोत : शिक्षा विकास तथा समन्वय इकाई

### ५.५.२ स्वास्थ्य

२०७९ असार मसान्तसम्म प्रदेश नं. १ मा सरकारी र निजी गरी कुल अस्पताल संख्या १५७ रहेका छन्। २०७८ असार मसान्तमा यस्ता अस्पतालको संख्या १४६ रहेको थियो।

२०७९ असार मसान्तमा प्रदेश नं. १ मा निजी र सरकारी अस्पतालमा कार्यरत चिकित्सकको कुल संख्या ३४.५ प्रतिशतले वृद्धि भई १,६०१ पुगेको छ। २०७८ असार मसान्तमा उक्त संख्या १,१९० रहेको थियो।

२०७९ असार मसान्तमा सरकारी र निजी अस्पतालको शैया संख्या २.३ प्रतिशले घटेर ६,५४१ वटा कायम भएका छन्। २०७८ असार मसान्तमा यस्तो संख्या ६,६९६ वटा रहेको थियो। कोभिड-१९ महामारी नियन्त्रण गर्नका लागि निर्माण गरिएका अस्थाई अस्पताल तथा शैया कोभिड-१९ को असर कम भएसँगै हटाइएको/बन्द गरिएकाले शैया संख्या घटेको देखिएको छ।

**तालिका ५.१३ : प्रदेश नं. १ मा अस्पताल संख्या, चिकित्सक संख्या र कुल शैया संख्या**

| विवरण | असार मसान्त | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०७८ | २०७९ |
| सरकारी/सामुदायिक अस्पताल | ३६ | ४५ | ५५ | २५.० | २२.२ |
| निजी अस्पताल | ९८ | १०१ | १०२ | ३.१ | १.० |
| कुल चिकित्सक संख्या | ११९१ | ११९० | १६०१ | -०.१ | ३४.५ |
| कुल शैया संख्या | ५८८० | ६६९६ | ६५४१ | १३.९ | -२.३ |

स्रोत : जिल्लास्थित स्वास्थ्य कार्यालय

## ५.६ सेवा क्षेत्र कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ३०.० प्रतिशतले वृद्धि भई रु.३ खर्ब ६८ अर्ब पुगेको छ। अघिल्ला वर्षको सोही अवधिमा यस्तो कर्जा ३५.६ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६७.७ प्रतिशत रहेको छ।

२०७९ असार मसान्तसम्म कुल सेवा कर्जामध्ये उपभोग्य कर्जा सबैभन्दा बढी ३३४.६ प्रतिशतले वृद्धि भएको छ भने अन्य सेवा कर्जा सबैभन्दा बढी ७२.३ प्रतिशतले घटेको छ। मुद्दती निक्षेपमा ब्याजदर उच्च रहेको अवस्थामा उक्त खाताको रकम समय अगावै भुक्तानी लिनु (Premature) को सट्टा आफ्नो तत्कालको आवश्यकता परिपूर्ति गर्न बचतकर्ताहरुले विशेष गरी मुद्दती रसिदलाई धितोमा राखि कर्जा लिएको देखिएकाले उपभोग्यकर्जाको वृद्धिदर अधिक देखिन्छ।

२०७९ असार मसान्तसम्म कुल सेवा कर्जा मध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ३५.० प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम ०.९ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ५.१४ : सेवा क्षेत्र कर्जाको क्षेत्रगत अवस्था**

| सेवा क्षेत्र | कर्जा (रु. करोडमा) | | | वृद्धिदर | | कुल सेवा कर्जामा हिस्सा |
|---|---|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७९ | २०७८ | २०७९ | २०७९ |
| यातायात, भण्डारण र सञ्चार | ६७१.१ | ८१६.४ | ८६१.३ | २१.७ | ५.५ | २.३ |
| थोक तथा खुद्रा विक्रेता | ८९२६.५ | ११४५४.५ | १२८९३.४ | २८.३ | १२.६ | ३५.० |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २०७४.६ | २९९३.४ | २२७९.९ | ४४.३ | -२३.८ | ६.२ |
| पर्यटन | ९९१.७ | ११७०.१ | ११६९.६ | १८.० | ०.० | ३.२ |
| अन्य सेवा | ९१२.५ | १२४४.४ | ३४४.६ | ३६.४ | -७२.३ | ०.९ |
| उपभोग्य कर्जा | १५७१.९ | २४२५.१ | १०५३८.९ | ५४.३ | ३३४.६ | २८.६ |
| अन्य | ५७३२.५ | ८२२०.७ | ८७४५.७ | ४३.४ | ६.४ | २३.७ |
| **कुल सेवा कर्जा** | **२०,८८०.९** | **२८,३२४.६** | **३६,८३३.५** | **३५.६** | **३०.०** | **१००** |

स्रोत : नेपाल राष्ट्र बैंक

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

- वास्तविक कारोवार मूल्य भन्दा कम मूल्याङ्कन देखाई घरजग्गा कारोबार गर्दा सरकारी राजश्व समेत मूल्य अनुसारको प्राप्त नभएको परिप्रेक्ष्यमा घरजग्गाको वास्तविक कारोबार मूल्य उल्लेख गर्नुपर्ने प्रणालीको विकास गर्दै जग्गाको मूल्य पारदर्शी बनाई सोही अनुसारको राजश्व संकलन गर्नु ।

- कोभिड-१९ महामारी पश्चात् व्यवसायिक गतिविधिहरु सुचारु भएता पनि उक्त अवधिमा व्यवसायीको नगद प्रवाहमा आएको कमी तथा व्यवसायीहरुले पनि अधिविकर्ष प्रकृतिका कर्जाहरु उपयोग गरी गैर व्यवसायिक स्थिर सम्पत्तिहरुमा लगानी/खर्च गरेको कारण नगद व्यवस्थापनमा कमी आई व्यवसायको कर्जा नवीकरण नभएकाले व्यवसायीले नगद व्यवस्थापन गर्दै बैंक कर्जा नियमित गर्नु ।

- प्रदेश/स्थानीयतहले समेत आ–आफ्नै विधि तथा प्रक्रियाबाट सहुलितपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्ने गरेको सन्दर्भमा हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा दोहोरो नपर्ने गरी यस प्रकारका सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु ।

- हालको धितोमुखी बैंकिङ प्रणालीलाई परियोजना तथा नगद प्रवाहमुखी बनाई प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा प्रवाहको सुनिश्चितता गर्नु ।

- विशेषत: शहर केन्द्रित हालको बैंकिङ्ग सेवालाई समावेशी बैंकिङ्गको अवधारणा अनुसार बैंकिङ्ग सेवा नपुगेका ग्रामीण र दुर्गम क्षेत्रमा विस्तार गरी सर्वसाधारणको पहुँच वृद्धि तथा राज्यको प्राथमिकता प्राप्त क्षेत्रहरुमा स्वत: स्फूर्त लगानी गर्न प्रोत्साहन गर्नु ।

- यस प्रदेशको भ्रमणमा आउने बाह्य पर्यटकहरुको धार्मिक विविधताको अध्ययन गरी पर्यटकको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी बाह्य पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु ।

- कोभिड १९ महामारीका कारण सुस्ताएको पर्यटन क्षेत्रलाई विकास गर्न पर्यटन विकास बोर्ड, हवाई कम्पनि, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, नेपाल पर्वतारोहण संघ, होटल व्यवसायी तथा अन्य सम्बन्धित निकायहरु बीच आवश्यक समन्वय गरी आन्तरिक र बाह्य पर्यटकलाई अझ बढी आकर्षित गर्नु ।

- प्रदेश नं. १ रहेका १५ वटा विमानस्थलमध्ये ५ वटा सञ्चालनमा नरहेको र सञ्चालन भएकाहरुमा पनि नियमित उडान नभइरहेको अवस्थामा बढ्दै गएको विदेशी पर्यटकहरुको आगमन संख्यालाई प्रयाप्त हुने गरी हवाई यातायातका साधनहरुको व्यवस्थापन तथा हवाई सुविधा प्रदान गर्ने गरी विमानस्थलहरुलाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितीमा राख्नु ।

- यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुको भौगोलिक बनावट जटिल किसिमको रहेका कारण निर्माण भएका ग्रामीण सडकहरुको आयु पनि कम हुने गरेको र जीर्ण अवस्थामा रहेकाले सडक सञ्जालको पूर्वाधार निर्माण लागत र यातायात सञ्चालन खर्च उच्च रहेकाले पर्यटन व्यवसाय, वस्तु तथा सेवाको ढुवानी लागत र औद्योगिक उत्पादन तथा कच्चा पदार्थको तुलनात्मक रुपमा सस्तो मूल्यमा ढुवानी गरी वस्तु तथा सेवा प्रतिस्पर्धी बनाउनु ।

- पहाडी एवम् हिमाली जिल्लाहरुमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती/विस्तारगरी सर्वसाधारणलाई सर्वसुलभ स्वास्थ सेवा उपलब्ध गराउनु ।

- भौगोलिक अवस्थिती, जनसंख्याको वितरण तथा भौतिक सुविधाको पहुँचको आधारमा प्रदेश नं. १ को स्वास्थ्य सेवाको वितरण असमान रहेकाले सबै क्षेत्रमा स्वास्थ्य सेवाका पहुँच सुनिश्चित गर्नु । निजी अस्पतालमा सेवा प्राप्त गर्न उच्च शुल्क तिर्नुपर्ने तथा सरकारी अस्पतालमा स्वास्थ्य सेवाको गुणस्तर कमजोर भएको भन्ने आम जनमानसको धारणा रहेको देखिएकाले सेवा शुल्क तथा सेवाको गुणस्तरबीच सन्तुलन कायम गर्नु ।

- शिक्षा क्षेत्रमा बढदो व्यवसायीकरण, सरकारी विद्यालयको खस्किदो शिक्षाको गुणस्तर, व्यवस्थापकीय क्षमताको कमी, आम नागरिकको सरकारी विद्यालयप्रतिको नकारात्मक दृष्टिकोण, निजी क्षेत्रका विद्यालयको महंगो शुल्क र शिक्षामा भएको ठूलो लगानीलाई व्यवस्थित गर्दै निजी, सरकारी र सामुदायिक विद्यालयहरु बीचको शिक्षाको गुणस्तरको खाडललाई कमी गर्दै यी तीनै प्रकारका शिक्षण संस्थाहरुमा विद्यार्थीहरुको समानुपातिक वितरण हुनसक्ने वातावरण निर्माण गर्नु ।

**सम्भावना**

- प्रदेश नं. १ मा घरजग्गाको कारोबार उल्लेखनीय रुपमा वृद्धि भएकाले घरजग्गा कारोबारमा वास्तविक कारोबार मूल्य देखाउने प्रणालीको विकास गर्न सकेमा सरकारको राजस्वमा वृद्धि गर्न सकिने ।

- यस प्रदेशमा रहेका आँखा अस्पतालहरुमा आँखा उपचार गर्न छिमेकी मुलुक भारतबाट ठुलो संख्यामा विरामीहरु आउने गरेको सन्दर्भमा स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिको उत्पादन बढ्दै गएको साथै भौतिक पूर्वाधार समेतको विकास र विस्तार हुँदै गएकोले विदेशी नागरिक लक्षित Multispeciality Hospital, प्राकृतिक उपचार केन्द्र तथा योग केन्द्रहरुको स्थापना गरी स्वास्थ्य पर्यटनको विकास गर्न सकिने ।

- छिमेकी देश भारतको विहार राज्यका केही जिल्लाका विद्यार्थी समेत यसै प्रदेशका विभिन्न संस्थामा अध्ययनरत रहेको सन्दर्भमा यस प्रदेशमा शिक्षा क्षेत्रमा प्रशस्त लगानी बढाउँदा विद्यालय शिक्षाको व्यवसायीकरण गरी आय वृद्धि गर्न सकिने ।

- छिमेकी देश भारतसँग रहन-सहन, भाषा संस्कृति, वातावरण आदिमा खासै भिन्नता नहुनु, भारतीय नागरिकलाई सीमा वारपार गर्न कुनै अवरोध नहुनु र भारतीय मुद्राको सापेक्षिक मूल्य बढी भएका कारण भारतीय विद्यार्थीको यस प्रदेशमा जीवन यापन र शिक्षाको खर्च मितव्ययी हुनेहुँदा र यस प्रदेशका धरान, विराटनगर, काँकडभिट्टा, पशुपतिनगर जस्ता शहरहरुबाट भारतीय सीमा नाका नजिक भएकाले उक्त स्थानमा अत्याधुनिक सुविधासम्पन्न मेडिकल कलेजहरु सञ्चालन गरी मेडिकल शिक्षाको माध्यमबाट भारतीय मुद्रा आर्जन गर्न सकिने ।

- यस प्रदेशमा रहेका धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरुमा सुविधा सम्पन्न होटल तथा लजहरु निर्माण/सञ्चालन, मनोरञ्जनका लागि आउने पर्यटकका लागि घोषणा गरिएका पदमार्गहरुको स्तरीकरण गर्न सके पर्यटकको बसाई अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने देखिन्छ ।

- यस प्रदेशमा निर्माणाधीन जलविद्युत आयोजनाहरु समयमै सम्पन्न भएमा ऊर्जामा आत्मनिर्भर भई औद्योगिक वस्तुको उत्पादनमा वृद्धि तथा लागत कम हुन सक्ने ।

- ऐतिहासिक, धार्मिक, साँस्कृतिक, भौगोलिक, साहसिक महत्वका स्थलहरुको पहिचान, समुचित प्रर्वद्धन, विकास तथा प्रचारप्रसारका साथै पर्यटन पूर्वाधार विकासमा प्रदेश सरकार तथा स्थानीय तहले उच्च प्राथमिकताका साथ बजेट विनियोजन गर्ने गरेकोले आगामी दिनमा पर्यटन क्षेत्र यस प्रदेशको अर्थतन्त्रको मुख्य सम्वाहक हुन सक्ने देखिन्छ ।

- उद्यमशीलताको विकास मार्फत स्वरोजगार सृजना गर्न नेपाल सरकारले लागू गरेको सहुलियतपूर्ण कर्जाको माग तथा विस्तार बढदै गएकोले आन्तरिक उत्पादन वृद्धि भई आयात प्रतिस्थापनमा योगदान पुग्ने देखिन्छ ।

- प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको विस्तार भएसँगै वित्तीय सेवामा सर्वसाधारणको पहुँच तथा वित्तीय सेवाको प्रयोग बढ्दै गएकोले आर्थिक क्रियाकलापहरु बढ्न गई अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदैं जाने देखिएको छ ।

- देशकै अन्न भण्डारको तथा औद्योगिक क्षेत्रको रुपमा परिचित प्रदेश नं. १ का तराईका जिल्लाहरु लगायत अन्य स्थानहरुमा रेलमार्ग तथा जल यातायातको विकास गरी औद्योगिक कच्चा पद्धार्थको ढुवानी र वस्तु आयात निर्यातलाई सहज र मितव्ययी बनाउन सकिने देखिन्छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र


२०७८ असार मसान्तसम्म प्रदेश नं. १ मा सञ्चालित १ मे.वा. वा सो भन्दा बढी क्षमता भएका २९ वटा जलविद्युत आयोजनाको कुल जलविद्युत उत्पादन क्षमता २३७.८ मे. वा. रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ६४.९ मे.वा. उत्पादन क्षमता भएका ६ वटा जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएसँगै यस प्रदेशको कुल जलविद्युत उत्पादन क्षमता ३०२.७ मे.वा. पुगेको छ ।

**तालिका ६.१ : आ.व. २०७८/७९ मा प्रदेश नं. १ मा सम्पन्न जलविद्युत आयोजना**

| आयोजना | जिल्ला | क्षमता(मे.वा.) |
|---|---|---|
| माई बेनी | इलाम | ९.५१ |
| तल्लो जोगमाई | इलाम | ६.२३ |
| साप्सुखोला | खोटाङ | ६.६ |
| लिखुखोला-ए | सोलुखुम्बु | २४.२ |
| कावेली वि-१ | ताप्लेजुङ | ९.९४ |
| माथिल्लो हेवाखोला | संखुवासभा | ८.५ |
| **कुल क्षमता** | | **६४.९** |
| स्रोत : नेपाल विद्युत प्राधिकरण | | |

२०७९ असार मसान्तसम्म प्रदेश नं. १ मा सञ्चालित जलविद्युत आयोजनामध्ये इलाम जिल्लामा सञ्चालित जलविद्युत आयोजनाको विद्युत उत्पादन क्षमता सबैभन्दा बढी १०८.१ मे.वा. रहेको छ भने ओखलढुङ्गा जिल्लामा सञ्चालित जलविद्युत आयोजनाको क्षमता सबैभन्दा कम ७.० मे. वा. रहेको छ। २०७९ असार मसान्तसम्म यस प्रदेशका जिल्लाहरुमध्ये इलाममा १४ वटा, संखुवासभामा ५ वटा, पाँचथरमा ४ वटा, ताप्लेजुङ र खोटाङमा ३/३ वटा र भोजपुर र सोलुखुम्बुमा २/२ वटा र तेह्रथुम र ओखलढुङ्गामा १/१ वटा जलविद्युत आयोजना रहेका छन् ।

**चार्ट ६.१ : जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




स्रोत : नेपाल विद्युत प्राधिकरण

प्रदेश नं. १ मा रहेका १५ वटा आन्तरिक विमानस्थलमध्ये हाल १० वटा विमानस्थल सञ्चालनमा रहेका छन् । सोलुखुम्बु जिल्लाको स्याङबोचे र काङगेलडाँडा विमानस्थल, ओखलढुङ्गाको खिजी चण्डेश्वरी र रुम्जाटार विमानस्थल र खोटाङको लामिडाँडा विमानस्थल गरी कुल ५ वटा विमानस्थलहरु हाल सञ्चालनमा रहेका छैनन् ।

**प्रदेश नं. १ मा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना**

**१. अरुण तेस्रो जलविद्युत परियोजना**

अरुण तेस्रो जलविद्युत परियोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी २ वटा आयोजना रहेका छन् । दुवै आयोजनाको कुल अनुमानित लागत रु.१ खर्ब ४५ अर्ब रहेको छ ।

**अरुण तेस्रो जलविद्युत आयोजनाको** निर्माण कार्य वि.स. २०७५ वैशाखबाट प्रारम्भ भई वि.स. २०८१ माघसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको छ । २०७९ असार मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५५.४ प्रतिशत र ४५.३ प्रतिशत रहेको छ । यस आयोजनामा स्वदेशी १,४४० र विदेशी १,७६३ गरी गरी कुल ३,२०३ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारणलाइन निर्माणको** कार्य वि.स. २०७६ माघबाट प्रारम्भ भई वि.स. २०८१ माघमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १२.४ प्रतिशत र ३२.४ प्रतिशत रहेको छ । उक्त आयोजनाबाट स्वदेशी ८९६ र विदेशी ५९ गरी कुल ९५५ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**२. सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन** आयोजनाको निर्माण कार्य वि.स. २०७३ असोज ९ गते बाट प्रारम्भ भएको हो । यस आयोजनाको अनुमानित लागत २ करोड ६० लाख रहेको छ । यस आयोजनाको प्रसारण लाइन निर्माण कार्य वि.स. २०७८ फागुन २ गते नै सम्पन्न भई सकेतापनि तारमुनीको दायाँवायाँको १८ मिटर जग्गाको मुआव्जा तथा साइट क्लियरेन्सको कार्य बाँकी रहेकोले २०७९ असार मसान्तसम्म यस आयोजनाको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९८.० प्रतिशत र ९९.० प्रतिशत रहेको छ ।

**३. कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेशन निर्माण**

कोशी कोरिडोर २२० के. भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेशन र वसन्तपुर - ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन गरी तीन वटा आयोजनाहरु रहेका छन् ।

कोशी कोरिडोर अन्तर्गत सन् २०१६ जुन बाट निर्माण कार्य प्रारम्भ भएको १०६ कि.मी लम्बाइ भएको **ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना**को निर्माण कार्य सम्पन्न भै मिति २०७९ साउन १९ बाट सञ्चालनमा आइसकेको छ । यस आयोजनाको कुल लागत ३.७३ करोड अमेरिकी डलर रहेको छ ।

कोशी कोरिडोर अन्तर्गत **तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा गरी ४ वटा सव स्टेशनको** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ । यो आयोजना सन् २०२२ डिसेम्बर सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९५.० प्रतिशत र ९०.० प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी २००० र विदेशी २०० गरी कुल २,२०० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् ।

कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सब-स्टेशनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको यस आयोजना सन् २०२३ अप्रिल सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८०.० प्रतिशत र ७५.० प्रतिशत रहेको छ । यस आयोजनाबाट स्वदेशी २१०० र विदेशी ३०० गरी कुल २,४०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ४. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

यस आयोजनाको निर्माण कार्य आ.व.२०७०/७१ बाट प्रारम्भ भई आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल २३ कि.मी लम्बाइ रहेको यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । यस आयोजनाको वि.सं.२०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति समान ३४.० प्रतिशत रहेको छ । २३ कि.मि. लाम्बाइ भएको १३२ के.भी प्रसारण लाईनको कुल ८० टावर मध्ये ६६ वटा टावर फाउण्डेशन निर्माण र ११ वटा टावरको इरेक्शन निर्माण सम्पन्न भएको छ । Conductor Inspection कार्य सम्पन्न भई Dispatch को क्रममा रहेको तथा Hardware Fitting And Insulator को निरीक्षण कार्य हुने क्रममा रहेको छ ।

### ५. पुष्पलाल मध्यपहाडी लोकमार्ग

प्रदेश नं. १ अन्तर्गत पुष्पलाल मध्यपहाडी लोकमार्गको कुल लम्बाइ ५१६.३० कि. मि. रहेको छ । दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ । वि.स. २०६९ बैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८६ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ । वि.स. २०७९ माघसम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८५.० प्रतिशत तथा ७५.० प्रतिशत रहेको छ । यस खण्डमा स्वदेशी ३,१०० र विदेशी १५० गरी कुल ३,२५० कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई १३०.३० किलोमिटर रहेको छ । कुल अनुमानित लागत रु.२ अर्ब १४ करोड रहेको यस खण्डको आ.व.२०७८/७९ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक प्रगति सडकको ६४.० प्रतिशत र पुलको २४.० प्रतिशत तथा वित्तीय प्रगति ७८.० प्रतिशत रहेको छ । यस खण्डमा कुल स्वदेशी ७८७ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६. कोशी-तमोर कोरिडोर सडक

सुनसरी, धनकुटा तथा पाँचथर जिल्ला अन्तर्गत पर्ने यस सडक आयोजनाको कुल लम्बाइ १५९ कि.मि. र कुल अनुमानित लागत रु.७ अर्ब १० करोड रहेको छ । यस सडक आयोजनाको निर्माण कार्य वि.स. २०७४ फागुनबाट प्रारम्भ भई वि.स. २०७८ चैत सम्ममा सडक ग्राभेल गर्ने सम्मका कार्यहरु सकिएर शत प्रतिशत भौतिक तथा वित्तीय प्रगति भएको छ ।

### ७. हुलाकी राजमार्ग

प्रदेश नं. १ को झापा, मोरङ र सुनसरी तथा प्रदेश नं. २ को सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाइ ३३५ किलोमिटर रहेको छ । साथै, यस खण्ड अन्तर्गत २५ वटा पुलहरु रहेका छन् । रु.१५ अर्ब अनुमानित लागत रहेको यस खण्डको निर्माण कार्यको प्रारम्भ आ.व. २०६६/६७ बाट भएको हो । आ.व. २०७९/८० सम्ममा निर्माण कार्य

सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७५.० प्रतिशत तथा ७०.० प्रतिशत रहेको छ ।

### ८. मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)

प्रदेश नं. १ मा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ ।

यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ । आ.व. २०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई १३० कि.मि. रहेको छ । कुल अनुमानित लागत रु.८ अर्ब १९ करोड रहेको यस खण्डको आ.व.२०८१/८२ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५५.२ प्रतिशत तथा ४८.७ प्रतिशत रहेको छ । यस खण्डमा स्वदेशी र विदेशी गरी कुल १,९८० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यस्तै, लोकमार्गको **दोस्रो खण्ड** प्रदेश नं. १ को उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ । कुल लम्बाइ १३५ कि.मि. रहेको लोकमार्गको यस खण्डको अनुमानित लागत रु.१३ अर्ब १२ करोड रहेको छ । आ.व.२०७३/७४ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजना आ.व. २०७९ फागुन सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०७९ असार मसान्त सम्म आयोजनाको भौतिक तथा वित्तीय प्रगति समान ९७.० प्रतिशत रहेको छ ।

### ९. उत्तर-दक्षिण (कोशी कोरिडोर) लोकमार्ग

दक्षिणमा भारतको सिमाना जोगवनी देखि बसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सिमाना किमाथांका जोडने राष्ट्रिय गौरवको यस लोकमार्गको कुल लम्वाई ३९० कि.मि रहेको छ ।

यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो । कुल लम्बाइ ४९ कि.मि रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ । आ.व. २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस आयोजनाको वि.सं.२०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९०.० प्रतिशत र ८५.० प्रतिशत रहेको छ ।

विभिन्न खण्डहरुमा निर्माण भइरहेको यस सडक योजनाको कार्यक्षेत्र भित्र **संखुवासभा जिल्लाको खाँदबारी देखि उत्तरी सीमा किमाथांका**सम्मको कुल १६२ कि.मि सडक पर्दछ । आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु.११ अर्ब ९३ करोड रहेको छ । आ.व. २०८७/८८ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं. २०७९ असार मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४१.० प्रतिशत र ३६.७ प्रतिशत रहेको छ ।

### १०. प्रदेश गौरवको आयोजना : विराटचोक-धिनाघाट सडक आयोजना

प्रदेश नं. १ को प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निर्माण कार्य आ.व २०७५/७६ बाट प्रारम्भ भएको हो । कुल लम्बाइ २२ कि.मि. रहने यस ४ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५ करोड रहेको छ । आ.व. २०७९/८० मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.स.२०७९ असार मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ८४.६ प्रतिशत र ७६.२ प्रतिशत रहेको छ ।

**११. विराटनगर विमानस्थलको विस्तार** तथा स्तरोन्नतिको लागि हाल रहेको १२२ विघा जमिनमा थप १२६.४६ विघा जमिन अधिग्रहण गरी विमानस्थलको कुल क्षेत्रफल २४८.४६ विघा पुऱ्याउने लक्ष्य रहेको छ । नेपाल सरकार, मन्त्रिपरिषदले वि.स. २०७७ कात्तिकमा विमानस्थलको धावनमार्ग ३,००० मिटर विस्तार तथा नयाँ टर्मिनल भवनका साथै अन्य भौतिक पूर्वाधार समेतको निर्माण गर्न आवश्यक मोरङ जिल्लातर्फको ११२२ वटा कित्ता र सुनसरीतर्फको १४५ वटा कित्ता गरी

कुल १,२६७ कित्ता जग्गा रोक्का गरेकोमा २०७९ भदौमा नेपाल सरकार मन्त्री परिषदको निर्णयले तत्काल विमानस्थल विस्तार नगर्ने निर्णय गरेसँगै जग्गा फुकुवाको क्रममा रहेको छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**सम्भावना**

- पहाडी तथा भित्री मधेश लगायतका जिल्लाहरुमा परियोजना/सडक सञ्जाल विस्तार वा निर्माण गर्दा स्थानीयस्तरमै सहज तवरले निर्माण सामग्री जस्तै ढुङ्गा, बालुवा आदि उपलब्ध हुने हुँदा निर्माण कम लागतमा परियोजना निर्माण गर्न सकिने ।

- सरकारको दीर्घकालीन सोच सडक सञ्जालको विकास एवम् सुदृढीकरण उच्च प्राथमिकतामा रहेको तथा तीनै तहका सरकारले सडक सञ्जाल विस्तार/मर्मत कार्य गर्न सक्ने व्यवस्था रहेकोले आगामी दिनमा सडक निर्माण, विस्तार तथा सुधारको कार्यले तीव्रता पाउने ।

- जलविद्युत उत्पादनको लागि भौगोलिक अनुकुलता र प्रचुर जलस्रोत रहेको सन्दर्भमा सर्वसाधारणबाट जलविद्युत आयोजना निर्माण गर्न आवश्यक पुँजी जुटाउन समेत सहज हुँदै गएको, अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेको तथा थप जलविद्युत आयोजना निर्माणका लागि सम्झौता भएकाले जलविद्युतको उत्पादन तथा निर्यातबाट मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने देखिएको ।

- पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको निरन्तर चासो रहेकोले आगामी दिनमा पूर्वाधारको विकासमा वित्तीय स्रोतको अभाव नहुने देखिन्छ ।

**चुनौती**

- दीर्घकालीन सोच, पर्याप्त पूर्व तयारी र स्रोत सुनिश्चित नगरी घोषणा गरिएका आयोजनाहरु अपूर्ण अवस्थामै बन्द गरिँदा एक तर्फ आयोजना निर्माण अनिश्चित हुनु र अर्कोतर्फ जग्गा अधिग्रहण लगायतका कार्यका लागि स्थानीयको विश्वास आर्जन गरी पुनः आयोजना सुचारु गर्नु ।

- भौगोलिक जटिलताका कारण एउटै आयोजना निर्माणमा ठुलो बजेट खर्च हुने हुँदा पर्याप्त बजेटको पूर्व सुनिश्चितता गरी आयोजना सम्पन्न गर्नु ।

- तोकिएको समयमा परियोजना सम्पन्न नगरी पटक पटक म्याद थप गरी लागत बढाउने प्रवृत्ति रहेको सन्दर्भमा गुणस्तरीयता कायम गर्दै तोकिएकै समयमा निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गर्नु ।

- सार्वजनिक निर्माणमा सम्बद्ध स्वदेशी ठेकेदारको वृहत परियोजना निर्माण गर्ने क्षमता कमजोर भएकाले पूर्वाधार आयोजनाहरु तोकिएको समयमा सम्पन्न नहुने आम प्रवृत्तिको अन्त्य गर्दै पूर्वाधारको गुणस्तर कायम राखी लागत न्यूनीकरण गर्दै नतिजा हासिल गर्ने कार्य ।

- भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्नु तथा विदेशी लगानीमा निर्माण गरिएका आयोजनामा नेपाली जनशक्तिलाई रोजगारी दिनु ।

- वार्षिक रुपमा रोजगारीको खोजीमा आन्तरिक श्रमबजारमा प्रवेश गर्ने श्रमिकहरु लाई पूर्वाधार निर्माणका क्षेत्रमा आकर्षित गरी टिकाई राख्नु ।

- भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान, मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीयस्तरको अवरोधलाइ दीर्घकालीन रुपमा समाधान खोज्नु ।
- संघीयता ढाँचाको अभ्यास भइरहेको अवस्थामा प्रदेशस्तरमा परियोजना बैंकको अवधारणा अनुसार परियोजनाको पहिचान, छनोट र कार्यान्वयन गर्नु ।
- प्रसारण लाइन तथा सडक विस्तारका क्रममा अबैज्ञानिक तवरले खनिएका सडक तथा खोलएका ट्र्याकले हुने वन विनास र यसले सिर्जना गरेको वातारणिय जोखिम जस्तैः बढीपहिरो तथा मानवीय जीवनकै क्षतिलाई न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु ।
- सडक पूर्वाधार, सुरुङ मार्ग, ट्रष्ट ब्रिज आदि निर्माणको लागि भौगोलिक बनोट अनुकुल प्रविधि/मेसिनरी उपकरण भित्र्याउनु तथा विकास गर्नु ।

## ६.३ रोजगारी


***प्रदेश नं. १ मा प्रधानमन्त्री रोजगारी कार्यक्रम कार्यान्वयनको अवस्था***

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार केन्द्रको स्थापना गरी अतिविपन्न बेरोजगार व्यक्तिको पहिचान तथा सूचीकरण गर्ने, सूचीकृत बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूति गर्ने व्यवस्था गरेको छ । सशर्त अनुदान मार्फत् सञ्चालित यस कार्यक्रमले सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति एवम् श्रम बजारमा आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यबाट उत्पादनशील रोजगारी (Productive Employment) र मर्यादित काम (Decent Work) लगायतको दिगो विकासको लक्ष्य प्राप्तिमा समेत सहयोगी हुने अपेक्षा लिएको छ । आ.व.२०७५/७६ देखि कार्यान्वयनमा आएको यस कार्यक्रमले नीति, कानुन, कार्यविधि र निर्देशिका तयार गर्नुको अतिरिक्त संस्थागत तथा सांगठनिक व्यवस्था समेत गरेर कामका लागि पारिश्रमिकका क्रियाकलापहरु सञ्चालन गरिरहेको छ। प्रदेश नं. १ मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छ।

***कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह***

प्रदेश नं. १ का कुल १४ वटा जिल्लाका १३७ स्थानीय तहमध्ये आ.व.२०७८/७९ मा १३२ वटा स्थानीय तहले आयोजनाहरु सञ्चालन गरी प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएका छन् । आ.व.२०७७/७८ मा कुल १३५ स्थानीय तहहरुले उक्त कार्यक्रम कार्यान्वयनमा ल्याएका थिए ।

**चार्ट ६.२ : रोजगार कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको संख्या**




स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

*जिल्लागत रोजगारीको अवस्था*

आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ का १४ जिल्लाका कुल ९०,१९३ जना बेरोजगार व्यक्तिको रुपमा सूचीकृत भएकोमा २४.३ प्रतिशत (२१,८७५ जना) ले २,८१९ आयोजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी प्राप्त गरेका छन् । रोजगारी प्राप्त गर्ने संख्याको आधारमा सबैभन्दा बढी इलाम जिल्लाका २,८३५ जनाले रोजगारी प्राप्त गरेका छन् भने सबैभन्दा कम तेह्रथुम जिल्लाका ५४१ जनाले रोजगारी प्राप्त गरेका छन् । त्यसैगरी, सूचीकृत बेरोजगार व्यक्तिको तुलनामा रोजगारी प्राप्त गर्ने व्यक्तिको आधारमा इलाम जिल्लामा सबैभन्दा बढी ३६.० प्रतिशतले रोजगारी प्राप्त गरेका छन् भने ताप्लेजुङमा सबैभन्दा कम २१.४ प्रतिशत रोजगारी प्राप्त गरेका छन् ।

आ.व.२०७७/७८ मा प्रदेश नं.१ का ९९,६०६ जना बेरोजगार व्यक्तिको रुपमा सूचीकृत भएकोमा २९.४ प्रतिशत (२९,२६८ जना) ले २,८९७ आयोजनामा प्रधानमन्त्री रोजगार कार्यक्रबाट रोजगारी प्राप्त गरेका थिए । रोजगारी प्राप्त गर्ने संख्याको आधारमा ओखलढुङ्गा जिल्लामा सबैभन्दा बढी २,९२७ जना र तेह्रथुम जिल्लामा सबैभन्दा कम १,२०९ जनाले रोजगारी प्राप्त गरेका थिए । त्यसैगरी, सूचीकृत बेरोजगार व्यक्तिको तुलनामा रोजगारी प्राप्त गर्ने व्यक्तिको आधारमा औसतमा ओखलढुङ्गामा सबैभन्दा बढी ४५.९ प्रतिशत र उदयपुरमा सबैभन्दा कम २२.६ प्रतिशत रोजगारी प्राप्त गरेका थिए ।

## तालिका ६.२ : रोजगार कार्यक्रम कार्यान्वयनको जिल्लागत अवस्था


| जिल्ला | सूचीकृत बेरोजगार व्यक्तिको संख्या | रोजगारीमा खटिएको व्यक्तिको संख्या | बेरोजगारको तुलनामा रोजगारि अनुपात | रोजगारी वृद्धिदर | |
|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७८/७९ | २०७८/७९ | २०७७/७८ | २०७८/७९ |
| इलाम | ७८८४ | २८३५ | ३६.० | १३६.६ | १६.६ |
| तेह्रथुम | २१७३ | ५४१ | २४.९ | १७.५ | -५५.३ |
| संखुवासभा | ३९९१ | ११६१ | २९.१ | १०५.७ | -२४.८ |
| खोटाङ | ६४०३ | १६६७ | २६.० | ८७.२ | -२३.६ |
| झापा | ५५३५ | १४४५ | २६.१ | ८२.५ | -३०.० |
| मोरङ | ७७६८ | १७८४ | २३.० | २०१.१ | -२६.४ |
| भोजपुर | ९१५६ | २३९४ | २६.१ | ३४.२ | ३.० |
| उदयपुर | ४७८७ | १२०८ | २५.२ | ६४.३ | -२८.१ |
| पाँचथर | ९७१४ | २५८९ | २६.७ | ७०.७ | ५.८ |
| सोलुखुम्बु | ३८४६ | ९०५ | २३.५ | ३०८.० | -३४.० |
| सुनसरी | ८९४४ | ९९० | ११.१ | १२८.० | -६१.३ |
| ओखलढुङ्गा | ८७५८ | १९५२ | २२.३ | १११.० | -३३.३ |
| धनकुटा | ५१७६ | ११०९ | २१.४ | २०४.७ | -३४.५ |
| ताप्लेजुङ | ६०५८ | १२९५ | २१.४ | २०६.२ | -४६.३ |
| **कुल** | **९०,१९३.०** | **२१,८७५.०** | **२४.३** | **१०४.९** | **-२५.३** |

स्रोत : श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

***औसत रोजगारी दिनः***

आ.व. २०७८/७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्रदेश नं. १ मा एक जना श्रमिकले औसतमा ७९.७ दिनको रोजगारी प्राप्त गरेका छन् । अघिल्लो वर्ष एक जना श्रमिकले औसतमा ७५.४ दिनको रोजगारी प्राप्त गरेका थिए । जिल्लागत आधारमा धनकुटा जिल्लाका आयोजनामा खटिएका श्रमिकहरुले औसतमा सबैभन्दा बढी १०३.१ दिनको रोजगारी प्राप्त गरेका छन् भने इलाम जिल्लाका श्रमिकले सबैभन्दा कम ५६.७ दिनको रोजगारी प्राप्त गरेका छन् ।

**चार्ट ६.३ : औसत रोजगारी दिन**




स्रोतः *श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

## ६.४ प्रधानमन्त्री रोजगार कार्यक्रमका चुनौतीहरुः

सामाजिक संरक्षणको प्रवर्द्धन सहितको आन्तरिक रोजगारका अवसर सिर्जना गर्ने लक्ष्य सहितको यस कार्यक्रम सञ्चालनको दोस्रो वर्षदेखि नेपालमा समेत कोभिड–१९ को प्रभाव देखिएकोले यस कार्यक्रमको कार्यान्वयनमा समेत प्रभाव परेको छ । यस कार्यक्रमको कार्यान्वयनका क्रममा देहाय अनुसारका चुनौतीहरु देखिएका छन ।

- यस कार्यक्रम अन्तर्गत रोजगारीको लागि स्थानीय तहमा सूचीकृत व्यक्तिहरुको संख्या धेरै हुने भएतापनि सीमित संख्यामामात्र रोजगारी प्रदान गर्नेगरी बजेट विनियोजन हुने हुँदा सबै लक्षित वर्गहरुलाई कार्यक्रममा सहभागी गराउनु ।

- स्थानीय तहहरुले यस कार्यक्रमलाई केवल औपचारिकता निर्वाह गर्ने तवरले मात्र आयोजना छनोट तथा सञ्चालन गर्ने गरेकाले आफ्नो पालिकामा रहेका वास्तविक रुपमा बेरोजगार व्यक्तिहरुको पहिचान र प्राथमिकिकरण गरी उत्पादनशील आयोजनाहरु कार्यान्वयन गरी रोजगारी सृजना गर्नु ।

- स्थानीय निकायले रोजगारीको लागि आह्वान गर्दा आवेदन दिने सम्पूर्ण बेरोजगारको आवश्यक छानविन नगरी बेरोजगारको रुपमा सूचीकृत गर्ने तथा उनीहरुले दिएको विवरण कै आधारमा प्राथमिकताक्रम निर्धारण गर्ने गरिएकाले वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी दिने कार्य ।

- यस कार्यक्रम अनुसार विनियोजित बजेटबाट खासगरी सामान्य प्रकृतिका निर्माण, मर्मत सम्भार तथा सरसफाई सम्बन्धी कार्यमा मात्र रोजगारी प्रदान गरिने हुँदा लागत र लाभबीच तादम्यता मिलाउनु ।

- यस कार्यक्रम मार्फत रोजगारीमा अदक्ष श्रमिकहरु परिचालन गर्ने हुँदा निर्माण तथा मर्मत सम्भार भएका पूर्वाधारको गुणस्तर कायम राख्नु ।

- यस कार्यक्रमबाट चिनजान र आफ्नो नजिकका व्यक्तिहरुलाई सामान्य प्रकृतिका न्यून उत्पादनशील कार्यहरुमा रोजगारमा लगाउने प्रवृत्ती देखिएकाले बजेट खर्च भएतापनि उत्पादनशील पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरी रोजगारीको उत्पादकत्व वृद्धि गर्नु ।

- रोजगारको हक कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरिएतापनि उक्त केन्द्रको क्षमता विकास तथा अभिवृद्धि गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको नतिजामूखी तवरले कार्यान्वयन गर्न स्थानीय तह तथा वडा कार्यालयहरुले उपयुक्त आयोजनाको छनोट गर्नु ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनको लागि प्रयोगमा ल्याइएको रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत बेरोजगार र रोजगारीको विवरण प्रविष्टि गर्न विभिन्न कठिनाईहरु रहनु । प्रणालीको सञ्चालन सम्बन्धमा रोजगार सेवा केन्द्रका कर्मचारीहरुलाई समयमा आवश्यक तालिम तथा अभिमुखिकरण प्रदान गर्नु ।

# परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ प्रदेश नं. १ को सरकारी वित्त स्थिति

- आ.व. २०७८/७९ का लागि प्रदेश नं. १ सरकारले कुल रु.३२ अर्ब ४६ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार २०७९ असार मसान्तसम्म रु.३० अर्ब ७ करोड खर्च भएको छ जुन कुल विनियोजनको ९२.६ प्रतिशत हो । आ.व. २०७७/७८ मा विनियोजन भएको कुल बजेटको ६८.३ प्रतिशत मात्र खर्च भएको थियो ।

- आर्थिक वर्ष २०७८/७९ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१७ अर्ब ४१ करोडमध्ये रु.१३ अर्ब २१ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ७५.९ प्रतिशत हो । अघिल्लो वर्ष यस्तो खर्च विनियोजित चालु खर्चको ६३.७ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ रु.१५ अर्ब ५ करोड विनियोजन भएकोमा रु.१६ अर्ब ८५ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको १११.९ प्रतिशत हो । अघिल्ला वर्षको सोही अवधिमा यस्तो खर्च विनियोजित पुँजीगत खर्चको ७२.४ प्रतिशत रहेको थियो ।

- प्रदेश नं. १ सरकारले आ.व. २०७८/७९ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँड गरी रु.१३ अर्ब ९१ करोड कुल राजश्व अनुमान गरेकोमा रु.१३ अर्ब ८९ करोड राजश्व परिचालन गरेको छ जुन कुल राजश्व अनुमानको ९९.८ प्रतिशत हो ।

- आ.व. २०७८/७९ मा प्रदेश नं. १ सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१६ अर्ब ३० करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०७९ असार मसान्तसम्म कुल रु.१८ अर्ब ४७ करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये सबैभन्दा बढी समानीकरण अनुदान रु.८ अर्ब ५७ करोड रहेको छ भने सशर्त अनुदानको रकम रु.८ अर्ब १४ करोड रहेको छ । त्यसैगरी, प्रदेश नं. १ सरकारले यस प्रदेशका १३७ स्थानीय तहलाई रु.३ अर्ब ९१ करोड अनुदान तथा वित्तीय हस्तान्तरण गरेको छ । हस्तान्तरण भएको रकममध्ये सशर्त अनुदान रकम सबैभन्दा बढी रु.१ अर्ब ६५ करोड रहेको छ ।

**तालिका ७.१ : प्रदेश नं. १ सरकारको वित्त स्थिती**

| शीर्षक | २०७७/७८ | | २०७८/७९ | | प्रगत्ति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०७७/७८ | २०७८/७९ |
| **कुल खर्च(रु.अर्ब)** | ४०.८९ | २७.९५ | ३२.४६ | ३०.०७ | ६८.३ | ९२.६ |
| चालु खर्च | १८.९७ | १२.०९ | १७.४१ | १३.२१ | ६३.७ | ७५.९ |
| पुँजीगत खर्च | २१.९२ | १५.८७ | १५.०५ | १६.८५ | ७२.४ | १११.९ |
| **कुल राजश्व (रु.अर्ब)** | १४.७९ | १३.१५ | १३.९१ | १३.८९ | ८९.० | ९९.८ |
| **अनुदान प्राप्ती (रु. अर्ब)** | १५.११ | १७.६१ | १६.३० | १८.४७ | ११६.५ | ११३.३ |

स्रोत : प्रदेश नं. १ सरकारको बजेट वक्तव्य तथा प्र.ले.नि.का.

## ७.२ प्रदेश नं. १ का स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

- प्रदेश नं. १ मा रहेका स्थानीय तहहरुले आर्थिक वर्ष २०७७/७८ मा विनियोजित कुल बजेटको ५९.४ प्रतिशत खर्च गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा विनियोजित बजेटको ६४.१ प्रतिशत रकम खर्च गरेका छन् । समीक्षा वर्षमा स्थानीय तहहरुले गरेको खर्च अघिल्लो वर्षको तुलनामा १५.७ प्रतिशतले बढेको छ ।

- आर्थिक वर्ष २०७७/७८ मा विनियोजित चालु खर्च बजेटको ७१.४ प्रतिशत खर्च गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा विनियोजित चालु बजेटको ७३.३ प्रतिशत रकम खर्च गरेका छन् । समीक्षा वर्षमा स्थानीय तहहरुले गरेको चालु खर्च अघिल्लो वर्षको चालु खर्चको तुलनामा ७.६ प्रतिशतले बढेको छ। त्यसैगरी, समीक्षा वर्षमा स्थानीय तहहरुले विनियोजित पुँजीगत खर्चको ५६.० प्रतिशत खर्च गरेको छन् । अघिल्लो वर्ष उक्त स्थानीय तहहरुले विनियोजित पुँजीगत खर्चको ४८.६ प्रतिशत खर्च गरेका थिए । समीक्षा वर्षमा स्थानीय तहहरुले गरेको पुँजीगत खर्च अघिल्लो वर्ष गरेको पुँजीगत खर्चको तुलनामा २६.२ प्रतिशतले बढेको छ ।

**तालिका ७.२ : प्रदेश नं. १ का स्थानीय तहको वित्त स्थिति**

रकम रु.लाखमा

| शीर्षक | उप-शीर्षक | २०७७/७८ | | २०७८/७९ | | प्रगति | | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक | बजेट | वास्तविक | २०७७/७८ | २०७८/७९ | |
| खर्च | **कुल खर्च** | **११६०.५** | **६८९.२** | **१२४४.६** | **७९७.२** | **५९.४** | **६४.१** | **१५.७** |
| | चालु | ५३५.१ | ३८१.९ | ५६०.७ | ४११.१ | ७१.४ | ७३.३ | ७.६ |
| | पुँजीगत | ६१५.७ | २९९.४ | ६७५.३ | ३७७.९ | ४८.६ | ५६.० | २६.२ |
| | वित्तीय | ९.८ | ७.९ | ८.५ | ८.१ | ८०.१ | ९५.२ | ३.३ |
| राजश्व | **कुल राजश्व** | **६०२.४** | **३४१.२** | **६६०.८** | **३९२.१** | **५६.६** | **५९.३** | **१४.९** |
| | आन्तरिक स्रोत | २६२.० | १३१.० | २६०.० | १४९.४ | ५०.० | ५७.५ | १४.१ |
| | राजश्व बाँडफाँड | २०४.५ | १६६.३ | २७७.० | १८७.३ | ८१.३ | ६७.६ | १२.६ |
| | अन्य | १३५.९ | ४४.० | १२३.९ | ५५.४ | ३२.४ | ४४.७ | २५.८ |
| अनुदान तथा हस्तान्तरण प्राप्ती | **कुल अनुदान तथा हस्तान्तरण** | **५५२.६** | **४२५.७** | **५५९.२** | **५११.७** | **७७.०** | **९१.५** | **२०.२** |
| | समानीकरण | १४२.२ | १४२.२ | १५९.६ | १५९.६ | १००.० | १००.० | १२.२ |
| | समपूरक | १८.६ | १५.९ | २२.८ | २२.८ | ८५.२ | १००.० | ४३.९ |
| | विशेष | १७.० | ३.० | ४.७ | ४.७ | १७.६ | १००.० | ५५.१ |
| | सशर्त | २९९.६ | २६३.१ | ३२६.० | ३२३.८ | ८७.८ | ९९.३ | २३.१ |
| | अन्य | ७५.२ | १.६ | ४६.१ | ०.८ | २.१ | १.८ | -४५.६ |
| ऋण | **आन्तरिक** | ५.५ | ०.८ | २१.२ | १.८ | १४.८ | ८.३ | ११७.० |
| | **बाह्य** | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | **कुल ऋण** | **५.५** | **०.८** | **२१.२** | **१.८** | **१४.८** | **८.३** | **११७.०** |

*(प्रदेश नं. १ स्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उपमहानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठुला सुन्दर हरैँचा नगरपालिका र दमक नगरपालिका गरी ५ स्थानीय तहको आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को विनियोजित बजेट र वास्तविक उपलब्धीको आधारमा गरिएको विश्लेषण)*


स्रोत : सम्बन्धित स्थानीय तह

- आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ का स्थानीय तहहरुले बजेटमा अनुमानित राजश्वको ५६.६ प्रतिशत राजश्व रकम परिचालन गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा अनुमानित राजश्वको ५९.३ प्रतिशत रकम परिचालन गरेका छन् । समीक्षा वर्षमा स्थानीय तहहरुले परिचालन गरेको राजश्व अघिल्लो वर्ष परिचालन गरेको राजश्वको तुलनामा १४.९ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०७७/७८ को बजेटमा राजश्व अन्तर्गत आन्तरिक राजश्वबाट प्राप्त हुने अनुमानित रकमको ५०.० प्रतिशत राजश्व परिचालन गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा अनुमानित आन्तरिक

राजश्वको ५७.५ प्रतिशत रकम परिचालन गरेका छन् । त्यसैगरी, आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकार र प्रदेश सरकारबाट राजश्व अन्तर्गत प्राप्त हुने राजश्व बाँडफाँड बापतको रकम बजेटमा प्रक्षेपण गरिएको तुलनामा ८१.३ प्रतिशत परिचान गरेकोमा आर्थिक वर्ष २०७८/७९ मा प्रक्षेपित राजश्व बाँडफाँडको ६७.६ प्रतिशत रकम परिचालन गरेका छन् । समीक्षा वर्षमा राजश्व बाँडफाँड बापत प्राप्त हुने राजश्व अघिल्लो वर्ष राजश्व बाँडफाँड बापत प्राप्त भएको राजश्वको तुलनामा १२.६ प्रतिशतले बढेको छ ।

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ स्थानीय तहहरुले राजश्व र अनुदान बापत परिचालन गरेको कुल प्राप्तीमा अनुदान तथा हस्तान्तरणको हिस्सा ५६.६ प्रतिशत, आन्तरिक स्रोतबाट प्राप्त राजश्वको हिस्सा १६.५ प्रतिशत, राजश्व बाँडफाँड बापत प्राप्त भएको राजश्वको हिस्सा २०.७ प्रतिशत र जनसहभागिता तथा अघिल्लो वर्षको नगद मौज्दातबापतको रकमको अन्य हिस्सा ६.२ प्रतिशत रहेको छ ।

**चार्ट ७.१ : आ.व. २०७८/७९ मा प्रदेश नं. १ का स्थानीय तहको कुल प्राप्तीको संरचना**




स्रोत : सम्बन्धित स्थानीय तह

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ स्थानीय तहहरुले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा हस्तान्तरणमा सशर्त अनुदानको हिस्सा सबैभन्दा धेरै ६३.३ प्रतिशत रहेको छ । त्यसैगरी, समानीकरण अनुदानको हिस्सा ३१.२ प्रतिशत, समपुरक अनुदानको हिस्सा ४.५ प्रतिशत र अन्यको हिस्सा ०.२ प्रतिशत रहेको छ ।

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ स्थानीय तहहरुले वैदेशिक ऋण परिचालन गरेको देखिएको छ भने आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७९ मा परिचालन गरेको आन्तरिक ऋण ११७.० प्रतिशतले बढेको छ । प्रदेश नं. १ का स्थानीय तहहरुले नगर विकास कोषबाट आन्तरिक ऋण परिचालन गरेका छन् ।

## ७.३ प्रदेश नं. १ का स्थानीय तहको आ.व. २०७९/८० को बजेट


- आ.व. २०७९/८० मा प्रदेश नं १ मा रहेका १३७ स्थानीय तहले अघिल्लो वर्ष विनियोजित बजेटमा ४.२ प्रतिशतले वृद्धि गरी कुल रु.८९ अर्ब ६१ करोडको बजेट विनियोजन गरेका छन् ।

- आ.व. २०७९/८० का लागि प्रदेश नं. १ स्थित विराटनगर महानगरपालिकाले अघिल्लो वर्ष विनियोजन गरेको बजेटको तुलनामा ९.६ प्रतिशतले घटाएर रु.३ अर्ब ६३ करोडको बजेट विनियोजन गरेको छ जुन प्रदेश नं १ का सबै स्थानीय

तहको कुल बजेटको ४.० प्रतिशत हो । त्यसैगरी, प्रदेश नं. १ स्थित इटहरी उपमहानगरपालिकाले अघिल्लो वर्ष विनियोजन गरेको बजेटको तुलनामा ०.३ प्रतिशतले वृद्धि गरी रु.२ अर्ब १८ करोड र धरान उप-महागनरपालिकाले अघिल्लो वर्ष विनियोजन गरेको बजेटको तुलनामा १७.२ प्रतिशतले घटाएर रु.१ अर्ब ६८ करोडको बजेट विनियोजन गरेका छन् । यी दुई उप-महानगरपालिकाले विनियोजन गरेको बजेट प्रदेश नं १ का सबै स्थानीय तहको कुल बजेटको ४.३ प्रतिशत रहेको छ ।

- आ.व. २०७९/८० मा प्रदेश नं. १ मा रहेका ४६ नगरपालिकाले अघिल्लो वर्ष विनियोजन गरेको बजेटको तुलनामा ५.६ प्रतिशतले वृद्धि गरी रु.४० अर्ब ७ करोडको बजेट विनियोजन  गरेका छन् भने ८८ वटा गाउँपालिकाले अघिल्लो वर्ष विनियोजन गरेको बजेटको तुलनामा ५.७ प्रतिशतले वृद्धि गरी रु.४२ अर्बको बजेट विनियोजन गरेका छन् ।

**चार्ट ७.२ : प्रदेश नं. १ का स्थानीय तहको बजेट आकार (रु.अर्बमा)**




स्रोत : सम्बन्धित स्थानीय तह

- आ.व. २०७९/८० मा यस प्रदेशको मोरङ जिल्लाका स्थानीय तहरुले अघिल्लो वर्षको बजेटको तुलनामा १.० प्रतिशत वृद्धि गरी सबैभन्दा बढी रु.१६ अर्ब ९० करोडको बजेट विनियोजन गरेका छन् भने तेह्रथुम जिल्लाका स्थानीय तहले सबैभन्दा कम रु.२ अर्ब ८३ करोडको बजेट विनियोजन गरेका छन् ।

# परिच्छेद ८ : आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

- आर्थिक वर्ष २०७८/७९ मा प्रदेश नं. १ को तराईका मुख्य धान उत्पादन हुने जिल्लाहरु झापा, मोरङ, सुनसरीमा धान उत्पादन हुने क्षेत्रफलको तुलनामा क्रमशः १००.० प्रतिशत, ९९.० प्रतिशत र ९८ प्रतिशत क्षेत्रफलमा रोपाई भएकोमा चालु वर्षमा क्रमशः ९९.०, ९६.० र ९६.० रोपाई भएको र क्षेत्रफलको आधारमा पनि समीक्षा वर्ष भन्दा चालु आर्थिक वर्षमा ४,७५८ (१.४ प्रतिशत) हेक्टरले रोपाई गरिएको क्षेत्रफल घटेको तथा रोपाई हुने मुख्य सिजनमा सदा झैं कृषकलाई पर्याप्त खाद्यमल प्राप्त हुन नसकेकोले समीक्षा वर्षको तुलनामा चालु वर्ष धानको उत्पादन केही घट्ने देखिन्छ ।

- प्रदेश नं. १ मा गहुँबालीबाट प्राप्त हुने उत्पादन र आयको तुलनामा तरकारी बालीबाट प्राप्त हुने उत्पादन र आय बढी हुने, तरकारी बाली र गहुँ उत्पादन हुने सिजन एउटै रहेको, तरकारी बालीले ढाकेको क्षेत्रफल बढ्दो क्रममा रहेको तथा गहुँ बालीले ढाकेको क्षेत्रफल घट्दो क्रममा रहेको प्रवृत्ति देखिएकाले चालु वर्षपनि गहुँको उत्पादन घट्ने र तरकारीको उत्पादन बढ्ने देखिन्छ ।

- कोभिड-१९ महामारीको प्रभाव न्यून भएसँगै तीव्र रुपमा निजी वनबाट काठ कटानको स्वीकृतिका लागि परेको आवेदन समीक्षा वर्षको तुलनामा कम हुँदै गएकोले काठ उत्पादनको वृद्धिदरमा केही कमी आउनसक्ने देखिन्छ ।

- सहुलियतपूर्ण कर्जा, नगद तथा प्राविधिक अनुदान, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकिकरणको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको, पछिल्ला वर्षहरुमा पशुपालन, माछापालन लगायत व्यवसायिक खेतीतर्फ सर्वसाधारण/कृषकको आकर्षण बढ्दै गएको, ठूला कृषि फर्महरुको स्थापना हुने क्रम बढेसँगै पशुपंक्षीजन्य उत्पादनहरु जस्तैः अन्डा, माछा, मासुको उत्पादन बढ्ने देखिन्छ ।

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुले बजेट मार्फत पशुपालन गर्ने कृषकहरुलाई दूध उत्पादनमा अनुदान, गोठ सुधार कार्यक्रम, नश्ल सुधार कार्यक्रमहरु जस्ता विविध कार्यक्रम सञ्चालन गरेकाले चालु वर्षमा दूध उत्पादनको वृद्धिदर अझ बढ्न सक्ने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

- कोरोना महामारी अवधिमा तयारी कपडाको उत्पादन अधिक भएकाले मौज्दातको रुपमा रहेको तयारी कपडा समीक्षा वर्षमा सकिएकाले चालु वर्षमा तयारी कपडाको उत्पादन बढ्ने देखिन्छ ।

- प्रदेश नं. १ मा रहेका सिमेन्ट उद्योगहरुले क्षमता उपयोगमा वृद्धि गरेको तथा क्षमता विस्तार गर्ने योजना बनाएकाले चालु वर्षमा सिमेन्टको उत्पादन वृद्धिदर अझ बढ्न सक्ने देखिन्छ ।

- भारतमा भटमासको तेलको माग उच्च रहेको तथा बनस्पति घिउ उत्पादन गर्ने उद्योगहरुले पनि आफ्नो उत्पादन सम्बन्धी क्रियाकलापलाई भटमासको तेल उत्पादनतर्फ केन्द्रीत गरेका कारण चालु वर्षमा भटमासको तेल उत्पादन अझ बढ्ने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

- अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा पर्यटकीय गतिविधिहरु सुचारु भएको, बाह्य पर्यटकहरुको संख्या पनि वृद्धि हुँदै गएको, होटलहरुमा आन्तरिक पर्यटकको संख्या बढ्दो क्रममा रहेको तथा आवतजावतका लागि सहज भएसँगै

प्रदेश नं. १ का पाथिभरा, हलेसी, बराहक्षेत्र लगायतका धार्मिकस्थलहरुमा भारतीय पर्यटक संख्या बढेको देखिएकाले चालु वर्षमा पर्यटकीय गतिविधिहरु पुरानै अवस्थामा फर्कन सक्ने देखिन्छ ।

- नेपाल सरकारले लागु गरेको नयाँ भू-उपयोग नीति २०७९ मा जग्गाको वर्गीकरण गरेपश्चात् मात्र कित्ताकाट हुने प्रावधान रहेकाले समीक्षा वर्षमा सरकारले प्राप्त गर्ने थैली राजश्व घटेको देखिएको छ र प्रदेश नं. १ का केही स्थानीय तह बाहेक अन्यले हालसम्म पनि जग्गाको वर्गीकरण सम्बन्धी कार्यविधि जारी नगरेकाले चालु वर्षमा घरजग्गा कारोबार संख्या तथा थैली बापतको राजश्व रकम अझै घट्न सक्ने देखिन्छ ।

- समीक्षा अवधिमा निक्षेपको तुलनामा कर्जाको वृद्धिदर उच्च रहेको तथा बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य रकमको अभाव देखिएको र खुद बैदेशिक सम्पत्तिमा आएको संकुचनले चालु वर्षमा पनि कुल कर्जाको वृद्धिदरमा संकुचन आउन सक्ने देखिन्छ ।

- समीक्षा वर्षमा उपभोग्य कर्जा शीर्षकमा प्रदेश नं. १ बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती बचतको धितोमा प्रवाह हुने कर्जाको माग उच्च रहेको तथा बजार ब्याजदर दोस्रो त्रयमासमा पनि बढ्दो क्रममा नै रहेकाले मुद्दती बचत पूर्व भुक्तानी (Premature) नगरी सोको धितोमा प्रवाह हुने कर्जा वृद्धि हुन सक्ने देखिएकाले चालु वर्षमा पनि उपभोग्य कर्जाको वृद्धिदर भने अझै बढ्न सक्ने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- समीक्षा अवधिमा प्रादेशिक अर्थतन्त्रलाई प्रभाव पार्नसक्ने मुख्य आयोजनाहरु जस्तै : सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन, कोशी कोरिडोर अन्तर्गतको ईनरुवा–बसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन र कोशी-तमोर कोरिडोर सडक आयोजनाको निर्माण कार्य सम्पन्न भएको तथा चालु आ.व.मा कोशी कोरिडोर अन्तर्गत तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा सवस्टेशन र कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन, यस प्रदेश अन्तर्गतको पुष्पलाल मध्यपहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग भित्री तराईको उदयपुर सिन्धुली खण्ड र हुलाकी राजमार्गको निर्माण कार्य सम्पन्न हुने अनुमान रहेकाले चालु वर्ष प्रदेशमा थप विद्युत आपूर्ति बढ्ने देखिन्छ भने सडक सञ्जालको विस्तारले सडक पूर्वाधारको पहुँचमा उल्लेख्य वृद्धि भई ग्रामीण प्रादेशिक अर्थतन्त्र थप चलायमान हुने देखिन्छ ।

- प्रदेश नं.१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालित आयोजनाहरुमा सिर्जना भएको रोजगारी अघिल्लो वर्षको तुलनामा समीक्षा वर्षमा २५.३ प्रतिशतले कमी आएको देखिएको छ । यो कार्यक्रम कार्यान्वयनमा ल्याउने स्थानीय तहहरुले उत्पादनमूलक र नवनिर्माण सम्बन्धी आयोजनाहरु सञ्चालन गर्न नसकेको, मर्मत सम्भार तथा अल्पकालीन लाभका आयोजना मात्र सञ्चालन गरिरहेको देखिएको सन्दर्भमा चालु वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सिर्जना हुने रोजगारीमा थप कटौती हुन सक्ने देखिन्छ ।

- यस प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना तथा अन्य आयोजनाहरु मध्ये विभिन्न आयोजनाहरुको निर्माण कार्य सम्पन्न भएको र केही आयोजनाहरु चालु आ.व.मा सम्पन्न हुने अनुमान गरिएको तथा नयाँ आयोजनाहरुको निर्माण कार्य समेत प्रारम्भ नभएको अवस्थामा पूर्वाधार आयोजना मार्फत सिर्जना भएको रोजगारीमा केही दवाब पर्ने सक्ने देखिन्छ ।

# अनुसूचीहरु

## अनुसूची १

## जिल्लागत रुपमा स्थानीय तहको बजेटको आकार (रु.करोडमा)

| जिल्ला | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| तेह्रथुम | २४७.४ | २८३.३ | १४.५ |
| सोलुखुम्बु | ३१९.८ | ३४७.८ | ८.८ |
| धनकुटा | ३६०.८ | ४१८.० | १५.८ |
| ओखलढुङ्गा | ३९४.९ | ४२७.७ | ८.३ |
| ताप्लेजुङ | ३९७.४ | ४०८.७ | २.८ |
| पाँचथर | ४०६.५ | ४३८.२ | ७.८ |
| भोजपुर | ४०९.१ | ४४२.० | ८.१ |
| संखुवासभा | ४४१.२ | ४५३.० | २.७ |
| खोटाङ | ४८६.० | ५१५.४ | ६.१ |
| उदयपुर | ५२७.९ | ५६६.९ | ७.४ |
| इलाम | ६६८.२ | ६७८.२ | १.५ |
| सुनसरी | १०३९.० | १०३९.६ | ०.१ |
| झापा | १२२५.५ | १२५२.० | २.२ |
| मोरङ | १६७४.५ | १६९०.५ | १.० |
| **कुल बजेट** | **८५९८.१** | **८९६१.४** | **४.२** |

| स्थानीय तह | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| महानगरपालिका | ४०१.० | ३६२.६ | -९.६ |
| उप-महानगरपालिका | ४२१.१ | ३८६.६ | -८.२ |
| नगरपालिका | ३७९६.८ | ४००७.८ | ५.६ |
| गाउँपालिका | ३९७९.१ | ४२०४.४ | ५.७ |
| **कुल बजेट** | **८५९८.१** | **८९६१.४** | **४.२** |

स्रोत : सम्बन्धित स्थानीय तहहरु

## अनुसूची २

## प्रदेश नं १ का स्थानीय तहहरुको दुई आ.व.को बजेटको आकार*

रु. करोडमा

| क.स. | स्थानीय तहको नाम | जिल्ला | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| १ | सुर्योदय नगरपालिका | ईलाम | १२९.९ | १३५.८ | ४.५ |
| २ | ईलाम नगरपालिका | ईलाम | १२१.४ | १२२.४ | ०.८ |
| ३ | देउमाई नगरपालिका | ईलाम | ८५.६ | ७७.३ | -९.७ |
| ४ | माई नगरपालिका | ईलाम | ६७.३ | ५८.३ | -१३.४ |
| ५ | माईजोगमाई गाउँपालिका | ईलाम | ४६.९ | ५३.४ | १४.० |
| ६ | फाकफोकथुम गाउँपालिका | ईलाम | ४३.६ | ५१.१ | १७.४ |
| ७ | चुलाचुली गाउँपालिका | ईलाम | ४८.५ | ४९.६ | २.२ |
| ८ | रोङ गाउँपालिका | ईलाम | ४४.२ | ४५.७ | ३.५ |
| ९ | माङसेबुङ गाउँपालिका | ईलाम | ४०.५ | ४५.० | ११.२ |
| १० | सन्दकपुर गाउँपालिका | ईलाम | ४०.५ | ३९.६ | -२.२ |
| ११ | त्रियुगा नगरपालिका | उदयपुर | ११९.० | १२३.५ | ३.८ |
| १२ | चौदण्डीगढी नगरपालिका | उदयपुर | ७४.७ | ७९.५ | ६.३ |
| १३ | वेलका नगरपालिका | उदयपुर | ६९.८ | ७७.७ | ११.४ |
| १४ | कटारी नगरपालिका | उदयपुर | ६९.१ | ७६.० | १०.० |
| १५ | उदयपुरगढी गाउँपालिका | उदयपुर | ६६.७ | ७५.५ | १३.२ |
| १६ | रौतामाई गाउँपालिका | उदयपुर | ५२.३ | ५७.३ | ९.६ |
| १७ | ताप्ली गाउँपालिका | उदयपुर | ३३.५ | ४०.१ | १९.५ |
| १८ | लिम्चुङबुङ गाउँपालिका | उदयपुर | ४२.८ | ३७.३ | -१२.८ |
| १९ | सिद्धिचरण नगरपालिका | ओखलढुङ्गा | ७७.२ | ८१.१ | ५.० |
| २० | चम्पादेवी गाउँपालिका | ओखलढुङ्गा | ४३.८ | ६१.७ | ४१.१ |
| २१ | सुनकोशी गाउँपालिका | ओखलढुङ्गा | ४२.१ | ५६.२ | ३३.५ |
| २२ | मानेभञ्याङ गाउँपालिका | ओखलढुङ्गा | ४७.० | ५५.१ | १७.३ |
| २३ | लिखु गाउँपालिका | ओखलढुङ्गा | ३९.९ | ४७.८ | १९.९ |
| २४ | मोलुङ गाउँपालिका | ओखलढुङ्गा | ४६.८ | ४४.७ | -४.४ |
| २५ | चिशंखुगढी गाउँपालिका | ओखलढुङ्गा | ४६.१ | ४२.५ | -७.९ |
| २६ | खिजीदेम्वा गाउँपालिका | ओखलढुङ्गा | ५२.१ | ३८.७ | -२५.८ |
| २७ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | खोटाङ्ग | ८५.१ | ८६.८ | २.० |
| २८ | हलेसी तुवाचुङ्ग नगरपालिका | खोटाङ्ग | ५८.२ | ६४.६ | ११.० |
| २९ | दिपुरङ्ग चुइचुम्मा गाँउपालिका | खोटाङ्ग | ६२.३ | ६०.७ | -२.६ |
| ३० | जन्तेढुङ्गा गाउँपालिका | खोटाङ्ग | ४०.० | ५९.८ | ४९.५ |
| ३१ | खोटेहाङ्ग गाँउपालिका | खोटाङ्ग | ५१.७ | ५५.४ | ७.३ |
| ३२ | ऐंसेलुखर्क गाँउपालिका | खोटाङ्ग | ४०.४ | ४२.५ | ५.१ |
| ३३ | रावावेसी गाँउपालिका | खोटाङ्ग | ३६.५ | ३८.४ | ५.३ |
| ३४ | केपिलासगढी गाँउपालिका | खोटाङ्ग | ४४.० | ३६.८ | -१६.३ |
| ३५ | वराहपोखरी गाँउपालिका | खोटाङ्ग | ३५.७ | ३६.० | ०.६ |
| ३६ | साकेला गाँउपालिका | खोटाङ्ग | ३२.२ | ३४.६ | ७.२ |
| ३७ | दमक नगरपालिका | झापा | १३८.५ | १६३.० | १७.७ |
| ३८ | विर्तामोड नगरपालिका | झापा | १२७.१ | १३८.४ | ८.९ |
| ३९ | मेचीनगर नगरपालिका | झापा | १५३.५ | १३२.३ | -१३.८ |

| क.स. | स्थानीय तहको नाम | जिल्ला | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| ४० | शिवसताक्षी नगरपालिका | झापा | ११४.८ | १२४.३ | ८.३ |
| ४१ | भद्रपुर नगरपालिका | झापा | ८३.१ | ९१.३ | ९.९ |
| ४२ | गौरादह नगरपालिका | झापा | ७१.८ | ७७.२ | ७.४ |
| ४३ | अर्जुनधारा नगरपालिका | झापा | ८२.८ | ७४.२ | -१०.५ |
| ४४ | कन्काई नगरपालिका | झापा | ७३.७ | ७३.८ | ०.१ |
| ४५ | कमल गाउँपालिका | झापा | ८३.१ | ७१.१ | -१४.४ |
| ४६ | बुद्धशान्ति गाउँपालिका | झापा | ५२.१ | ५६.३ | ८.१ |
| ४७ | कचनकवल गाउँपालिका | झापा | ५२.४ | ५३.८ | २.७ |
| ४८ | बाह्रदशी गाउँपालिका | झापा | ५५.५ | ५१.८ | -६.६ |
| ४९ | झापा गाउँपालिका | झापा | ४५.७ | ५०.८ | ११.१ |
| ५० | गौरिगंज गाउँपालिका | झापा | ४६.३ | ४७.३ | २.० |
| ५१ | हल्दिबारी गाउँपालिका | झापा | ४५.० | ४६.४ | ३.२ |
| ५२ | फुङलिङ नगरपालिका, | ताप्लेजुङ्ग | ६३.४ | ६७.६ | ६.६ |
| ५३ | सिरीजङ्घा गाउँपालिका | ताप्लेजुङ्ग | ५१.१ | ५१.८ | १.३ |
| ५४ | पाथिभरा याङ्वरक गाउँपालिका | ताप्लेजुङ्ग | ४२.३ | ४६.३ | ९.५ |
| ५५ | आठराई त्रिवेणी गाउँपालिका | ताप्लेजुङ्ग | ४४.३ | ४४.३ | ०.० |
| ५६ | फक्ताङलुङ गाउँपालिका | ताप्लेजुङ्ग | ४४.६ | ४३.९ | -१.७ |
| ५७ | मेरिङदेन गाउँपालिका | ताप्लेजुङ्ग | ४१.२ | ४२.३ | २.८ |
| ५८ | सिदिङ्वा गाउँपालिका | ताप्लेजुङ्ग | ४२.० | ३९.५ | -६.० |
| ५९ | मैवाखोला गाउँपालिका | ताप्लेजुङ्ग | ३४.७ | ३७.५ | ८.१ |
| ६० | मिक्वाखोला गाउँपालिका | ताप्लेजुङ्ग | ३३.८ | ३५.५ | ४.९ |
| ६१ | आठराई गाउँपालिका | तेह्रथुम | ५५.१ | ५७.८ | ४.८ |
| ६२ | म्याङलुङ नगरपालिका | तेह्रथुम | ४२.० | ५६.७ | ३४.८ |
| ६३ | लालीगुराँस नगरपालिका | तेह्रथुम | ४६.६ | ५१.९ | ११.३ |
| ६४ | फेदाप गाउँपालिका | तेह्रथुम | ३९.२ | ४७.१ | २०.१ |
| ६५ | छथर गाउँपालिका | तेह्रथुम | ३७.३ | ४०.६ | ८.९ |
| ६६ | मेन्छयायेम गाउँपालिका | तेह्रथुम | २७.१ | २९.३ | ७.८ |
| ६७ | पाख्रिवास नगरपालिका | धनकुटा | ५०.५ | ७६.६ | ५१.६ |
| ६८ | महालक्ष्मी नगरपालिका | धनकुटा | ६४.५ | ७२.२ | ११.८ |
| ६९ | धनकुटा नगरपालिका | धनकुटा | ६५.२ | ६५.३ | ०.२ |
| ७० | चौबिसे गाउँपालिका | धनकुटा | ४५.९ | ६४.० | ३९.४ |
| ७१ | साँगुरीगढी गाउँपालिका | धनकुटा | ४६.५ | ५१.० | ९.६ |
| ७२ | सहिदभुमि गाउँपालिका | धनकुटा | ४४.४ | ४४.९ | १.२ |
| ७३ | छथर जोरपाटी गाउँपालिका | धनकुटा | ४३.७ | ४४.० | ०.८ |
| ७४ | फिदिम नगरपालिका | पाँचथर | ९१.७ | ९८.७ | ७.७ |
| ७५ | मिक्लाजुङ गाउँपालिका | पाँचथर | ५५.६ | ६२.४ | १२.३ |
| ७६ | फाल्गुनन्द गाउँपालिका | पाँचथर | ४६.४ | ५५.३ | १९.० |
| ७७ | याङवरक गाउँपालिका | पाँचथर | ४५.७ | ४८.९ | ७.० |
| ७८ | फालेलुङ गाउँपालिका | पाँचथर | ४६.२ | ४८.८ | ५.८ |
| ७९ | हिलिहाङ गाउँपालिका | पाँचथर | ४९.३ | ४६.५ | -५.८ |
| ८० | कुम्मायक गाउँपालिका | पाँचथर | ३४.६ | ३९.७ | १४.६ |
| ८१ | तुम्वेवा गाउँपालिका | पाँचथर | ३७.० | ३७.९ | २.५ |
| ८२ | षडानन्द नगरपालिका | भोजपुर | ६३.० | ८६.९ | ३८.० |

| क्र.स. | स्थानीय तहको नाम | जिल्ला | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| ८३ | भोजपुर नगरपालिका | भोजपुर | ५६.६ | ६२.१ | ९.७ |
| ८४ | टेम्केमैयुङ गाउँपालिका | भोजपुर | ५४.५ | ४९.९ | -८.४ |
| ८५ | रामप्रसाद राई गाउँपालिका | भोजपुर | ४४.० | ४५.७ | ३.८ |
| ८६ | आमचोक गाउँपालिका | भोजपुर | ३९.३ | ४५.४ | १५.७ |
| ८७ | अरुण गाउँपालिका | भोजपुर | ४३.२ | ४४.४ | २.८ |
| ८८ | हतुवागढी गाउँपालिका | भोजपुर | ३६.६ | ४२.० | १५.० |
| ८९ | पौवादुङ्मा गाउँपालिका | भोजपुर | ३८.६ | ४१.० | ६.३ |
| ९० | साल्पासिलिछो गाउँपालिका | भोजपुर | ३३.४ | २४.६ | -२६.४ |
| ९१ | विराटनगर महानगरपालिका | मोरङ्ग | ४०१.० | ३६२.६ | -९.६ |
| ९२ | सुन्दरहरैचा नगरपालिका | मोरङ्ग | २०१.५ | १८१.५ | -९.९ |
| ९३ | बेलबारी नगरपालिका | मोरङ्ग | १३५.७ | १३७.५ | १.३ |
| ९४ | पथरी शनिश्चरे नगरपालिका | मोरङ्ग | ९५.७ | १२७.२ | ३२.९ |
| ९५ | उर्लाबारी नगरपालिका | मोरङ्ग | ८५.७ | ९९.५ | १६.१ |
| ९६ | रंगेली नगरपालिका | मोरङ्ग | ७१.८ | ८८.८ | २३.७ |
| ९७ | केराबारी गाउँपालिका | मोरङ्ग | ८०.९ | ८२.७ | २.२ |
| ९८ | लेटाङ नगरपालिका | मोरङ्ग | ९०.९ | ७४.३ | -१८.२ |
| ९९ | रतुवामाई नगरपालिका | मोरङ्ग | ६७.५ | ७३.२ | ८.६ |
| १०० | मिक्लाजुङ्ग गाउँपालिका | मोरङ्ग | ७०.७ | ७०.७ | -०.१ |
| १०१ | बूढीगंगा गाउँपालिका | मोरङ्ग | ५६.३ | ७०.२ | २४.७ |
| १०२ | सुनवर्षी नगरपालिका | मोरङ्ग | ५८.५ | ५७.७ | -१.४ |
| १०३ | कानेपोखरी गाउँपालिका | मोरङ्ग | ७७.० | ५७.५ | -२५.३ |
| १०४ | जहदा गाउँपालिका | मोरङ्ग | ४७.८ | ५३.३ | ११.६ |
| १०५ | धनपालथान गाउँपालिका | मोरङ्ग | ४८.२ | ५३.१ | १०.३ |
| १०६ | कटहर िगाउँपालिका | मोरङ्ग | ४५.० | ५०.४ | १२.० |
| १०७ | ग्रामथान गाउँपालिका | मोरङ्ग | ४०.४ | ५०.२ | २४.२ |
| १०८ | खाँदवारी नगरपालिका | संखुवासभा | ६५.२ | ७५.५ | १५.९ |
| १०९ | चैनपुर नगरपालिका | संखुवासभा | ६५.२ | ६९.१ | ६.० |
| ११० | पाँचखपन नगरपालिका | संखुवासभा | ४७.६ | ४६.८ | -१.८ |
| १११ | धर्मदेवी नगरपालिका | संखुवासभा | ५१.६ | ४५.५ | -११.८ |
| ११२ | सिलीचोङ गाउँपालिका | संखुवासभा | ४०.१ | ४४.७ | ११.३ |
| ११३ | मादी नगरपालिका | संखुवासभा | ३८.९ | ४१.५ | ६.६ |
| ११४ | मकालु गाउँपालिका | संखुवासभा | ३६.६ | ४०.० | ९.२ |
| ११५ | सभापोखरी गाउँपालिका | संखुवासभा | ४७.६ | ३७.५ | -२१.३ |
| ११६ | भोटखोला गाउँपालिका | संखुवासभा | २६.६ | २७.९ | ५.० |
| ११७ | चिचिला गाउँपालिका | संखुवासभा | २१.९ | २४.६ | १२.२ |
| ११८ | इटहरी उप-महानगरपालिका | सुनसरी | २१७.५ | २१८.१ | ०.३ |
| ११९ | धरान उप-महानगरपालिका | सुनसरी | २०३.६ | १६८.६ | -१७.२ |
| १२० | बराहक्षेत्र नगरपालिका | सुनसरी | १०५.६ | ९४.० | -१०.९ |
| १२१ | दुहवी नगरपालिका | सुनसरी | ६९.२ | ८४.६ | २२.३ |
| १२२ | इनरुवा नगरपालिका | सुनसरी | ७०.० | ७३.९ | ५.७ |
| १२३ | रामधुनी नगरपालिका | सुनसरी | ७१.५ | ७१.१ | -०.५ |
| १२४ | देवानगञ्ज गाउँपालिका | सुनसरी | ५३.३ | ६३.४ | १८.८ |
| १२५ | कोशी गाउँपालिका | सुनसरी | ५४.७ | ५७.८ | ५.७ |

| क.स. | स्थानीय तहको नाम | जिल्ला | २०७८/७९ | २०७९/८० | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| १२६ | हरिनगर गाउँपालिका | सुनसरी | ५१.९ | ५६.९ | ९.७ |
| १२७ | बर्जु गाउँपालिका | सुनसरी | ४२.० | ५५.१ | ३१.२ |
| १२८ | भोक्राहा नरसिंह गाउँपालिका | सुनसरी | ४९.४ | ५४.४ | १०.० |
| १२९ | गढी गाउँपालिका | सुनसरी | ५०.३ | ४१.८ | -१७.० |
| १३० | सोलुदुधकुण्ड नगरपालिका | सोलुखुम्बु | ५९.० | ७०.८ | १९.९ |
| १३१ | खुम्वु पासाङल्हामु गाउँपालिका | सोलुखुम्बु | ३७.५ | ५३.१ | ४१.६ |
| १३२ | थुलुङ दुधकोशी गाउँपालिका | सोलुखुम्बु | ४६.६ | ५१.८ | ११.२ |
| १३३ | नेचासल्यान गाउँपालिका | सोलुखुम्बु | ४८.० | ४५.३ | -५.५ |
| १३४ | सोताङ गाउँपालिका | सोलुखुम्बु | ३५.३ | ३८.२ | ८.१ |
| १३५ | माहाकुलुङ गाउँपालिका | सोलुखुम्बु | ३१.६ | ३६.७ | १६.१ |
| १३६ | माप्य दुधकोशी गाउँपालिका | सोलुखुम्बु | ३६.४ | २७.९ | -२३.४ |
| १३७ | लिखु पिके गाउँपालिका | सोलुखुम्बु | २५.४ | २४.१ | -५.२ |
| **कुल जम्मा** | | | **८५९८.१** | **८९६१.४** | ४.२ |

स्रोत : सम्बन्धित स्थानीय तहहरु

* नगरसभाबाट पारित सुरुको बजेट

## अनुसूची ३

## प्रदेश नं. १ मा रहेका विमानस्थलहरुको सञ्चालन अवस्था

| क.सं. | सञ्चालनमा रहेका विमानस्थलहरु: | जिल्ला |
|---|---|---|
| १ | विराटनगर विमानस्थल | मोरङ |
| २ | भोजपुर विमानस्थल | भोजपुर |
| ३ | चन्द्रगढी विमानस्थल | झापा |
| ४ | लामिडाँडा विमानस्थल | खोटाङ |
| ५ | मनमाया राई खानीडाँडा विमानस्थल | खोटाङ |
| ६ | फाप्लु विमानस्थल | सोलुखुम्बु |
| ७ | सुकेटार विमानस्थल | ताप्लेजुङ |
| ८ | तेन्जिङ्ग हिलारी (लुक्ला) विमानस्थल | सोलुखुम्बु |
| ९ | थामखर्क विमानस्थल | खोटाङ |
| १० | तुम्लिङटार विमानस्थल | संखुवासभा |
| **सञ्चालनमा नरहेका विमानस्थलहरु** | | |
| ११ | फाल्गुनन्द विमानस्थल | इलाम |
| १२ | खिजी चण्डेश्वरी विमानस्थल | ओखलढुङ्गा |
| १३ | काँगेलडाँडा विमानस्थल | सोलुखुम्बु |
| १४ | रुम्जाटार विमानस्थल | ओखलढुङ्गा |
| १५ | स्याङबोचे विमानस्थल | सोलुखुम्बु |

स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण

## अनुसूची ४

### आ.व.२०७८/७९ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको अवस्था

| जिल्ला | सूचिकृत बेरोजगार व्यक्तिको सङ्ख्या | घरधुरी सङ्ख्या | प्रति व्यक्ती रोजगारी दिन | कूल आयोजना संख्या | रोजगारीमा खटिएको व्यक्तिको सङ्ख्या |
|---|---|---|---|---|---|
| इलाम | ७८८४ | ६७८५ | ५६.७ | २७५ | २८३५ |
| उदयपुर | ४७८७ | ४६७८ | ८३.६ | १६६ | १२०८ |
| ओखलढुंगा | ८७५८ | ८३५४ | ६५.४ | १९८ | १९५२ |
| खोटाङ | ६४०३ | ६२५७ | ८५.० | १७३ | १६६७ |
| झापा | ५५३५ | ५३५१ | ७७.४ | २९५ | १४४५ |
| ताप्लेजुङ | ६०५८ | ५९४३ | ९४.९ | २७७ | १२९५ |
| तेह्रथुम | २१७३ | २१४६ | १००.१ | ५३ | ५४१ |
| धनकुटा | ५१७६ | ५०८८ | १०३.१ | ११२ | ११०९ |
| पाँचथर | ९७१४ | ९६०४ | ८२.५ | ३०५ | २५८९ |
| भोजपुर | ९१५६ | ८५५३ | ८०.१ | २१३ | २३९४ |
| मोरङ | ७७४६ | ७५४८ | ५८.३ | ३१५ | १७८३ |
| संखुवासभा | ३९९१ | ३९०८ | ९६.६ | १५३ | ११६१ |
| सुनसरी | ८९४४ | ८५५३ | ९५.५ | १८८ | ९९० |
| सोलुखुम्बु | ३८४६ | ३८०४ | १०२.१ | ९६ | ९०५ |
| **कुल** | **९०१७१** | **८६५७२** | **७९.७** | **२८१९.०** | **२१८७४.०** |

स्रोत : श्रम तथा रोजगार मन्त्रालय

**अनुसूची ५**

**स्थायी घर नक्सा पासको विवरण**

| क्र.सं. | नगरपालिकाको नाम | जिल्ला | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| १ | माई नगरपालिका | इलाम | ० | ० | ० |
| २ | इलाम नगरपालिका | इलाम | २०३ | २८४ | ६४ |
| ३ | देऊमाई नगरपालिका | इलाम | ११ | २ | २ |
| ४ | सुर्योदय नगरपालिका | इलाम | ५ | ३ | ४ |
| ५ | त्रियुगा नगरपालिका | उदयपुर | २७४ | २७३ | २९५ |
| ६ | बेलका नगरपालिका | उदयपुर | २७ | १० | ३ |
| ७ | चौदण्डीगढी नगरपालिका | उदयपुर | १७ | २३ | ४६ |
| ८ | कटारी नगरपालिका | उदयपुर | २७४ | ७५ | ४५ |
| ९ | सिद्धिचरण नगरपालिका | ओखलढुङ्गा | २२ | ३० | ३५ |
| १० | हलेसी तुवाचुङ नगरपालिका | खोटाङ | ० | २ | २ |
| ११ | रुपाकोट मझुवागढी नगरपालिका | खोटाङ | २० | २८ | २९ |
| १२ | भद्रपुर नगरपालिका | झापा | १६२ | ४११ | ३५५ |
| १३ | मेचीनगर नगरपालिका | झापा | ३९८ | २६४ | ४५९ |
| १४ | दमक नगरपालिका | झापा | ४७४ | ५३६ | ७१७ |
| १५ | अर्जुनधारा नगरपालिका | झापा | १४८ | २५० | ३२० |
| १६ | कन्काई नगरपालिका | झापा | ४५ | ३१ | ४१ |
| १७ | गौरादह नगरपालिका | झापा | १७ | २८ | २० |
| १८ | विर्तामोड नगरपालिका | झापा | ९९ | १९९ | २१२ |
| १९ | शिवसताक्षी नगरपालिका | झापा | २५ | १८ | २३ |
| २० | फुङलिङ नगरपालिका | ताप्लेजुङ | २८ | ३४ | ६ |
| २१ | म्याङलुङ नगरपालिका | तेहथुम | ८ | ६ | ७ |
| २२ | लालीगुँरास नगरपालिका | तेहथुम | ० | ५ | १ |
| २३ | धनकुटा नगरपालिका | धनकुटा | २६ | ९४ | ५० |
| २४ | पाख्रीबास नगरपालिका | धनकुटा | १० | १० | ७ |
| २५ | महालक्ष्मी नगरपालिका | धनकुटा | २२ | १३ | ७ |
| २६ | फिदिम नगरपालिका | पाँचथर | ७ | ११ | १२ |
| २७ | षडानन्द नगरपालिका | भोजपुर | १० | ३ | १ |
| २८ | भोजपुर नगरपालिका | भोजपुर | १६ | ३१ | १७ |
| २९ | विराटनगर महानगरपालिका | मोरङ | ९७४ | ९१० | ९९२ |
| ३० | बेलबारी नगरपालिका | मोरङ | २०१ | २९७ | १११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | रंगेली नगरपालिका | मोरङ | ६१ | ६१ | ६५ |
| ३२ | उर्लाबारी नगरपालिका | मोरङ | २३४ | १६६ | १५६ |
| ३३ | पथरी शनिश्चरे नगरपालिका | मोरङ | ४५ | ११३ | ६१ |
| ३४ | रतुवामाई नगरपालिका | मोरङ | ४० | ३७ | २५ |
| ३५ | सुनवर्षी नगरपालिका | मोरङ | ५ | २ | ८ |
| ३६ | सुन्दर हरैचा नगरपालिका | मोरङ | २०७ | २७४ | ३५५ |
| ३७ | लेटाङ नगरपालिका | मोरङ | ७ | ५ | २२ |
| ३८ | चैनपुर नगरपालिका | संखुवासभा | २ | ५ | ८ |
| ३९ | पाँचखपन नगरपालिका | संखुवासभा | ० | ० | ० |
| ४० | मादी नगरपालिका | संखुवासभा | ० | ० | ० |
| ४१ | खाँदबारी नगरपालिका | संखुवासभा | ७४ | ६१ | ६६ |
| ४२ | धर्मदेवी नगरपालिका | संखुवासभा | ० | १ | ० |
| ४३ | इटहरी उपमहानगरपालिका | सुनसरी | ११५० | १०१९ | १२४४ |
| ४४ | धरान उपमहानगरपालिका | सुनसरी | ५३५ | ५७१ | ५६४ |
| ४५ | इनरुवा नगरपालिका | सुनसरी | १०१ | १३५ | १४३ |
| ४६ | दुहवी नगरपालिका | सुनसरी | १६४ | १८० | ८९ |
| ४७ | बराहक्षेत्र नगरपालिका | सुनसरी | ३५ | ४४ | ७२ |
| ४८ | रामधुनी नगरपालिका | सुनसरी | १९६ | १४३ | ७८ |
| ४९ | सोलुदूधकुण्ड नगरपालिका | सोलुखुम्बु | १६१ | ६० | २३ |
| | **कुल** | | **६५४०** | **६७५८** | **६८६२** |

स्रोत : सम्बन्धित स्थानीय तह

# अनुसूची ६

## प्रदेश नं. १ मा बक्यौता रहेको पुनरकर्जा, सहुलियतपूर्ण, विपन्न बर्ग कर्जा र कृषि कर्जाको अवस्था

रु. करोडमा

| जिल्ला | पुनरकर्जा | | सहुलियतपूर्ण कर्जा | | विपन्न बर्ग कर्जा | | कृषि कर्जा | |
|---|---|---|---|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७८ | २०७९ | २०७८ | २०७९ | २०७८ | २०७९ |
| ताप्लेजुङ्ग | ८३.८ | ११९.२ | ३२२.७ | ४४९.२ | ३३९.३ | ३९९.२ | ४०९.७ | ५४४.० |
| संखुवासभा | २११.१ | १८१.७ | ५४४.८ | ७११.० | ८६७.७ | ९८२.० | ७७५.७ | ८४४.० |
| सोलुखुम्बु | ११९.८ | २८१.२ | १८४.४ | २३७.७ | २८८.४ | ३८४.४ | २६६.२ | ३५२.२ |
| ओखलढुङ्गा | ४३.१ | १०७.५ | २८०.६ | ४३६.९ | ६८७.६ | ७५६.० | ७३७.२ | ८२०.६ |
| खोटाङ | १५६.२ | १०६.४ | २१५.१ | ३०१.६ | ४३७.५ | ५८६.७ | ४८७.६ | ५३९.४ |
| भोजपुर | १०६.६ | ११५.२ | २१४.९ | २९७.८ | ६१०.६ | ५८८.५ | ६९७.२ | ६६६.७ |
| धनकुटा | २४३.५ | १६८.० | ३५०.७ | ६७४.२ | ९२१.१ | १०६९.३ | १०७१.९ | ११७८.८ |
| तेह्रथुम | ७९.२ | १३५.४ | ३६३.९ | ५४७.७ | ६७६.६ | ६८१.७ | ७६६.८ | ६९८.९ |
| पाँचथर | १४८.८ | २८१.१ | ४४६.५ | ६४७.९ | ५९२.५ | ७३३.४ | ९११.३ | ९३१.५ |
| ईलाम | ४७२.९ | २३७.८ | १२२३.२ | १४७६.९ | १४८६.२ | १५२०.५ | २६३२.३ | २७२१.० |
| झापा | २५७६.५ | ३८५२.७ | ९२२४.८ | ११३५२.२ | ६७१५.४ | ७६५४.६ | १२२३४.१ | १४७५३.१ |
| मोरङ्ग | ३७३६.९ | ३८२६.६ | ७०९०.२ | १०२१८.८ | १७३७८.५ | २१०८०.२ | १४५०७.२ | १६९६७.५ |
| सुनसरी | २१८९.७ | ३०४४.४ | ५४८८.५ | ७५६७.० | ८५९८.४ | ९२०३.४ | ९६६३.० | ११९३५.२ |
| उदयपुर | २०७.० | ५७२.७ | ७५२.५ | ११०१.० | १२३१.५ | १४७१.२ | ११३१.७ | १५६९.५ |
| **जम्मा** | **१०३७५.२** | **१३०३०.१** | **२६७०२.८** | **३६०१९.९** | **४०८३१.२** | **४७१११.२** | **४६२९२.०** | **५४५२२.५** |